दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सहकारी अभियानको उत्कृष्ट संघ"

बागमती प्रोस्कून

वार्षिक प्रकाशन

# सहकारी संगालो

वर्ष ४ | अंक ७ | साउन अंक, २०८३




केन्द्रीय कार्यालय: बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६५३६८
सदस्य सेवा कार्यालय: मिनभवन, काठमाडौं-३१, फोन नं. ०१-५९११४६५
Email: bagmatiproscun@gmail.com

www.bagmatiproscun.org.np



# अध्यक्षको शुभकामना

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को सातौं स्थापना दिवसको सुखद अवसरमा सम्पूर्ण सदस्य सहकारी संघसंस्थाहरू, पूर्व सञ्चालक तथा पदाधिकारीहरू, वर्तमान सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवम् सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरू, प्रदेश सहकारी संघ, विषयगत केन्द्रिय संघ (नेफस्कून), राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ, विभिन्न स्थानीय सरकारहरू, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, संघिय सरकार तथा सम्पूर्ण सुभेच्छुकहरू प्रति हार्दिक शुभकामना तथा कृतज्ञता व्यक्त गर्दछु ।

सातवर्ष अघि हामी केही सहकारी अभियान्ताहरूको अथक प्रयास, दृढ संकल्प र साझा प्रतिवद्धताबाट स्थापित बागमती प्रोस्कून आज आफ्नो सातौं स्थापना दिवस मनाइरहेको छ । यो यात्रा केवल एउटा संघको स्थापना र विस्तारको कथा होइन, सहकारिताको साझा भावना र पारस्परिक विश्वास, एकता र निरन्तर समर्पणको यात्रा हो । यस यात्रामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबैप्रति संघ सदैव ऋणी रहनेछ ।

स्थापनाकाल देखि नै संघले सदस्य संस्थाको क्षमता विकास, सुशासन प्रर्वद्धन, नेतृत्व विकास, नीति संवाद, तालिम, परामर्श तथा संस्थागत सुदृढीकरणका विविध कार्यक्रमको अलवा अन्तरलगानी सेवा मार्फत सदस्य संस्थाहरूको वित्तीय पहुँच अभिवृद्धिमा विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस अवधीमा हामीले धेरै उपलब्धीहरू हाँसिल गरेका छौं भने अनेकौ चुनौतीहरूको पनि सामना गरेका छौं । विशेष गरी सहकारी क्षेत्रप्रति बढ्दो चुनौती, नीतिगत परिवर्तन, वित्तीय कारोबार सम्बन्धी कानूनी व्यवस्थामा आएको परिवर्तन तथा बदलिँदो परिवेशले संघहरूको परम्परागत भूमिकालाई पुनःविचार गर्नु पर्ने अवस्था सिर्जना गरेको छ ।

तर इतिहाँसले देखाएको छ-चुनौतीले दृढ संकल्प भएका संस्थालाई कमजोर बनाउदैन, अझ परिपक्व र सिर्जनशील बनाउँछ । आज हामी यस्तै एउटा परिवर्तनको मोडमा उभिएका छौं । अब संघको भविष्य केवल वित्तीय कारोबारमा सीमित नरही ज्ञान, क्षमता विकास, नवप्रवर्तन, अनुसन्धान, डिजिटल रूपान्तरण तथा साझा विशेषज्ञ सेवा मार्फत सदस्य संस्थाहरूलाई अझ सक्षम, प्रतिष्पर्धी र दिगो बनाउने दिशामा अघि बढ्ने हाम्रो दृढ संकल्प रहेको छ ।

पुनः यस अवसरमा संघप्रति निरन्तर विश्वास राख्नुहुने सम्पूर्ण सदस्य संस्थाहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु । साथै आगामी दिनहरूमा पनि सहकारी आन्दोलनको सुदृढीकरण, सदस्य संस्थाको संस्थागत विकास तथा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको प्रर्वद्धनमा सबै पक्षबाट यस्तै सक्रिय सहयोग, सद्भाव र सहकार्य प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

सातौं स्थापना दिवसले हामी सबैलाई विगतका उपलब्धीहरूबाट प्रेरणा लिँदै, चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै, सहकारिताको उज्ज्वल भविष्य निर्माणका लागि अझ एकताबद्ध भएर अघि बढ्ने उर्जा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

बागमती प्रोस्कूनको सेवामा
सदस्यहरूको पहुँच विस्तार र
आवश्यकता पहिचान सर्वेक्षण

Please SCAN me

# सहकारी संगालो

बागमती प्रोस्कून
वर्ष ४ अंक ७ साउन अंक, २०८३

प्रकाशक

**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.**

(बागमती प्रोस्कून)

# सहकारी संगालो

**प्रकाशक**

बागमती प्रदेश बचत तथा ऋण
सहकारी संघ लि.
(बागमती प्रोस्कून)

**संरक्षण**

उद्धव सापकोटा
अध्यक्ष, बागमती प्रोस्कून

**सूचना तथा सञ्चार उपसमिति**

संयोजक - नवराज शर्मा
माधव प्रसाद दाहाल
ज्ञानराम श्रेष्ठ
रामबहादुर कटुवाल
मिना चौरेल

**सम्पादन**

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत
बागमती प्रोस्कून

**व्यवस्थापन**

विमला पुडासैनी
विभागीय प्रमुख
ज्ञान, अनुसन्धान, नीति तथा नवप्रवर्तन

**लेआउट डिजाईन/मुद्रण**

प्रिन्ट वाटिका
महाराजगंज, काठमाडौं
०१-४३७६२६१

**सर्वाधिकार**

**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.**
**(बागमती प्रोस्कून)**

केन्द्रीय कार्यालय : बनेपा ७, काभ्रेपलाञ्चोक, नेपाल
फोन नं. : ०११-६६५३६८
सेवा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ०१-५९११४६५
ईमेल : bagmatiproscun@gmail.com
वेभसाईट : www.bagmatiproscun.org.np

*साकोस संगालोका सम्पूर्ण प्रकाशित सामाग्रीहरू लेखकका नीजि विचारहरू हुन् । यस सम्बन्धमा बागमती प्रोस्कूनको कुनै जवाफदेहिता रहने छैन ।*

-सम्पादक

## यस भित्र

सम्पादकीय : वित्तीय संघबाट ज्ञान तथा सेवामुखी संघमा रूपान्तरण १
सरकार-सहकारी अभियान साझेदारीमार्फत संस्थागत सुधार २
*-प्रदिपराज पौडेल, प्रदेश सहकारी रजिष्ट्रार, बागमती प्रदेश*
पाँचौं वार्षिक साधारण सभा सम्पन्न ५
सहकारी अभियान र मेरो अनुभव ६
*-बद्री प्रसाद लम्साल, सञ्चालक, राष्ट्रिय सहकारी महासंघ*
दुई वर्षको उपलब्धिको समीक्षा गर्दै कोशिस पहिलो समूहको *11th WE CAN Workshop* सम्पन्न ८
सुशासन र अभिलेखीकरणमा केन्द्रित कोशिस तेस्रो समूहको *4th WE CAN Workshop* सम्पन्न ९
कोशिस छैटौं समूहको प्रथम *WE CAN* कार्यशाला सम्पन्न ९
समय सन्तुलन र जीवन व्यवस्थापन १०
*-नवराज शर्मा, सञ्चालक, बागमती प्रोस्कून*
वित्तीय सचेतना वृद्धिका लागि वित्तीय साक्षरता तालिम १२
आठ जिल्लाका सहकारीकर्मीलाई वित्तीय साक्षरताको व्यवहारिक प्रशिक्षण १३
रोजगारी सिर्जनामा सहकारी : अवसर, चुनौती र सम्भावना १४
*-के.बी. लामा स्याङ्तान, प्रमुख कार्यकारी अधिकृत, बिन्ध्यवासिनी साकोस, काभ्रे*
चौथो समूहको चौथो *WE CAN* कार्यशाला सम्पन्न १७
एन.सि.आर.ए. अभिलेखीकरणका लागि बागमती प्रोस्कूनको पहल कोशिस १७
कोशिस पाँचौं समूहको *1st WE CAN Workshop* सम्पन्न १८
कोशिस *Manual Discussion* कार्यक्रम सम्पन्न १८
कोशिस दोस्रो समूहको नवौं *WE CAN* कार्यशाला सम्पन्न १९
मेरो सोच कहिले पनि म मैले पाएको पदमा बसिरहनु... २०
*-राधा सिंतान, पूर्व महिला उपाध्यक्ष, बागमती प्रोस्कून*
नव निर्वाचित सञ्चालकहरूको सक्षमता विकासमा प्रोस्कून २१
सहकारीमा डिजीटलाइजेशन : अपरिहार्यता, अवसर र चुनौती २२
*-ठुलोकान्छा भोम्जन, पूर्व व्यवस्थापक, फेन्सी साकोस, भरतपुर ०३, चितवन*
*SACCOS Managers' Capacity Enhancement Training* सम्पन्न २६
व्यक्तिवाट प्रणालीमा : कोशिसले सम्भव बनाएको संस्थागत रूपान्तरण २७
*-स्मिता फूँयाल, व्यवस्थापक, सामुहिक परिवर्तनशील महिला साकोस*
कोशिस सातौ समूहको *Initial WE CAN* सम्पन्न २८
कोशिस पहिलो समूहको १२ औं *WE CAN* कार्यशाला सम्पन्न २९
*GLOBAL MONEY WEEK* २०२६ को अवसरमा विशेष कार्यक्रम सम्पन्न २९
नियामकीय व्यवस्था र सदस्य सक्रियताको अन्तरसम्बन्धबारे सहकारी सुधार संवाद सम्पन्न ३०
कोशिस छैटौं समूहको दोस्रो *WE CAN* कार्यशाला सम्पन्न ३०
कोशिस पाँचौं समूहको दोस्रो *WE CAN* कार्यशाला सम्पन्न ३१
बागमती प्रोस्कूनको प्रगति समिक्षा बैठक सम्पन्न ३१
कोशिस *(COSIS)* कार्यक्रममा डायनामिक साकोसः एक विश्लेषण ३२
*पुष्प प्रसाद श्रेष्ठ, अध्यक्ष डायनामिक साकोस, पुल्चोक, ललितपुर*
उपसमितिहरूको पूर्नगठन, अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रम सम्पन्न ३४
कोशिस आठौं समूहको पहिलो *WE CAN* कार्यशाला सम्पन्न ३४
कोशिस नवौं समूहको पहिलो *WE CAN* कार्यशाला सम्पन्न ३४
कोशिस दोस्रो समूहको १० औं *WE CAN* कार्यशालामा ३५
संघ समूहको तेस्रो *WE CAN* कार्यशाला ३५
सञ्जाल व्यवस्थापन सम्बन्धी अन्तरसंवाद कार्यक्रम सम्पन्न ३६
कमलामाई नगरपालिकामा 'कोशिस अभिमुखीकरण कार्यक्रम सम्पन्न ३६
सहकारीमा युवा र महिलाको संलग्नता, चुनौतिसँगै अवसर ३७
*-सुजन लामिछाने, व्यवस्थापक, आमा बचत तथा ऋण सहकारी संस्था लि.*
कोशिस पाँचौ समूहको तेस्रो *WE CAN* कार्यशाला सम्पन्न ३८
गतिविधिहरू ३९-४३
संस्था परिचय ४४-४७
कथा ४८
सफलताको कथा ५०

## सम्पादकीय

# वित्तीय संघबाट ज्ञान तथा सेवामुखी संघमा रुपान्तरण

यदि भोलिबाट बचत तथा ऋणको कारोबार गर्न नसक्ने भयो भने संघको अस्तित्व के मा टिक्छ ? आज नेपालको सहकारी अभियानको संघहरू यी प्रश्नको उत्तर दिने मोडमा उभिएका छन् । यस प्रश्नको जवाफमा संघसंग भएको पूँजीमा होइन, भवनमा होइन, व्यवसायमा होइन, सदस्यको विश्वासमा टिक्छ भन्ने जवाफ आउनु पर्दछ, तर स्थिति विल्कुल फरक छ किनकी अभियान भित्र एक अर्कामा अनेकखालका शंका उपशंका गर्ने, टिप्पणी गर्ने, आलोचना गर्नेको व्यवहारले प्रभुत्व जमाउदै जानाले आत्मसमिक्षा गर्ने, नवप्रवर्तनमुखी विचारहरू साझा गर्ने, अभियानको साझा गन्तव्य निर्माण गर्ने, समाधानमुखी सहकार्यको वातावरण निर्माण गर्ने, एकअर्कामा विश्वास र भाइचराको वृद्धि गर्ने स्वभाविक गतिविधीहरू ठप्प प्राय रहेका छन् । यतिबेला विचार अभिव्यक्त गर्ने कुरामा होडबाजी चलेको छ भन्दा फरक नपर्ला । विचार राख्नु मानवीय स्वभाव हो राख्नु पर्छ तर मेरो विचार नै सर्वोत्तम विचार हो भन्ने भावले प्रस्तुत हुनु कहिले काँही हानी हुन सक्छ । त्यसैले यतिबेला विचार प्रस्तुत गर्नु भन्दा समाधानमुखी विचार बनाउनु महत्वपूर्ण हुन्छ ।

कुनै पनि व्यक्ति वा संस्थाको क्षमताको परीक्षण संकटको बेलामा हुन्छ । नेपालको बचत तथा ऋण सहकारी अभियानमा संघहरू अहिले त्यही परीक्षणको घडीमा छन् । कानूनी परिवर्तनले वर्षौदेखि अपनाइएको वित्तीय कारोबारमा आधारित मोडललाई परिवर्तन गर्न बाध्य बनाएको छ तर परिवर्तन सधैं समाप्तिको संकेत हुदैनः धेरै जस्तो परिवर्तन स्वयम् नयाँ सम्भावनाको ढोका हुन्छन । आज सहकारीका संघहरू पुनः आफुलाई रूपान्तरण गर्दै नवप्रवर्तन युक्त सेवा प्रवाहमा केन्द्रित हुने सुन्दर अवसर प्राप्त भएको छ । त्यसैले संघहरूको व्यवसायिकताबाट नविन सेवामा प्रवेश गर्ने यो एउटा टर्निङ्ग प्वाइन्ट हो ।

हिजो संघहरूले पूँजीको परिचालन मार्फत देखेको सम्वृद्धि अब ज्ञानबाट सम्भव हुन सक्दछ । ऋण प्रवाह मार्फत वित्तीय सहयोगबाट सदस्यलाई सुरक्षित महशुस गराउनु भन्दा बाह्य ऋण नै नलिई सदस्यको पूँजीबाट स्वायत्त ढंगबाट संस्था सञ्चालन गर्ने ज्ञान, सीप र प्रविधीको हस्तान्तरण गर्नु संघप्रतिको विश्वासमा वृद्धि गर्नु हो भने संस्थाहरूलाई पनि सञ्चालनको वातावरण निर्माणमा भरपर्दो छाता प्रदान गर्नु हो । खासमा संघको स्थापना नै यही कामको लागि हुने हो भन्ने कुरा हामीले व्यवसायिक सोचका कारण भुलेका मात्र हौं । हामीले एकपटक फर्केर गहिरो गरी हाम्रो मूल कर्मका बारेमा सोच्ने हो भने आज सञ्चालन क्षमता गुमाएका हाम्रा कुनै एउटा सदस्य संस्थालाई प्रत्यक्ष सहयोग गरी पुर्नजीवन प्रदान गर्न सकेका छैनौं किनकी हामीलाई हाम्रो व्यवसायले नै सदस्य तर्फ हेर्ने समय प्रदान गरेको छैन ।

सहकारी अभियानको समस्याको समाधान अभियान्ताले दिने हो अरू क्षेत्रको विज्ञताले सहकारीलाई दिशानिर्देश गर्न सक्दैन, तर हामी आफुसंग भएको भन्दा बाहिरको पात्रलाई विशेषज्ञ देख्छौं, आफुभित्रको विश्वास पहिलो भन्ने कुरा भुल्दछौं, केही न केही स्वार्थ राखेर मात्र काम गर्दछौं र अन्तत प्राप्तीमा हात खाली भएपछि अर्कोलाई दोषारोपण गरेर आफ्नो भूमिकाको रक्षा गर्दछौं यही नै हाम्रो सबै भन्दा ठूला र गम्भीर गल्ती हो । सामर्थ्यवानलाई कदर गर्ने, प्रोत्साहन गर्ने र नसक्नेलाई पूर्ण आत्मविश्वास भरी सक्षम बनाउनका लागि उत्प्रेरणा भर्दै जानु पर्ने बचत तथा ऋण सहकारीको संस्थापक *Friedrich Wilhelm Raiffeisen* ले प्रतिपादन गरेको ३ आत्मसिद्धान्तहरू आत्मसहयोग *(Self-help)*, आत्मउत्तरदायित्व *(Self-responsibility)* र आत्मप्रशासन *(Self-governance)* को कार्यान्वयन हुन जान्छ ।

अन्तराष्ट्रिय सहकारी महासंघ *(International Cooperative Alliance – ICA)* ले प्रतिपादन गरेको सहकारीको छैटौं सिद्धान्तले "सहकारीहरूले स्थानिय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय संरचना मार्फत एक अर्कासंग सहकार्य गरी आफ्ना सदस्यहरूलाई अझ प्रभावकारी सेवा प्रदान गर्छन र समग्र सहकारी आन्दोलनलाई सुदृढ बनाउँछन ।" भन्ने सिद्धान्तलाई भुलेर सामूहिक हित भन्दा व्यक्तिगत हितलाई केन्द्रमा राखेर दौडने प्रवृत्ति छोड्दै आम सहकारी संस्थाहरूको दिगो विकास र प्रभावकारी सेवा दिने क्षमता विकासमा सम्पूर्ण ध्यान केन्द्रित गर्दै नवप्रवर्तन मार्फत सेवामुखी संघको रूपमा रूपान्तरण गर्ने मार्गमा हिड्न सबै सहकारी अभियान्ताहरूको भूमिका रहोस । यही नै संघहरूको आगामी कार्यदिशा हुनेछ ।

अन्तर्वार्ता

# सरकार–सहकारी
## अभियान साझेदारीमार्फत संस्थागत सुधार

बागमती प्रोस्कूनलगायत सहकारी संघहरूसँग सहकार्य गर्दै स्तरीकरण (कोशिस) कार्यक्रम, क्षमता विकास, संयुक्त अनुगमन, साझा सुधार संकल्प तथा सुशासन प्रवर्द्धनका कार्यक्रमलाई विस्तार गरिनेछ। सरकारको उद्देश्य दण्ड मात्र होइन, संस्थागत सुधार र सदस्यको हित संरक्षण पनि हो।

**प्रदिपराज पौडेल**
**प्रदेश सहकारी रजिष्ट्रार**
**बागमती प्रदेश, हेटौडा, (हाल सानेपा ललितपुर)**




नेपालको सहकारी क्षेत्रमा देखिएको चुनौतीपुर्ण परिस्थितिका बीच बागमती प्रदेश सरकारले सहकारी सुधार, सुशासन, डिजिटल नियमन, बचतकर्ता संरक्षण र जनविश्वास पुनःस्थापनाका लागि अघि सारेका नीति, कार्यक्रम र आगामी योजनाबारे केन्द्रित रही प्रदेश रजिष्टार श्री प्रदिपराज पौडेलसँग बागमती प्रोस्कूनका ज्ञान, अनुसन्धान, नीति तथा नवप्रवर्तन विभाग प्रमुख विमला पुडासैनीले गर्नुभएको विशेष अन्तर्वार्ता।

**✍सहकारी क्षेत्रलाई परिचय गराउन पर्दा कसरी गराउनहुन्छ ? यहाँको भोगाइमा सहकारीलाई कसरी नियाल्नुभएको छ ?**

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण आधार स्तम्भको रुपमा स्वीकार गरेको छ र नियामक अधिकार समेत तीन तहमा नै वर्गीकरण गरेको छ । सहकारी केवल वित्तीय संस्था बचत र ऋणको कारोबार मात्र गर्ने संस्था होइन, सदस्यहरुलाई एकत्रीत गरी स-सानो पूँजी मार्फत समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थान गर्ने अझै भनौ नेपाल जस्तो सानो अर्थव्यवस्था भएको देशमा सहकारी अर्थतन्त्रको मेरुदण्ड र समाज जोड्ने अभियान समेत हो ।

बागमती प्रदेशमा मात्र १० हजार सहकारी रहेको हुँदा हजारौ नागरिकको बचत, रोजगारी, कृषि उत्पादन, उद्यमशीलता र सामाजिक विकासमा सहकारीको महत्वपूर्ण योगदान रहेको छ । केही नाफा आर्जन गर्न मात्र खोज्ने वा सिद्धान्त विपरीत कार्य गर्ने सहकारीको मर्म नबुझ्ने संस्थाको कमजोरीका कारण सम्पूर्ण सहकारी अभियानलाई नकारात्मक रुपमा हेर्नु उचित हुँदैन । अधिकांश सहकारी अझै पनि सदस्य केन्द्रित सेवा प्रवाहमा सक्रिय रहेका छन् भने उत्पादन मुलक सहकारी संस्थाहरुमा कुनै समस्या देखिएको छैन, समग्रमा सबै खराब भन्ने जुन भाष्य छ त्यो परिवर्तन गर्नु पर्नेछ । सहकारी क्षेत्रमा थुप्रै अग्रज, अभियानकर्मी तथा अभियन्ताहरुको योगदान विशेष गरी गाँउ गाँउ सहकारी पुऱ्याउन साथै रोजगारी सिर्जना गर्नमा समेत सहकारीको भूमिकामा रहेको छ ।

**✍बागमती प्रदेशको सहकारी क्षेत्रको वर्तमान अवस्था यहाँले कसरी मुल्यांकन गरिरहनु भएको छ ?**

विगतमा भएका गरेका गल्ती कमजोरीका कारण र दर्ता प्रकृयामा देखिएका नियामकीय कमजोरीका कारण केही समस्या वर्तमान अवस्थामा देखिएको हो । बागमती प्रदेश भित्रका सहकारी संस्थाहरुमा चुनौती र सम्भावना दुवै रहेको छ । केही सहकारीमा वित्तीय अनुशासन कमजोर हुँदा बचत रकम फिर्ता गर्न कठिनाई, ऋण असुलीमा समस्या देखिए पनि अधिकांश संस्था नियमित रुपमा सञ्चालनमा रहेका छन ।

प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको स्थापना काठमाण्डौ उपत्यकामा भएपछि सहकारी अद्यावधिक, डिजिटल अभिलेखीकरण, अनुगमन तथा नियमनलाई प्राथमिकतामा राखिएको छ साथै कानून कार्यान्वयन तर्फ गम्भीर रुपले लागेका छौ । गत वर्ष करिब १२०० संस्थाले मात्र वार्षिक विवरण पेश गरेका थिए भने यस आर्थिक वर्षमा १३१९ सहकारी तथा ३६ वटा संघ समयमै अद्यावधिक भएका छन । यो संख्यात्मक बृद्धि सकारात्मक संकेत हो यद्यपि पेश भएका विवरण प्रमाणीकरण गर्न र संस्थाको वर्तमान अवस्था भने प्रदेश सरकार र कार्यालयले थप जनशक्ति सहित व्यवस्थित गर्दै सहकारी अभियानसँग जोडिएर अगाडि बढ्नुपर्दछ ।

**✍सहकारी क्षेत्रमा जनविश्वास घटाउने कामको शुरुवात बागमती प्रदेशवाट नै भयो ? अब जनविश्वास बढाउने र पुनः स्थापना गर्ने जिम्मेवारी पनि बागमती प्रदेशले नै लिनुपर्दछ कि...यसका लागि सरकारको तर्फवाट के कस्ता पहल भएका छन ?**

सहकारीमा समस्या एकै चोटी आउने हैन, व्यवस्थापकीय कार्यकुशलता, संस्थाको सुशासन, शेयर सदस्य, बचतकर्ता, ऋणी सदस्य साथै सञ्चालक पदाधिकारी र संस्थागत रणनीति जस्ता विषयले सहकारीमा ठुलो महत्व राखेको हुन्छ । सहकारी संस्था र अभियानमा समस्या एकै कारणले यही कारणले भन्ने आएको होइन, हरेक सहकारी संस्था समस्यामा पर्नु पनि आ-आफ्नै कारण छन । मुख्यतया नियामकीय कमजोरी साथै संस्थागत सहकारी सुशासनको अभाव नै मुख्य कारण हुन । कमजोर संस्थागत सुशासन, सञ्चालकमा उत्तरदायित्वको कमी, जोखिम व्यवस्थापनको अभाव, गैर-उत्पादनशील क्षेत्रमा लगानी, ऋण असुली कमजोर हुनु, कानुन पालना नगर्नु तथा प्रभावकारी नियमनको अभाव रहेका छन् । प्रदेश सरकारले लामो समय देखी स्थापना हुन नसकेको प्रदेश नियमन कार्यालय स्थापना गरी नियमित अनुगमन, अभिलेख व्यवस्थापन, COPOMIS अपडेट, डिजिटल सहकारी प्रोफाइल निर्माण, उजुरी व्यवस्थापन प्रणाली सञ्चालन तथा निष्क्रिय संस्थाको पहिचान गर्ने तथा खारेजी कार्यलाई तिब्रता दिएको छ । बागमती प्रदेश भित्रका संस्थामा नै धेरै समस्या देखिएको हुँदा प्रदेश सरकारले मुख्य बिषय सहकारी समस्या समाधान गर्ने तर्फ र बचत रकम फिर्ता गर्ने तर्फ ध्यान दिएको छ यसैको सुरुवात समस्याग्रस्त सहकारीको साना बचतकर्ताको बचत रकम फिर्ता गर्ने कार्यको शुभारम्भ समेत गरीसकेको अवस्था छ ।

**✍सहकारी क्षेत्रमा बेतिथी बढ्नुको कारण नियामक निकाय मुखदर्शन हुनु हो भन्ने पनि आरोप लागेको छ ? यो आरोपलाई कसरी लिनुहुन्छ ?**

विगतमा काठमाडौं उपत्यकामा प्रदेशस्तरको नियामक कार्यालय नै थिएन, कार्यालय नहुँदा मन्त्रालयको महाशाखाले नै हेटौडाबाट सहकारीको सबै हेर्न भौगोलिक रुपले समेत कठिनाई रहेको सत्य नै हो र धेरै संख्यामा सहकारी काठमाडौं उपत्यका केन्द्रित रहनुले झन नियामकको दृष्टिले कमजोर भएको देखिएको हो । प्रदेश नियमनका सहकारीलाई सामान्य कामको लागि समेत हेटौडा जानुपर्ने अवस्था थियो । यसले नियमनमा कठिनाइ आएको सत्य हो ।

तर अहिले काठमाडौं उपत्यका सानेपा ललितपुरमा १३ जिल्ला हेर्ने गरी प्रदेश सहकारी रजिस्ट्रार कार्यालय स्थापना भएपछि छोटो समयमै उल्लेखनीय सुधार देखिएको छ । १३ जिल्लाका तत्कालीन अवस्थामा हस्तान्तरण भएका सहकारी सम्बद्ध कागजात Gen Z आन्दोलनका क्रममा नष्ट भएपछि पुन:सूचना जारी गरेर १३१९ संस्थाको विवरण पुन: संकलन गरिएको साथै १३१९ सहकारीको डिजिटल प्रोफाइल समेत तयार गरिएको छ । यो आफैंमा ठूलो उपलब्धि हो ।

अब नियामक निकाय र रजिस्ट्रार कार्यालयलाई विज्ञ सहितको सेवा समेत राखी नियमित अनुगमन, नियमन गर्ने साथै कार्य प्रणालीलाई पूर्ण रुपमा digitalize गर्ने गरी कार्यालय अगाडि बढेको छ ।

**✍सुशासन कायम गर्न नियमन र सुपरिवेक्षण अति जरुरी छ, नियमन र सुपरिवेक्षण गरी सहकारीमा सुशासन कायम गर्नका लागि प्रदेश सरकारले के योजना लिएको छ संस्थाको सुपरिवेक्षण संघहरु मार्फत हुनसक्ने भन्ने व्यवस्था ऐनमा नै छ, सरकारले संघहरुलाई परिचालन गरी सुशासन कायम गर्न गराउन समन्वय गर्न किन नसकेको ?**

सुशासन हाम्रो पहिलो प्राथमिकता हो र हामीले सुरुवात नीतिगत रुपमा, संस्थागत रुपमा र प्रदेश सहकारी सुधारको कार्ययोजना नै बनाएर अगाडि बढेका छौ जसमा प्रदेश सहकारी ऐन,२०७६ परिमार्जन गर्ने गरी संसोधनको तयारी पुरा भएर अब आउदो हिउदे अधिवेशनबाट पारित हुने गरी अगाडि बढेको छ ।

**हालसम्म:**

गत आ.व मा १२०० सहकारी मात्र अध्यावधिक रहेकोमा यस बर्ष १३०० भन्दा बढी सहकारीको डिजिटल प्रोफाइल तथा विवरण सहितको अभिलेख तयार गरिएको छ । कोपोमिस प्रणाली अनिवार्य गर्दै सबै प्रदेश नियमनका सहकारीहरुको मासिक र समस्टिगत बिवरण प्रणाली मार्फत नै लिने गरी अगाडि बढेको छ भने २४०० सहकारी कोपोमिसमा आवद्ध समेत भईसकेको अवस्था छ । बचत रकम फिर्ता तथा मागदावी सम्बन्धी अनलाइन उजुरी प्रणाली हालै सञ्चालनमा ल्याईएको छ जसले गर्दा बचतकर्ताले बचत रकम उजुरी निवेदन दर्ता गर्न सक्ने र सहकारी सस्थाले समेत आफ्नो उजुरी प्रणालीबाट नै हेरि के कसो भएको हेर्न मिल्ने, उजुरी सुनुवाई गर्न मिल्ने व्यवस्था गरेका छौं ।

कार्यालय स्थापना भएको छोटो समयमा नै काठमाडौं, काभ्रेपलाञ्चोक, दोलखा, चितवन, धादिङ लगायतका जिल्लाका ४० संस्थाको प्रारम्भिक निरीक्षण तथा छड्के अनुगमन सम्पन्न गरिएको छ र १९ सहकारीलाई सुझाव समेत प्रदान गरिसकिएको छ । १९ संस्थालाई सुधारका लागि लिखित निर्देशन दिइएको छ । बिना स्विकृती संचालित ३ सेवा केन्द्र बन्द गरिएका छन् । एक संस्था खारेजी प्रक्रिया सम्पन्न गरिएको छ । हाम्रो उद्देश्य दण्ड मात्र होइन, सुधार पनि हो । साथै ऋण असुली नभएको भनी धेरै संस्थाले आग्रह गर्नु भएकोमा अवको आ.व मा ऋण असुली प्रक्रियामा समेत कार्यालयले सहजीकरण गर्ने र संस्थाहरुको नियमित अनुगमनलाई समेत निरन्तरता दिने गरी कार्यक्रम गरेमा छौ । यसै साथ विभिन्न छाता संघसँगको साझेदारी अन्तर्गत गर्ने थुप्रै काम समेत यस बर्ष सबै जिल्लामा कार्यक्रम सम्पन्न भएका छन् । आगामी बर्षमा समेत नियामक सेवा गाउँ/नगरमा: सेवा विस्तारीकरण र सहजीकरण कार्य यस बर्षमा सुरुवात गर्न लागिएको, सहकारीको सेवा सुधार गर्न इन्टरनेट सहितको सेवा, जिल्ला जिल्लामा सहकारी प्रशासनिक कार्य अभियान, संयूक्त अनुगमन, साझा सुधार संकल्प तयार गर्ने लगायतका कार्यक्रम तय गरिएको छ ।

**✍प्रदेश सरकारले स्वीकृत प्रदान गरी बागमती प्रोस्कूनले सहकारी संस्थाको सुशासन कायम गराउने, क्षमता विकास गराउने, सुरक्षित र सुदृढ संस्था बनाउने गरी स्तरीकरण कार्यक्रम ल्याएको र कार्यन्यन भइरहेको समेत छ जुन कार्यक्रमको म्याअनुअल प्रदेश सरकारवाट स्वीकृत प्राप्त समेत छ । कोशिस कार्यक्रम मार्फत सहकारी संस्थाहरुको विकास र सुरक्षा प्रदान गर्न सरकारको निर्देशन हुँदा के फरक पर्ला र ?**

प्रदेश सरकारले बागमती प्रोस्कुनमार्फत सुशासन, क्षमता विकास, स्तरीकरण तथा संस्थागत सुधारका कार्यहरू गरिरहेको र साझेदारीमा समेत कार्यक्रम संचालन गरिरहेको छ । बागमती प्रदेश बचत संघले समग्रमा प्रदेश रजिस्ट्रार कार्यालयको नियमन तथा सुपरिवेक्षण सम्बन्धि कार्यमा समेत प्रभावकारी रुपमा साथ् दिएको मैले पाएको छु । संघहरु मध्ये एक दमै क्रियाशील रहेको पनि पाएको छु ।

सहकारीको दीगो विकासका लागि सरकार र सहकारी अभियानबीच साझेदारी आवश्यक हुन्छ । प्रशिक्षण, वित्तीय अनुशासन, नेतृत्व विकास तथा जोखिम व्यवस्थापनमा यस्तो सहकार्यले राम्रो परिणाम दिएको छ । अब आउदो बर्ष प्रदेश सहकारी रजिस्ट्रार कार्यालय सानेपा ललितपुर संगको साझेदारीमा प्रदेश नियमनका बचत तथा ऋण सहकारीको संयुक्त सघन अनुगमन तथा प्रतिवेदन तयारी र साझा सुधार संकल्प तयार गर्ने कार्यक्रम रहेको छ जसले प्रदेश भित्रका मुख्य गरी बचत तथा ऋण कारोबार गर्ने संस्थामा सुशासन कायम गर्न थप प्रभावकारी हुनेछ ।

**✍अहिलेको वर्तमान तरलता व्यवस्थापन र वित्तीय जोखिम न्युनीकरण गर्न सहकारीहरुले के कुरामा विशेष ध्यान दिनुपर्ला ?**

सबैभन्दा पहिले तरलता व्यवस्थापन त्यसपछि,बचतकर्ताको रकम सुरक्षित राख्ने । ऋण असुली प्रभावकारी बनाउने र उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने । PEARLS तथा नियामकीय मापदण्ड पालना गर्ने । वार्षिक लेखापरीक्षण र साधारणसभा समयमै गर्ने । सदस्यको विश्वास कायम राख्ने कार्यमा बिशेष ध्यान दिनुपर्छ संस्था ठुलो कारोबारको बनाउने भन्दा पनि दिगो बनाउने तर्फ लाग्नुपर्ने देखिन्छ साथै सहकारीले गर्ने ऋण प्रवाहका बिषयमा प्रभावकारी रुपमा लाग्नु पर्दछ । संस्थागत सुधार र संस्थामा रहने पदाधिकारी र कर्मचारी पक्षमा समेत बिशेष ध्यान दिनुपर्ने छ ।

**✍सहकारी संस्थाहरुको अभिभावकको रुपमा रहेका संघहरुलाई वित्तीय कारोवार गर्न नदिने भन्ने व्यवस्था सहकारी ऐन संसोधन गर्न बनेको विधेयक मार्फत आएको छ, प्रारम्भिक संस्थाको वित्तीय समस्या सामाधानमा कस्तो प्रभाव पर्ला साथै संघहरुको अस्तित्वमा प्रभाव पर्न गई संकुचित हुने अवस्था छ, बन्द कि व्यवस्थापन यहाँको रायमा के भन्नुहुन्छ ?**

संघको मूल सदस्य संस्था बीच समन्वय, क्षमता विकास, पैरवी तथा प्रतिनिधित्व तथा सहकारी अभियानलाई थप अगाडि कसरी बढाउने भन्ने तर्फ केन्द्रित गर्ने संस्था हुन् ।

वित्तीय कारोबार गर्ने वा नगर्ने विषय संघीय कानुनले निर्धारण गरेको विषय हो । प्रदेशको दृष्टिकोण भनेको जुनसुकै व्यवस्था आए पनि सदस्य संस्थाको हित, वित्तीय स्थायित्व र सहकारी अभियानको सुदृढीकरण सुनिश्चित हुनुपर्छ भन्ने हो तर त्यसो भन्दैमा बचत ऋण कारोबार बन्द गर्न ३ बर्षको समय तोक्दै गर्दा त्यस्ता संघहरुको भूमिका अब के हुने ? कसरी संघ संचालन हुने ? भन्ने बिषय संघको दिर्घता कसरी कायम गर्ने भन्ने बिषयमा भने राज्यले ध्यान दिनुपर्ने हुन्छ । सबै संघहरुलाई सरकारले अनुदान दिएर मात्र वा साझेदारी कार्यक्रम मार्फत जीवन्त सधै राख्न सम्भव नहुन सक्छ त्यसैले स्पस्ट रुपमा संघको भूमिका र अबको बाटो कसरी जाने भन्ने बिषयमा समेत सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

**✍संघ, प्रदेश र स्थानीय तहवीचको अधिकार बाँडफाँड व्यवहारमा कत्तिको प्रभावकारी छ ?**

संविधानले तीन तहको सरकारलाई अधिकार दिएको छ । प्रभावकारी समन्वय अझै आवश्यक छ । अहिले स्थानीय तहबाट प्रदेश नियमनका सहकारीका फाइलहरू हस्तान्तरण भइरहेका छन् । राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भएपछि समन्वय थप व्यवस्थित हुने अपेक्षा गरेका छौं तर पूर्ण रुपमा केही कार्यहरूमा दुविधा अझै कायम रहेको पनि देखेका छौं । नियामक धेरै संस्था हुदा समेत नियमन फितलो भएको देखिएको छ । केही स्थानीय तहमा अझै पनि सहकारी हेर्न शाखा र कार्य जिम्मेवारी प्रस्ट पार्न अझै बाँकि रहेको छ अब यस ३ तह समन्वयलाई सहकारीमा प्रभावकारी व्यवस्थापन गर्न संयुक्त अनुगमन प्रणालीको विकास, कारोबार रकम एकिन गरी पुनः वर्गिकरण गर्ने लगायतका कार्य गर्दै जाने, संघ बिशेषत प्राधिकरणले निर्देशन, मापदण्ड एकीकृत रुपमा जारि गर्ने र अन्य नियामकले त्यसको पालना गराउने तर्फ ध्यान दिन जरुरत रहेको छ ।

**✍सहकारी अभियानलाई पुनजीवित गर्न सबैभन्दा महत्वपूर्ण सुधार के हुनुपर्छ ?**

सुशासन र पारदर्शिता, व्यावसायिक व्यवस्थापन, डिजिटल प्रणालीको अनिवार्य प्रयोग, जोखिममा आधारित अनुगमन, निष्क्रिय संस्था खारेजी, ऋण असुली प्रभावकारी बनाउने, बचतकर्ता संरक्षण, सञ्चालकको उत्तरदायित्व बढाउने, वित्तीय साक्षरता विस्तार, सहकारीलाई उत्पादनमुखी र सदस्यमुखी बनाउनुपर्छ र नियामकिय निकायलाई समेत पूर्णरुपमा डिजिटल प्रविधिमा लैजानुपर्छ ।

सहकारी नियामक र अभियानलाई संगै जोडेर लैजाने साथै हाल देखिएको समस्या समाधान गर्ने तर्फ समेत अभियानले बिशेष भूमिका खेल्नुपर्ने हुन्छ ।

**✍अन्तमा सहकारीकर्मी, सञ्चालक, कर्मचारी र सदस्यलाई यहाँको सन्देश ?**

सहकारी अभियान हाम्रो साझा सम्पत्ति हो । केही संस्थाको कमजोरीका कारण सम्पूर्ण अभियानलाई कमजोर हुन दिनु हुँदैन र सहकारी सबै खत्तम भन्ने भास्य चिर्दै जानुपर्छ । प्रदेश सहकारी रजिस्ट्रार कार्यालय सबै संस्थालाई कानुन पालना गर्दै पारदर्शी, उत्तरदायी र सदस्यमुखी बन्न आग्रह गर्दछ ।

हाम्रो उद्देश्य केवल कारबाही गर्नु होइन, सहकारी संस्थालाई सुधार गर्दै बचतकर्ताको विश्वास पुनःस्थापित गर्नु र सहकारी अभियानलाई दिगो तथा विश्वसनीय बनाउनु हो । त्यसका लागि सरकार, नियामक निकाय, सहकारी संस्था, सञ्चालक, कर्मचारी र सदस्य सबैको साझा जिम्मेवारी र सहकार्य अपरिहार्य छ ।

समग्रमा सबै मिलेर मात्र समस्या समाधान हुने भएको हुँदा नियामक, अभियान जोडिनु पर्ने देखिन्छ साथै अब सहकारीका प्रारम्भिक संस्थाका कर्मचारीहरुलाईसमेत बदलिएको कानुन, मापदण्ड र निर्देशन पालनाका समग्र बिषयमा नियामकको तर्फबाट समेत अभिमुखीकरण गर्नुपर्ने देखिन्छ ।




# पाँचौं वार्षिक साधारण सभा सम्पन्न




२६ मंसिर २०८२ । काठमाडौं । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को पाँचौं वार्षिक साधारण काठमाडौमा सम्पन्न भएको छ । संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षतामा आयोजित साधारण सभाको सञ्चालन संघका महासचिव गोविन्दप्रसाद काफ्लेले गर्नु भएको थियो भने संघका वरिष्ठ उपाध्यक्ष जिवसराज खड्काले स्वागत गर्नु भएको थियो ।

संघको सञ्जालमा आवद्ध नविकृत ४७६ सहकारी संघसंस्था मध्ये २७८ वटा सहकारी संस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको सभामा संघका कोषाध्यक्ष प्रदिप थापाले संघको आ.व २०८१/०८२ को वित्तीय लक्ष्य र प्राप्तीको अवस्था तथा चालु आ.वको लागि अनुमानित आयव्यय तथा खर्च प्रस्तावहरु पेश गर्नु भएको थियो । त्यसैगरी महासचिव गोविन्दप्रसाद काफ्लेले संघको आ.व २०८१/०८२ को कार्यक्रमिक लक्ष्य र उपलब्धी तथा चालु आ.वको लागि प्रस्तावित नीति तथा कार्यक्रम पेश गर्नु भएको थियो । त्यस्तै लेखा सुपरिवेक्षण समितिका संयोजक देवप्रसाद त्रिपाठीले संघको आन्तरिक लेखा परीक्षण प्रतिवेदन पेश गर्नु भएको थियो । समितिका सम्पूर्ण पदाधिकारी एवम् सञ्चालकहरुको सहभागिता रहेको कार्यक्रमले पूर्व सूचनामा उल्लेख गरेको सबै प्रस्ताव उपर व्यापक छलफल गरी पारित गरेको थियो ।

सभामा छैटौ स्थापना दिवसमा घोषणा गरिएको १४ विद्याका सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । सम्मान तथा पुरस्कार प्राप्त गर्नेमा वर्ष उत्कृष्ट सहकारी अभियन्ता सम्मानबाट ओमदेवी मल्ल, उत्कृष्ट जिल्ला बचत संघका रूपमा काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ, उत्कृष्ट साकोसका रूपमा जनमुखी बचत तथा ऋण सहकारी संस्था दोलखा, उत्कृष्ट महिला साकोसका रूपमा लक्ष्मी महिला साकोस काभ्रे, उत्कृष्ट पूर्व सञ्चालकका रूपमा तेजेन्द्रबहादुर खड्का, उत्कृष्ट सञ्चारकर्मीका रूपमा नेपाल पत्रकार महासंघ काभ्रेका पूर्व अध्यक्ष मोतीराम तिमल्सिना, उत्कृष्ट सहकारी सञ्चालकका रूपमा कैलाश के.सी., उत्कृष्ट व्यवस्थापकका रूपमा सिताराम सिलवाल, उत्कृष्ट महिला व्यवस्थापकका रूपमा मेनुका दाहाल, उत्कृष्ट कर्मचारीका रूपमा रामकृष्ण दुलाल, उत्कृष्ट सेवा उपयोगकर्ताका रूपमा नेचुरल साकोस, उत्कृष्ट लगानीकर्ताका रूपमा विन्धबासिनी साकोस, उत्कृष्ट बचतकर्ताका रूपमा दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ तथा एकीकरण प्रोत्साहन सम्मानबाट बज्रबाराही साकोसलाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो ।

साधारण सभामा अध्यक्ष उद्धव सापकोटाले उपस्थित प्रतिनिधीहरुलाई धन्यवाद ज्ञापन गर्दै पाँचौं वार्षिक साधारण सभा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशनअनुसार विधिसम्मत रूपमा सम्पन्न गरिएकाले प्रमुख अतिथी तथा अतिथीको व्यवस्था नगरी सम्पन्न गरेको जानकारी गराउनु भएको थियो ।



जीवनी

# सहकारी अभियान र मेरो अनुभव

> बचत तथा ऋण प्रारम्भिक सहकारी संस्थाको अध्यक्ष र जिल्ला सहकारी संघको अध्यक्षको जिम्मेवारीमा रहँदा रहँदै तत्कालिन अवस्थामा राष्ट्रिय सहकारी संघको सञ्चालकको जिम्मेवारी पनि निर्वाह गर्नुपर्ने अवस्था बन्यो र म राष्ट्रिय सहकारी संघको सञ्चालक पदमा निर्वाचित भएँ । सहकारीहरुको छाता संघलाई प्रभावकारी बनाई अगाडि बढाउन विभिन्न भूमिका खेल्दै आएको हुँदा हाल म दोस्रो कार्यकाल पनि राष्ट्रिय सहकारी महासंघको सञ्चालकको जिम्मेवारी निर्वाह गरिरहेको छु ।



**बद्री प्रसाद लम्साल**
**सञ्चालक, राष्ट्रिय सहकारी महासंघ**

### बाल्यकाल र शिक्षा

छिमेकी मूलुक भारतमा अंग्रेजहरुको शासनकालमा रेलको लिग निर्माणका नाममा नेपालबाट ठुलो परिमाणमा काठ निकासी गर्ने उद्देश्यले बारा जिल्लाको अमलेखगञ्जसम्म रेल सेवा सञ्चालन भएको थियो भने काठमाण्डौंमा गाडी नचल्दै मकवानपुरको भीमफेदीसम्म सडक यातायातको सुविधा पुगेको हुँदा काठमाण्डौं उपत्यकाको जीवन त्यति सहज थिएन । उपत्यका भित्रका मानिसहरु नुन मट्टितेल लगायतका वस्तु खरिद गर्न र अन्य बाहिरी क्षेत्रमा जान चन्दागिरीडाँडा हुँदै हिडेर भीमफेदीसम्म आउनुपर्ने अवस्था थियो । काठमाण्डौं उपत्यका भन्दा बाहिरको कृषि उत्पादन पनि राम्रो र धेरै हुने हुँदा त्यो सुविधा उपयोग गर्ने उद्देश्यले हाम्रो परिवार पाँचौ पुस्ता अघिनै काठमाण्डौं जिल्लाको नैकापबाट मकवानपुरमा बसोबासका लागि आएको हो । सोही परिवारमा २०२४ सालमा मेरो जन्म भई मकवानपुरमा नै हुर्की बढेको र हेटौंडामा रहेको मकवानपुर कै पुरानो ऐतिहाँसिक भुटनदेवी माध्यमिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरी केही बर्ष शिक्षण पेशा पनि गरियो । बिद्यालय जीवनदेखि विभिन्न संघ संस्थामा रहेर सामान्य भूमिका निर्वाह गरिन्थ्यो । साथै बिद्यार्थी संगठनको माध्यमबाट सामाजिक राजनैतिक जागरणमा पनि क्रियाशिल भईयो । सोही क्रममा तत्कालिन सरकारले सामाजिक संघसंस्था र बिद्यार्थी संगठनमा सक्रिय भएको भनी शिक्षण पेशाबाट निश्कासन गरेपछि प्रमाणपत्र तह उत्तीर्ण गरी प्रजातन्त्र प्राप्तीका लागि पूर्णकालिन राजनैतिक कार्यकर्ताको रुपमा क्रियाशिल भईयो । त्यसो गरेबापत तत्कालिन सरकारबाट राजनीतिक आस्थाको बन्दीको रुपमा जेल पठायो र राजबन्दीको जीवन समेत भोगियो । प्रजातन्त्र पुर्नस्थापना पछि खुल्ला रुपमा नै राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरियो ।

### सहकारीमा प्रवेश र अभियानमा सक्रिय

तत्कालिन पञ्चायतकालिन व्यवस्था भएको समयमा पनि सामाजिक राजनैतिक कार्यकर्ताको रुपमा समुदायमा जाँदा जनताको आधारभूत आर्थिक सामाजिक जीवनको परिवर्तन कसरी गर्न सकिन्छ भन्ने छलफल, बहस हुने गर्दथ्यो । यसै अन्तर्गत गाँउमा आर्थिक समुन्नति, व्यवसायिकता र उत्पादन बृद्धि गर्ने सवालमा पशुपालनको माध्यमबाट समुदायलाई दुग्ध उत्पादनमा व्यवसायी बनाउने भन्ने सन्दर्भमा हेटौंडा दुग्ध वितरण आयोजना मार्फत गाँउमा दुग्ध संकलन केन्द्र स्थापना गरी दुग्ध बिक्री वितरण गर्ने उद्देश्यले २०४०/०४१ मा मकवानपुरगढीको मक्राञ्चुलीमा दुग्ध संकलन केन्द्र स्थापना भयो । उक्त संकलन केन्द्रको सञ्चालन दुग्ध वितरण आयोजनाले गर्ने हुँदा त्यसको कर्मचारी उसैले भर्ना गर्ने र त्यसबाट प्राप्तहुने मुनाफा पनि कृषकले पाउन नसक्ने भएकोले त्यसको बिकल्पमा स्वायत्त संस्थाको रुपमा दुग्ध उत्पादन संस्था गठन गरी सञ्चालन गरियो । यो एक प्रकारको सहकारी मोडल मै थियो । यसको सफलताबाट तत्कालिन सरकार पनि प्रभावित भई देशमा चारवटा नमूना (पाईलटिङ परियोजना) को रुपमा तत्कालिन साझा ऐन अन्तर्गत संस्था गठन गरियो । उक्त चारवटा संस्थामध्ये हाम्रो गाँउमा रहेको मनकामना दुग्ध उत्पादक संस्था पनि पऱ्यो । उक्त संस्था २०४५ माघ २० गते विधिवत रुपमा साझा विकास कार्यालयमा दर्ता गरी दुग्ध उत्पादक साझा संस्थाको रुपमा सुरु भयो । उक्त दुग्ध उत्पादक साझा संस्था दर्ता गर्दाको संस्थापक सदस्य नै मेरो सहकारीको पहिलो प्रवेश हो । गाँउमा पुरानो साझा संस्था सञ्चालनको प्रक्रिया हेर्दा हाम्रो साझा संस्था प्रति त्यति सकारात्मक धारणा थिएन । तर दुग्ध बिक्री गर्ने उद्देश्यले गर्दा हामी संस्थापक शेयर सदस्य बन्यौं । पुरानो साझामा प्रधानपञ्चले पठाएको व्यक्तिमात्र सञ्चालक बन्न पाउँथे । कर्मचारीहरुको नियुक्ति पनि सरकारले नै गर्ने गर्दथ्यो । संस्थाको साधारणसभा पनि कहिल्यै नहुने, सदस्यहरुलाई नाफा वितरण पनि गर्नु नपर्ने देखिएको हुँदा त्यस्तो साझा संस्थासंग कोही पनि सकारात्मक थिएनन् । तर साझा संस्था भएपनि यो दुग्ध उत्पादक साझा संस्था भने चार वटा नै सफल भयो । यसको प्रभावले अरु संस्थाहरु पनि यस्तै प्रक्रियामा जान तयार भए । २०४८ मा नयाँ सहकारी ऐन जारी भएपछि धेरै दुग्ध उत्पादक सहकारी संस्था दर्ता गर्ने अभियान नै सञ्चालन भयो । सहकारी ऐन आउनु अघि दुग्ध क्षेत्रको समन्वय र नेतृत्व गर्ने कुनै छाता संघहरु थिएनन् । त्यस्तो समयमा दुग्ध उत्पादक कृषकको

समस्या र सवालमा आवाज उठाउन राष्ट्रिय दुग्ध उत्पादक किसान संघको गठन गरिएको थियो । त्यसैको आह्वानमा देशब्यापी दुग्ध आन्दोलन समेत भएर दुग्ध उत्पादक कृषकको माग अन्तर्गतका दुधको उचित मूल्यसहितका केही माग पुरा भएका थिए । सहकारी ऐन २०४८ जारी भएपछि दुग्ध बिषयको बिषयगत जिल्ला संघ र केन्द्रीय संघ पनि स्थापना गरियो । यसै संघहरुले दुग्ध उत्पादक कृषकहरुको नेतृत्व गर्ने भएको हुनाले राष्ट्रिय दुग्ध उत्पादक किसान संघलाई केन्द्रीय संघमै समायोजन गरियो ।

तत्कालिन अवस्थामा पूँजी र प्रविधिको कमी भएको अवस्थामा हातले लेखेर बिनियम, बिनियमावली तयार गरी नयाँ सहकारी दर्ता गर्ने कामहरु गरियो । तत्कालिन साझा कार्यक्रम नकारात्मक भए तापनि नयाँ सहकारी ऐन जारी भएपछि सहकारी अभियानले स्वायत्तता र स्वतन्त्रता प्राप्त भएको हुँदा अभियान प्रति नै सकारात्मक धारणा बनायो र त्यसैक्रममा म पहिलो पटक २०४९ को माघमा मनकामना दुग्ध उत्पादक सहकारी संस्थाको अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएँ । यो नै मेरो सहकारीमा पहिलो नेतृत्व थियो । त्यसपछि मैले सहकारी शिक्षा, ब्यवस्थापन र प्रशिक्षक प्रशिक्षण तालिम लिने अवसर प्राप्त गरे । त्यसपछि सहकारी प्रतिको मेरो बुझाईलाई फराकिलो, उन्नत बनाई एउटा सहकारी अभियानकर्मी नै बनाईदियो । त्यसै अवधीमा मैले जिल्ला दुग्ध उत्पादक सहकारी संघको संस्थापक सहित उपाध्यक्ष हुँदै तीन कार्यकाल पुरा गरें । साथै केन्द्रीय दुग्ध सहकारी संघको संस्थापक एवम् लेखा समिति सदस्य भई काम गर्ने अवसर प्राप्त भयो । केन्द्रीय दुग्ध सहकारी संघको प्रतिनिधि भई भूमिका निर्वाह गर्ने क्रममा नै स्थानीय निर्वाचन पश्चात तत्कालिन जिल्ला विकास समिति मकवानपुरको उपसभापति पदमा निर्वाचित भईयो । यस अवधिमा प्रत्यक्ष रुपमा सहकारीको नेतृत्वमा बस्न नसकेपनि अप्रत्यक्ष रुपमा सहकारी संस्थाहरुको विकास र बिस्तारमा भूमिका खेलियो । जिल्लाको योजना तर्जुमा गर्ने उपसमितिमा सहकारीको प्रतिनिधित्वको अभ्यास नभएको अवस्थामा सहकारीको प्रतिनिधि अनिवार्य गरियो । सहकारीमार्फत कार्यान्वयन गर्ने गरी बजेट बिनियोजन गर्ने ब्यवस्था गरियो । देशमै पहिलोपटक जिल्ला विकास समितिको सहयोगमा जिल्ला दुग्ध उत्पादक सहकारी संघ मकवानपुर मार्फत चिस्यान केन्द्र (चिलिङ भ्याट) सञ्चालन गरियो । त्यसपछि अन्य थप मेसिन उपकरण खरिद गर्ने कामहरु पनि भए ।

## वित्तीय सहकारीमा प्रवेश र सहकारीमा नेतृत्वको भूमिका

मेरो सहकारी क्षेत्रमा प्रवेश नै दुग्ध सहकारी संस्थाबाट भएको हुँदा लामो समयसम्म सहकारी भनेको उत्पादक क्षेत्र मात्रै हो भन्ने बुझाई रहेको थियो तर त्यस्तो होईन रहेछ । सहकारीका क्षेत्र ब्यापक हुने रहेछन् । उत्पादक उपभोक्ता लगायतका सहकारी स्थापना भई ब्यवशायिक क्रियाकलाप गर्न थाल्दा पुँजी र वित्तीय अभाव देखिए त्यसैगरी द्वन्द्वका समयमा बैक तथा वित्तीय संस्था खुम्चदा उत्पादनका क्षेत्रमा वित्तीय लगानी संकटमा परे । यस अवस्थाले गर्दा वित्तीय सहकारीको अभाव महशुस गरी बचत तथा ऋण बिषयका सहकारी स्थापना हुने क्रम बढीरहेको अवस्थामा म पनि दुग्ध सहकारी क्षेत्रबाट बचत तथा ऋण सहकारी संस्थाको स्थापना तिर अग्रसर भएँ र २०६३ सालमा हेटौंडा र आसपासको गाविसलाई कार्यक्षेत्र बनाई प्रगति बचत तथा ऋण सहकारी संस्था दर्ता गरियो । त्यस संस्थाको संस्थापक अध्यक्ष हुँदै तीन कार्यकाल अध्यक्ष भएर हाल उक्त संस्था चार वटा सहकारी संस्था एक आपसमा एकीकरण भई नमूना प्रगति बचत तथा ऋण सहकारी संस्थाको रुपमा सञ्चालनमा रहेको छ । त्यस अभियानले मलाई वित्तीय क्षेत्रको ज्ञान धेरै बढायो । त्यसैको प्रभावले राष्ट्रिय सहकारी बैंकको स्थापना पछि विभिन्न जिल्लामा शाखा सञ्चालनको लागि सक्रियतापूर्वक भूमिका निर्वाह गरियो । प्रारम्भिक तहको सहकारीको जिम्मेवारी पुरा गरिरहँदा माथिल्लो संघहरुको सक्रिय भूमिकाको अभाव देखिएकोले सोलाई पुनः सक्रिय गराउन पुरानो साझा सहकारी संस्था लिएर सञ्चालन भएको जिल्ला सहकारी संघ लिमिटेड मकवानपुरको २०५५ सालदेखि ठुलो दायित्व बाँकी रही सम्पत्ति समेत लिलाम भएको अवस्थामा बन्द भएर रहेको संघलाई नयाँ केही सक्रिय सहकारी संस्थाहरु सदस्य थप गरी २०६७ साल पौषदेखि पुनः सञ्चालन गर्न मेरो अध्यक्षतामा संघलाई सक्रिय गराईयो र दुई कार्यकाल त्यस संघको अध्यक्ष भएर हाल निवर्तमान अध्यक्षको भूमिकामा रहेको छु । बचत तथा ऋण प्रारम्भिक सहकारी संस्थाको अध्यक्ष र जिल्ला सहकारी संघको अध्यक्षको जिम्मेवारीमा रहँदा रहँदै तत्कालिन अवस्थामा राष्ट्रिय सहकारी संघको सञ्चालकको जिम्मेवारी पनि निर्वाह गर्नुपर्ने अवस्था बन्यो र म राष्ट्रिय सहकारी संघको सञ्चालक पदमा निर्वाचित भएँ । सहकारीहरुको छाता संघलाई प्रभावकारी बनाई अगाडि बढाउन विभिन्न भूमिका खेल्दै आएको हुँदा हाल म दोस्रो कार्यकाल पनि राष्ट्रिय सहकारी महासंघको सञ्चालकको जिम्मेवारी निर्वाह गरिरहेको छु ।

पञ्चायतकालको साझा ऐन अन्तर्गत २०४५ सालदेखि सुरु भएको मेरो सहकारी अभियान बिगत ३८ बर्षदेखि आजसम्म निरन्तर र अविछिन्न कुनै न कुनै जिम्मेवारी तथा भूमिकामा रहेर काम गरिरहेको छु । प्रारम्भिक दुग्ध उत्पादक सहकारी संस्थाको अध्यक्ष, जिल्ला दुग्ध उत्पादक सहकारी संघको उपाध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघको लेखा समिति सदस्य हुँदै पुनः बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष, जिल्ला सहकारी संघ मकवानपुरको अध्यक्ष हुँदै राष्ट्रिय सहकारी महासंघको सञ्चालक, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखा, जिल्ला दुग्ध उत्पादक सहकारी संघ र जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको सल्लाहकारको रुपमा समेत क्रियाशिल भईरहेको छु । सहकारी अभियानमा पूर्णकालिन रुपमा सक्रिय हुने क्रममा देशभित्र सञ्चालनमा रहेका विभिन्न बिषयका सफल सहकारीको अनुभव प्राप्त गरियो । साथै वैदेशिक रुपमा भारतमा सञ्चालित ईन्फो, अमुल, सुधा लगायत चिन र श्रीलंकाको सहकारी अभियान अन्तर्गतका सफल सहकारीका बिषयमा अवलोकन र तालिम गर्ने अवसर समेत प्राप्त भएको छ ।

## सहकारी अभियान र मेरो अनुभव

सहकारी एउटा खास बिषय र उद्देश्यको मात्र हुन सक्छ भन्ने होईन रहेछ । यसलाई सबै बिषय र क्षेत्रमा व्यापक रुपमा लैजान सकिन्छ । सहकारी एउटा आर्थिक वर्गको मात्र बिषय नभई विभिन्न आर्थिक अवस्था भएकाहरुलाई सेवा दिन सक्ने रहेछ । सहकारी एउटा खास मुलुकमा मात्र नभई विश्वव्यापी र फरक फरक अर्थतन्त्र भएका देशमा पनि सञ्चालन भएका हुन्छन् । सहकारी कुनै एउटा निश्चित दर्शन बोक्नेहरुको मात्र बिषय नभई जुनसुकै दर्शन लिएकाले पनि सहकारीको दर्शनलाई अपनाउन पर्ने रहेछ । सहकारी खास एउटा पुस्ताको मात्र नभई पुस्तौ पुस्ता निरन्तर सञ्चालन हुने रहेछ । सहकारी राज्यका नियमन गर्ने नीतिले भन्दा बढ्ता सहकारीका सदस्यद्वारा निर्मित स्वनियमनहरुले सञ्चालन भएमा मात्र सफल हुने रहेछ ।

सहकारीमा प्रवेश गरिरहँदाको अवस्थामा साझा कार्यक्रमको प्रभावले गर्दा समुदाय तत्कालिन अवस्थामा सकारात्मक थिएनन् । तर सहकारी ऐन २०४८ पछि सहकारी अभियान सक्रियतापूर्वक अगाडि बढ्दै जाँदा सहकारी प्रति आम समुदाय, राजनैतिक नेतृत्व, कर्मचारी वर्ग र पत्रकारहरु सबैलाई सकारात्मक बनाउन सफल भयो । यसको प्रभावका कारण सहकारीले देशव्यापी रुपमा राम्रै फड्को मार्ने अवसर प्राप्त गरेको थियो । सहकारी अभियान र अभियानकर्मीको गरिमा र स्वाभिमानलाई पनि माथि उठाएको थियो । तर २०६२ देखि २०७२ को दशकमा राज्य संक्रमणकालिन अवस्थामा रहेकोले उक्त समयमा छद्म सहकारीकर्मीको नाममा र केही स्वार्थी कर्मचारीको कारण सहकारी अभियान बिकृत बनायो । सहकारीको मूल्य, मान्यता र सिद्धान्तको उल्लंघन, सदस्यको बचत अपचलन जस्ता घटनाले सहकारीलाई कलंकित समेत बनायो । यसको प्रभावले सहकारी प्रतिको हिजोको गर्विलो ईतिहाँसलाई आज शिर निहुऱ्याएको अनुभव भएको छ । बिगतमा सहकारी प्रति राज्यका निकायहरुमा जुन सकारात्मक प्रभाव परेको थियो त्यो आज कमजोर बनेको देखिन्छ । यस अवस्थालाई हामी सबै असल अभ्यास गरेका सहकारी संस्था र सहकारीकर्मीले सकारात्मक र बिश्वसनीय बनाउनु पर्ने मूख्य अभिभारा बनेको छ ।

❀

*गतिविधि*

# दुई वर्षको उपलब्धिको समीक्षा गर्दै कोशिस पहिलो समूहको *11th WE CAN Workshop* सम्पन्न



२७ मंसिर २०८२ । बागमती प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालित कोशिस (COSIS) स्तरीकरण कार्यक्रम अन्तर्गत पहिलो समूहमा आबद्ध बचत तथा ऋण सहकारी संस्थाहरूको 11th WE CAN (Worth and Effective Cooperation and Novelty Management Workshop) स्पष्ट साकोसको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा काठमाडौंमा सम्पन्न भएको छ । स्पष्ट बचत तथा ऋण सहकारी संस्था लि.को अध्यक्ष अर्जुनकुमार चौलागाईंको अध्यक्षता, कार्यक्रममा काठमाडौं महानगरपालिका-७ का वडा अध्यक्ष विमलकुमार होडाको प्रमुख आतिथ्यता एवम् बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा संघका महिला उपाध्यक्ष कल्पना श्रेष्ठ तथा सचिव ठाकुरप्रसाद बाँस्कोटाको आतिथ्यता रहेको थियो ।

शुभकामना मन्तव्यका क्रममा वडा अध्यक्ष विमलकुमार होडाले सहकारी क्षेत्रमा सुशासन कायम गर्न यस्ता क्षमता विकासमूलक कार्यक्रमको दायरा अझ विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले नियामकीय व्यवस्थाको पूर्ण पालना गर्दै संस्थागत सुधारलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै सहकारी क्षेत्रका व्यावहारिक समस्याको समाधानका लागि बागमती प्रोस्कून नीति संवाद र प्राविधिक सहजीकरणमा सदैव सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो त्यसैगरी महिला उपाध्यक्ष कल्पना श्रेष्ठले सञ्चालक समितिले व्यवस्थापनमाथि प्रभावकारी निगरानी र मार्गदर्शन प्रदान गर्दै सुशासन सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) का मापदण्डअनुसार प्राथमिक पुँजीकोषको आधारमा बचत संकलन, प्रति सदस्य बचत तथा ऋण सीमाको पालना, ऋण लगानी तथा असुलीको दुई वर्षे तुलनात्मक विश्लेषण, साथै भाखा नाघेको ऋणका लागि जोखिम कोष (Loan Loss Provision) को व्यवस्थाबारे विशेष समीक्षा गरिएको थियो त्यसैगरी जोखिम कोषको पर्याप्त व्यवस्था नगर्दा संस्थालाई पर्न सक्ने कानुनी तथा वित्तीय असरबारे सहभागी संस्थाहरूलाई जानकारी गराइएको थियो ।

कार्यक्रममा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले संस्थाहरूको तुलनात्मक प्रगति विश्लेषण प्रस्तुत गर्दै कोशिसका मापदण्डअनुसार निरन्तर सुधार र प्रतिबद्धताका साथ अघि बढे COSIS Brand प्राप्त गर्न सहज हुने बताउनुभयो, उहाँले अध्यक्ष, सञ्चालक समिति तथा व्यवस्थापनलाई संस्थागत सुधारलाई प्राथमिकतामा राख्न आग्रह समेत गर्नुभएको थियो ।

कोशिसका ५३ सूचकमध्ये अनिवार्य १० सूचकमा संस्थाले गरेको स्वमूल्याङ्कन प्रतिवेदनमाथि बागमती प्रोस्कूनले प्राविधिक समीक्षा तथा पृष्ठपोषण प्रदान गरेको थियो भने कार्यक्रममा सहभागी १० वटा सहकारी संस्थाले पालैपालो आफ्नो संस्थागत अवस्था तथा सुधारका प्रयास प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुती उपर संघका व्यवसाय अधिकृत सुदर्शन दाहाल, कार्यक्रम अधिकृत विमला पुडासैनी तथा किशोर पौडेलले सहभागी संस्थाहरूको प्रस्तुतीकरणमाथि प्राविधिक सुझाव, पृष्ठपोषण तथा सुधारका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नुभएको थियो । दुई वर्षे अभ्यासको समीक्षा गरिएको यस कार्यशालाले सहभागी संस्थाहरूलाई नियामकीय मापदण्डको पालना, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन, स्वमूल्याङ्कन तथा संस्थागत सुधारका क्षेत्रमा थप स्पष्ट मार्गदर्शन प्रदान गरेको थियो । अनुभव आदान-प्रदान, प्राविधिक पृष्ठपोषण र सामूहिक प्रतिबद्धतामार्फत कोशिस कार्यक्रमले सुरक्षित, सुशासित र दिगो सहकारी निर्माणको अभियानलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्दै पहिलो समूहको 12th WE CAN कार्यशाला २०८२ फागुन २३ गते शनिबार आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि., सुनकोशी-६, सिन्धुपाल्चोकको आयोजनामा सञ्चालन गर्ने निर्णय गर्दै सम्पन्न भएको थियो ।

❀

# सुशासन र अभिलेखीकरणमा केन्द्रित कोशिस तेस्रो समूहको 4th WE CAN Workshop सम्पन्न



६ पौष २०८२ । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित कोशिस कार्यक्रमअन्तर्गत तेस्रो समूहको 4th WE CAN कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ । कार्यक्रम आयोजक संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता तथा ललितपुर महानगरपालिकाका सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यशालामा समूहमा आबद्ध सात मध्ये छ वटा सहकारी संस्थाका पदाधिकारी, व्यवस्थापक तथा प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।




कार्यक्रममा प्रतिवेदन तथा अभिलेखहरूको दस्तावेजीकरण (Documentation and Reporting) सम्बन्धी बागमती प्रोस्कूनको तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले अभिमुखिकरण गराउनु भएको थियो ।

दोस्रो चरणमा सहभागी संस्थाहरूले कोशिसका सूचकका आधारमा आफ्नो संस्थागत अवस्था तथा प्रगति प्रस्तुत गर्नु भएको थियो भने प्रस्तुती पश्चात व्यवसाय विभाग प्रमुख सुदर्शन दाहाल र तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले प्राविधिक सुझाव, पृष्ठपोषण तथा सुधारका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा तीन महिनाको कार्ययोजनामा प्रतिवद्धता गर्दै पाँचौ WE CAN कार्यशाला २०८२ फागुन २७ गते बुधबार बागमती प्रोस्कूनको आयोजनामा सञ्चालन गर्ने निर्णय सहित कार्यशाला समापन गरिएको थियो ।

# कोशिस छैटौं समूहको प्रथम WE CAN कार्यशाला सम्पन्न

१४ पौष २०८२ । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित कोशिस कार्यक्रम अन्तर्गत छैटौं समूहमा आवद्ध संस्थाहरुको प्रथम WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालयमा सम्पन्न भएको छ । संघका सञ्चालक एवम् शिक्षा तालिम उपसमितिको संयोजक कृष्णगोविन्द लाखाजुको अध्यक्षता र ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।




कार्यक्रममा समूहमा आबद्ध ६ वटा सहकारी संस्थाका अध्यक्ष, पदाधिकारी, व्यवस्थापक तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो भने पहिलो सत्रमा प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले सहकारी ऐन, २०७४ को संशोधित व्यवस्था, राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) का नियामकीय मापदण्ड-२०८२ तथा बचत तथा ऋण सहकारी संस्थाको भावी मार्गचित्र विषयमा अनुशिक्षण प्रदान गर्नुभएको थियो ।

दोश्रो सत्रमा भने सहभागी संस्थाहरूले कोशिसका सूचकका आधारमा आफ्नो संस्थागत अवस्था तथा प्रगति प्रस्तुत गर्नुभएको थियो र संस्थागत प्रस्तुतीकरणमा बागमती प्रोस्कूनका प्राविधिक टोलीले आवश्यक सुझाव र पृष्ठपोषण प्रदान गरेको थियो ।

कार्यक्रमका समापन पूर्व आगामी ३ महिनाका लागि कार्यक्रमको प्रतिवद्धता सहित आगामी दोस्रो WE CAN कार्यशाला २०८२ चैत १६ गते सोमबार बागमती प्रोस्कूनको आयोजनामा सञ्चालन गर्ने निर्णय सहित समापन गरिएको थियो ।

लेख

# समय सन्तुलन र जीवन व्यवस्थापन

## साढे दुई दशकको भोगाइ र सिकाइ

> सूचना प्रविधिले जटिल र लामा कामहरूलाई मिनेटमै सम्पन्न गर्न मद्दत पुर्याउँछ भन्ने मेरो विश्वास रहेकोछ । समय व्यवस्थापन र सन्तुलनका लागि प्राथमिकतामा तल माथी नपरोस् कुनै पनि कार्यहरु नछुटोस भन्नका लागि मैले विभिन्न डिजिटल औजारहरुको प्रयोग गर्ने गरेको छु।



नवराज शर्मा
**सञ्चालक, बागमती प्रोस्कून**

**पृष्ठभूमी**

हाम्रो जीवनमा २४ घण्टाको समय सबैका लागि समान हुन्छ, तर कसैका लागि यो समय आफ्ना दैनिक काम पुरा गर्न पनि अपर्याप्त हुन्छ भने कसैले यही समयभित्र बहुआयामिक क्षेत्रमा सफलता हासिल गर्छन् । यसको मूल रहस्य नै कार्य जीवन सन्तुलन (Work Life Balance) वा समय व्यवस्थापन हो । समय सन्तुलन भनेको केवल घडी हेरेर दौडिनु वा काम र परिवारलाई बराबर घण्टामा विभाजन गर्नु मात्र होइन, बरु आफ्ना प्राथमिकताहरू तय गरी पेशागत, सामाजिक र पारिवारिक जीवन बिच एउटा सुमधुर समन्वय कायम गर्नु हो । जब मानिसले समयको मूल्य बुझ्छ, तब उसले आफ्ना असीमित आकाङ्क्षा र सीमित समयबिच सन्तुलन कायम गर्न सक्छ ।

वि.सं. २०५४ सालदेखि निरन्तर रूपमा सहकारी अभियानमा एक स्वयंसेवकका रूपमा जोडिँदै गर्दा मैले समय व्यवस्थापनलाई सिद्धान्तमा होइन, व्यवहारमा उतार्ने प्रयास गरेँ । शिक्षण मेरो मुख्य पेसा हो (हाल कुनै सरकारी शैक्षिक संस्थामा पूर्ण वा आंशिक रुपमा कार्यरत छैन) र त्यसबाहेक विद्यालय सञ्चालक, केही वर्ष शिक्षक प्रशिक्षक, सामाज सेवाको रुपमा नेपाल हदय रोग निवारण प्रतिष्ठान जिल्ला शाखा धादिङको कोषाध्यक्ष तथा सहकारी क्षेत्रमा प्रारम्भिक संस्थाको पदाधिकारीदेखि दुई कार्यकाल अध्यक्ष, धादिङ बचत तथा ऋण सहकारी संघको दुई कार्यकाल उपाध्यक्ष र एक कार्यकाल अध्यक्ष, तथा जिल्ला सहकारी सङ्घको सञ्चालकका रूपमा काम गर्ने अवसर पाएँ । यति धेरै जिम्मेवारीहरूलाई एकसाथ निभाउँदै गर्दा मेरो जीवनमा समय सन्तुलन केवल एउटा विषय मात्र रहेन, यो मेरो जीवनशैली नै बन्यो । समयलाई व्यवस्थित गर्न सकियो भने तनावरहित जीवन जिउन सकिन्छ भन्ने कुरा मेरो साढेदुई दशकको भोगाइले सिकाएको छ ।

**पेसागत निष्ठा, सुशासन र कार्यशैली**

पेसागत कर्तव्य र सामाजिक दायित्वलाई सँगै लैजाँदा मुख्य पेसालाई कहिल्यै ओझेलमा पार्नु हुँदैन भन्ने मेरो दृढ मान्यता रह्यो । त्यसैले मैले सधैं पेसागत कामलाई पहिलो प्राथमिकतामा राखेँ, जहाँ विद्यालय वा अन्य जिम्मेवारीमा रहँदा समय र कर्तव्यप्रतिको निष्ठा नै मेरो कार्यशैलीको मुख्य जग बन्यो । कुनै पनि संस्था व्यक्ति केन्द्रित हुनु हुँदैन र एक्लै सबै काम गर्ने सोचले तनाव सिर्जना गर्ने हुनाले सहकर्मी र कर्मचारीहरूलाई पूर्ण विश्वास गरेर कार्यविभाजन गर्दा उनीहरूमा अपनत्व र उत्तरदायित्वको भावना जाग्छ भन्ने सिकाई रहेकोछ । सहकर्मी र कर्मचारीप्रति शङ्काको दृष्टिले हेर्नुको सट्टा पूर्ण विश्वास गर्दा उनीहरूको आत्मविश्वास बढ्छ। कार्यविभाजन र व्यवस्थित अख्तियार प्रत्यायोजनले नेतृत्वको समय बचत गर्छ र संस्थाको काम दुरुस्त गतिमा अगाडि बढ्छ ।

**नीतिगत व्यवस्था, समयको पूर्ण परिपालना र नियमितता**

संस्थाहरू व्यक्तिबाट होइन, नीति र विधिबाट चल्नुपर्छ। पूर्ण रूपमा नीतिगत व्यवस्था लागू गर्दा व्यक्तिगत पक्षपात हट्छ र निष्पक्षता कायम हुन्छ जसले गर्दा विवाद र द्वन्द्व कम भई द्धन्दको व्यवस्थापनमा लाग्ने समयको बचत हुन्छ। नियमित बैठक बस्ने र बैठकमा तोकिएका एजेन्डा (हामीहरुमा प्रायः देश नै हाम्रो जिम्मा भए जसरी राजनीतिक बहस गर्ने पनि चलन छ) मा मात्र छलफल गर्ने बानीले अनावश्यक गफगाफमा जाने समयको ठुलो बचत गराउँछ । सामान्य विषयमा व्यवस्थापन अहस्तक्षेपको नीति परिपालन गर्दै (यद्यपी यसमा सन्तुलन आवश्यक छ) नेतृत्वले सधैँ नीतिगत, रणनीतिक र दीर्घकालीन सोचमा ध्यान दिनुपर्छ । दैनिक सानातिना र सामान्य प्रशासनिक विषयमा अहस्तक्षेपको नीति लिँदा कर्मचारीहरूको कार्यक्षमता र निर्णय लिने क्षमतामा वृद्धि हुन्छ। जुनसुकै कार्यक्रम वा बैठकमा तोकिएको समय अगावै पुग्ने र समयमै सुरु तथा अन्त्य गर्ने बानीले अरूको समयको पनि सम्मान गर्छ र संस्थामा अनुशासनको जग बसाल्छ ।

**सूचना प्रविधिको व्यापक प्रयोग र समय व्यवस्थापन**

आधुनिक युगमा समयको प्रभावकारी बचत र कार्यसम्पादनमा शुद्धता ल्याउन तथा कार्य सम्पादनमा सिघ्रता ल्याउन सूचना प्रविधिको भूमिका अतुलनीय रहेको छ । कार्य जीवन सन्तुलन कायम गर्न र विविध दायित्वहरूलाई बिनाकुनै अस्तव्यस्तता पूरा गर्न प्रविधिको प्रयोग मेरो जीवनको एक बलियो स्तम्भ बनेको छ । सूचना प्रविधिले जटिल र लामा कामहरूलाई मिनेटमै सम्पन्न गर्न मद्दत पुर्याउँछ भन्ने मेरो विश्वास रहेकोछ । समय

व्यवस्थापन र सन्तुलनका लागि प्राथमिकतामा तल माथी नपरोस् कुनै पनि कार्यहरु नछुटोस भन्नका लागि मैले विभिन्न डिजिटल औजारहरुको प्रयोग गर्ने गरेको छु । मैले प्रयोग गरेका र समय व्यवस्पथापन र सन्तुलनमा प्रयोग गर्न सकिने केही औजारहरु यहाँ उल्लेख गरेको छु :

- **डिजिटल क्यालेन्डरः** बैठक, कक्षा, कार्यक्रम र व्यक्तिगत भेटघाटका लागि डिजिटल क्यालेन्डरको नियमित प्रयोग गर्दा यसले समयमै अगाडि नै पूर्वसूचना (Reminder) दिन्छ । यसले गर्दा दुईवटा कार्यक्रमहरू एकआपसमा जुध्न पाउँदैन र समय तालिका चुस्त रहन्छ ।
- **डिजिटल कार्यसूची र रुजुसूची (Digital To-Do List):** दैनिक गर्नुपर्ने कामहरूलाई प्राथमिकताका आधारमा डिजिटल कार्यसूचीमा लिपिबद्ध गरी कार्यसम्पादन पश्चात रुजु गर्ने बानीले काममा दोहोरोपन हट्छ र कुनै पनि महत्वपूर्ण जिम्मेवारी छुट्न पाउँदैन ।
- **भर्चुअल बैठकः** भौतिक रूपमा उपस्थित हुन नसकिने वा टाढा रहेका बैठकहरूलाई भर्चुअल माध्यमबाट सम्पन्न गर्दा यात्रामा खेर जाने समय, इन्धन र ऊर्जाको ठुलो बचत हुन्छ, जसलाई अन्य रचनात्मक काममा लगाउन सकिन्छ । यस्तो प्रविधिको प्रयोगलाई प्रभावकारी रुपमा प्रयोग गर्न सक्दा संस्थाको भत्ता, खाजा तथा आवास खर्च कम हुनुको साथै कार्य जीवन सन्तुलन कायम गर्न समेत सहज हुन्छ । तर हाम्रो फिक्स्ड माइण्ड सेटको कारणले यो प्रभावकारी हुदैन भन्ने अधिकांसको बुझाई दखिन्छ ।
- **डिजिटलाइजेसनः** संस्थागत फाइलहरू, निर्णयहरू र सूचनाहरूलाई क्लाउड प्रविधिमार्फत सुरक्षित र डिजिटल बनाउँदा आवश्यकता पर्ने बित्तिकै जहाँबाट पनि सजिलै प्राप्त गर्न सकिन्छ, जसले गर्दा कागजात खोजीमा जाने समयको बचत हुन्छ । साथै बैठकमा डायरीको साटो गुगलको किप जस्ता नोट राख्ने एपहरु प्रयोग गर्दा एकातिर डायरी बोकेर हिड्नुपर्ने झंझटबाट मुक्त हुन सकिन्छ भने कृत्रिम बौद्धिकताको प्रयोग गरी बैठकको माइन्यूट तयार गर्ने तथा तथ्याङ्क विश्लेषण गर्ने कार्य छोटो समयमा नै गर्न सकिन्छ ।
- **डिजिटल भुक्तानी र सफ्टवेयरको प्रयोगः** लेखा, प्रशासन र आर्थिक कारोबारमा अत्याधुनिक सफ्टवेयर र डिजिटल भुक्तानी प्रणालीको प्रयोग गर्दा त्रुटी कम हुन्छ र कामको गति तीव्र हुन्छ ।

## पारिवारिक जीवन र समय सन्तुलन

मैले मेरा शुरुवाती दिनहरूमा पेसा, सामाजिक काम र सहकारी अभियानको दौडधुपका कारण परिवारलाई पर्याप्त समय दिन निकै गाह्रो परेको थियो । बिहानदेखि बेलुकासम्मको व्यस्तताले गर्दा परिवारप्रति न्याय हुन नसकेको भान हुन्थ्यो परिवारका सदस्यहरुबाट समेत बारम्बार गुनासो आउने गर्दथ्यो जसले मानसिक तनाव पनि सिर्जना गर्दथ्यौं । तर, समयक्रममा मैले यसको व्यावहारिक र वैज्ञानिक समाधान खोजें, जसले पारिवारिक सम्बन्धलाई अझ प्रगाढ बनायो ।

- **परिवारलाई सोही क्षेत्रमा संलग्न गराउनु :** परिवारका सदस्यहरूलाई पनि बिस्तारै सहकारी  र शिक्षाका मर्म बुझाउँदै सोही क्षेत्रमा संलग्न गराएपछि उनीहरूले मेरो व्यस्तता र सामाजिक दायित्वलाई गहिराइबाट बुझेर एक/अर्कामा समझदारी सहज भयो ।
- **नियमित सञ्चार र पूर्व जानकारीः** व्यस्तताका बिच पनि परिवारसँग नियमित फोन सम्पर्कमा रहने र कुनै कार्यक्रम वा बैठकका कारण ढिला हुने भएमा पूर्वजानकारी गराउने बानीले सम्बन्धमा आशङ्का र प्रतीक्षाको तनाव हुन दिएन ।
- **सादगी जीवनयापन :** धुम्रपान र मदिरापान पूर्ण रूपमा निषेध गर्दा स्वास्थ्य राम्रो रह्यो नै, अस्वस्थ जीवनशैली, अनावश्यक जमघट र अस्वस्थ भोजभतेरमा खेर जाने समय र पैसा दुवैको बचत भयो सादगी जीवनले मानसिक शान्ति प्रदान गर्छ की भन्ने मेरो बुझाई हो । यद्यपी साथी भाईहरुसंगको जमघटमा पटक्कै सहभागी नहुने भन्ने होइन ।
- **क्षमायाचना** : समय व्यवस्थापन गर्दा गर्दै पनि कहिलेकाहीं ढिलाइ वा त्रुटी हुँदा नम्रतापूर्वक आफ्ना संस्थाका सहकर्मी तथा परिवारका सदस्यहरु समक्ष क्षमायाचना गर्नाले सम्बन्धहरू बिग्रिन पाउँदैनन् र असमझदारी तत्काल हट्छ ।

## समानुभुति र उत्तराधिकार योजना

एक असल नेताले आफ्नो मात्र होइन, आफ्ना सहकर्मीहरूको समय र कार्य(जीवन सन्तुलनको पनि ख्याल गर्नुपर्छ। नेतृत्वमा रहँदा सहकर्मीहरूलाई निरन्तर दबाबमा राख्नुभन्दा उनीहरूको पारिवारिक र पेसागत जीवनको सम्मान गर्नु आवश्यक हुन्छ :

- **संस्थाको कार्यतालिका निर्माणः** संस्थाको कार्यतालिका निर्माण गर्दा सहकमर्की वा सञ्चालकहरूको मुख्य पेसा, व्यवसाय र घरायसी जीवनमा बाधा नपुग्ने गरी समय निर्धारण गरिन्छ । यसले गर्दा उनीहरू पनि उत्साही भएर संस्थामा योगदान दिन सक्छन् । जस्तै सार्वजनिक विदाको विहानीको समयमा बैठक राख्ने र उपस्थित कर्मचारीलाई समेत उचीत बैठक भत्ता वा अतिरिक्त कार्य भत्ताको व्यवस्थापन ।
- **दीर्घकालीन कार्ययोजना :** अल्पकालीन र हतारमा गरिएका निर्णयहरूले अस्तव्यस्तता सिर्जना गर्छन त्यसैले संस्थाहरूमा लामो समयको स्पष्ट कार्ययोजना बनाएर काम गर्दा कहिले, के र कसरी गर्ने भन्ने कुरा अगाडि नै निश्चित हुन्छ जसले गर्दा आफ्नो परिवार र अन्य क्षेत्रको समेत समय व्यवस्थापन गर्न सकिन्छ ।
- **उत्तराधिकारी निर्माण :** हामी कतिपयको सोच आफू रहुन्जेल संस्था राम्रोसंग चलोस् आफ्नो कार्यकाल पछी संस्था आफ्नो कार्यकालको भन्दा राम्रो नहोस् ताकि आफ्नो अपरिहार्यता प्रमाणित गर्न सकियोस । मेरो बुझाइमा त्यस्तो नेता असल नेता र नेतृत्व नै होइन । आफू मात्र सधैं अगाडि सरिरहनुको सट्टा दोस्रो तहका नेताहरू तयार पार्दा संस्था नेतृत्वविहीन हुँदैन र मुख्य नेतृत्वमाथिको कार्यबोझ घट्छ ।

## कार्य जीवनका थप आधुनिक विधि र तरिकाहरू

आजका तीव्र प्रतिस्पर्धात्मक र सूचनाको विस्फोट भएको युगमा कार्य जीवन सन्तुलन कायम राख्न साविकका तरिकाहरूका अतिरिक्त थप केही वैज्ञानिक र आधुनिक विधिहरू अपनाउनु अनिवार्य भइसकेको छ ।

- **आइजनहावर म्याट्रिक्स को प्रयोग**

कामहरूलाई चार भागमा विभाजन गरेर प्राथमिकता तय गर्नुपर्छ । अति आवश्यक र महत्वपूर्ण तत्काल आफैं गर्ने । महत्वपूर्ण तर अति आवश्यक नभएको तर महत्वपूर्ण कामको लागि कार्यतालिका बनाई कार्य सम्पादन गर्ने । अति आवश्यक तर महत्वपूर्ण नभएको काम अरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने । साथै अति आवश्यक पनि नभएको र महत्वपूर्ण पनि नभएको काम हटाउने वा वास्ता नगर्ने ।

- **पोमोडोरो प्रविधि**

निरन्तर काम गर्दा कार्यक्षमता घट्छ त्यसैले २५ मिनेट पूर्ण एकाग्रताका साथ काम गर्ने र त्यसपछि ५ मिनेटको छोटो विश्राम लिने । यसो गर्दा मस्तिष्क ताजा रहन्छ र कामको गुणस्तर बढ्छ ।

- **नाई भन्न सिक्ने कला**

हुन्छ बहादुर वा हुन्छ कुमारी हुन छोड्ने अर्थात् जुनसुकै काम गर्छु भन्ने बानी त्याग गर्ने । आफ्नो क्षमता, समय र प्राथमिकताभन्दा बाहिरका कामहरू स्वीकार गर्दा तनाव सिर्जना हुन्छ । अरूलाई आघात नपुग्ने गरी नम्रतापूर्वक नाई भन्न सिक्नु समय व्यवस्थापनको महत्वपूर्ण सीप हो ।

- **स्व मानसिक स्वास्थ्य**

दिनभरिको दौडधुप बिच दैनिक कम्तीमा ३० मिनेट देखि १ घण्टा आफ्नो लागि (ध्यान, योग, व्यायाम, अध्ययन वा एकान्त चिन्तन) छुट्ट्याउनुपर्छ । यसले मानसिक ऊर्जा पुनः भर्न (Recharge) मद्दत गर्छ ।

- **डिजिटल डिटोक्स**

प्रविधि सुविधा भए पनि यसको असीमित प्रयोगले समय नष्ट गर्छ र पारिवारिक तनाव सिर्जना गर्छ । कामको समयमा प्रविधिको अधिकतम प्रयोग गर्ने तर विश्रामको समय वा परिवारसँग हुँदा मोबाइल, सामाजिक सञ्जाल र डिजिटल डिभाइसहरुबाट टाढा रहने अभ्यास गर्नुपर्छ ।

- **सीमा निर्धारण**

काम र गृहजीवनबिच स्पष्ट सीमा कोर्नुपर्छ । कार्यालय वा संस्थाको तनावलाई घरमा नलैजाने र घरका समस्यालाई कार्यस्थलमा हाबी हुन नदिने बानी बसाल्नुपर्छ ।

निष्कर्षमा समय कसैका लागि रोकिँदैन र हामीसँग भएको समयलाई कसरी उपयोग गर्ने भन्ने कुरा पूर्ण रूपमा हाम्रै हातमा हुन्छ । साढेदुई दशकको मेरो सहकारी अभियान, शिक्षण पेसा र सामाजिक जीवनको अनुभवले के सिकाएको छ भने यदि नीति, विधि, प्रविधि र सादगी जीवनशैली छ भने मानिसले जस्तोसुकै बहुआयामिक जिम्मेवारीलाई पनि सहजै निभाउन सक्छ । काममा निष्ठा, सहकर्मीमा विश्वास, परिवारमा खुला संवाद, प्रविधिको सही प्रयोग, स्पष्ट प्राथमिकता र समयको कडा पालना नै कार्य जीवन सन्तुलनका वास्तविक स्तम्भ हुन् ।

**References**


BetterUp. (2025, April 28). *How to have good work-life balance*. https://www.betterup.com/blog/how-to-have-good-work-life-balance

Delecta, P. (2011). Work life balance. *International Journal of Current Research, 3*(4), 186–189.

Journal article from SAGEPub. (n.d.). //journals.sagepub.com/ doi/abs/10.1177/0266382105052268

Oregon State University Academic Success Center.

(2024, October 17). Pomodoro technique. https://success.oregonstate.edu/planning-time/pomodoro


गतिविधि

# वित्तीय सचेतना वृद्धिका लागि वित्तीय साक्षरता तालिम

२० पौष २०८२ । मकवानपुर । बागमती प्रोस्कूनको आयोजना र बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालयको आर्थिक सहयोगमा मकवानपुर, चितवन र धादिङ जिल्लाका प्रदेश नियमन क्षेत्रका सहकारी संस्था लक्षित तीन दिवसीय वित्तीय साक्षरता (Financial Literacy) तालिम मकवानपुरमा सम्पन भएको छ । तालिममा मकवानपुर, चितवन र धादिङ जिल्लाका २४ वटा बचत तथा ऋण सहकारी संस्थाबाट २५ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

बागमती प्रोस्कूनकी महिला उपाध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षतामा शुभारम्भ भएको तालिमको सहजीकरण संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहाल र तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले गर्नुभएको थियो ।

तालिममा व्यक्तिगत वित्तीय योजना, बचतको महत्व, जिम्मेवार ऋण व्यवस्थापन, बजेट निर्माण, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन तथा सदस्यस्तरमा वित्तीय साक्षरता विस्तार गर्ने व्यवहारिक पक्षहरूबारे अन्तरक्रियात्मक प्रशिक्षण सञ्चालन गरिएको थियो ।




तीन दिनसम्म सञ्चालित उक्त तालिम कार्यक्रमको समापन समारोहमा बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव खुविराम अधिकारीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै वित्तीय साक्षरता केवल ज्ञानमा सीमित नरही व्यवहारमा लागू हुनुपर्ने विषयमा जोड दिनुभयो । उहाँले आफू वित्तीय रूपमा सचेत बनेपछि मात्र अरूलाई पनि वित्तीय रूपमा सक्षम बनाउन सकिने उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञानलाई

आफ्ना संस्था र सदस्यहरूमाझ प्रभावकारी रूपमा विस्तार गर्न आग्रह गर्नु भएको थियो ।

कार्यक्रमको समापन गर्दै बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले बागमती प्रोस्कून सदस्य संस्थाहरूको क्षमता विकास, प्राविधिक सहजीकरण तथा समस्या समाधानका लागि सदैव प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा रूपान्तरण गर्दै सदस्यहरूमा वित्तीय अनुशासन र सचेतना अभिवृद्धि गर्न सहभागीहरूलाई प्रेरित गर्नु भएको थियो । समापन कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष जिवसराज खड्का, महिला उपाध्यक्ष कल्पना श्रेष्ठ, महासचिव गोविन्दप्रसाद काफ्लेलगायत बागमती प्रोस्कूनका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

वित्तीय साक्षरता तालिमले सहभागीहरूमा व्यक्तिगत तथा संस्थागत वित्तीय व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र व्यवहारिक क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । तालिमबाट प्राप्त सिकाइलाई सहकारी संस्थामार्फत सदस्यहरूसम्म विस्तार गरी वित्तीय रूपमा सक्षम, जिम्मेवार र आत्मनिर्भर समुदाय निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

गतिविधि

# आठ जिल्लाका सहकारीकर्मीलाई वित्तीय साक्षरताको व्यवहारिक प्रशिक्षण



२८ पौष २०८२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को आयोजना र बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयको आर्थिक सहयोगमा तीन दिवसीय वित्तीय साक्षरता (Financial Literacy) तालिम काठमाडौं सम्पन्न भएको छ । काठमाडौं उपत्यकाका तीन जिल्लासहित काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, रामेछाप, नुवाकोट, र रसुवा गरी दश जिल्लाका प्रदेश नियमन क्षेत्रका सहकारी संस्थाहरु लक्षित कार्यक्रममा ८ वटा जिल्लाका २६ वटा बचत तथा ऋण सहकारी संस्थाबाट २६ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

बागमती प्रोस्कूनका महासचिव गोविन्दप्रसाद काफ्लेको अध्यक्षतामा भएको तालिमको उद्घाटन सत्रमा प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले स्वागत मन्तव्य राख्नु भएको थियो । तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

संघले विकास गरेको वित्तीय साक्षरताको तालिम पाठ्यक्रममा आधारित तालिममा वित्तीय साक्षरताको अवधारणा, व्यक्तिगत तथा पारिवारिक वित्त व्यवस्थापन, बचत र ऋणको प्रभावकारी उपयोग, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन तथा सहकारी संस्थामार्फत सदस्यहरूमा वित्तीय चेतना विस्तार गर्ने व्यवहारिक पक्षहरूमा केन्द्रीत प्रशिक्षण गरिएको थियो ।

समापन समारोहमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै बागमती प्रदेशका सहकारी रजिस्ट्रार प्रदीपराज पौडेलले वित्तीय साक्षरताको अभावका कारण वित्तीय कारोबारमा विभिन्न जोखिम उत्पन्न हुने भएकाले तालिमबाट प्राप्त ज्ञानलाई आफ्ना संस्था र सदस्यहरूमाझ विस्तार गर्नु सहभागीहरूको जिम्मेवारी भएको बताउनुभयो । उहाँले बागमती प्रदेश सरकारले यही उद्देश्यका साथ बागमती प्रोस्कूनलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको जिम्मेवारी दिएको उल्लेख गर्दै सिकेका विषयलाई व्यवहारमा लागू गर्न आग्रह गर्नुभयो । साथै, प्रदेश रजिस्ट्रारको कार्यालय काठमाडौंमा स्थानान्तरण भइसकेकाले आगामी दिनमा प्रतिवेदन बुझाउने कार्य काठमाडौंबाट हुने जानकारी पनि गराउनु भएको थियो ।

कार्यक्रमको समापन गर्दै बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले सीमित बजेटका बाबजुद पनि प्रदेशका सबै जिल्लालाई समेट्ने उद्देश्यका साथ गुणस्तरीय तालिम सञ्चालन गरिएको बताउनुभयो । उहाँले बागमती प्रोस्कून शिक्षा-तालिममा मात्र सीमित नभई सदस्य संस्थाहरूको प्राविधिक तथा व्यवस्थापकीय समस्याको समाधानका लागि पनि सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै सहभागीहरूलाई तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा लागू गरी सदस्य तथा समुदायमा वित्तीय साक्षरता विस्तार गर्न आग्रह गर्नुभयो ।

समापन कार्यक्रममा वरिष्ठ उपाध्यक्ष जीवसराज खड्का, सचिव ठाकुरप्रसाद बास्कोटालगायत बागमती प्रोस्कूनका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । तीनदिने वित्तीय साक्षरता तालिमले सहभागी सहकारीकर्मीहरूको वित्तीय ज्ञान, सीप र व्यवहारिक क्षमता अभिवृद्धि गर्नुका साथै सदस्यस्तरसम्म वित्तीय चेतना विस्तार गर्ने साझा प्रतिबद्धतालाई थप बलियो बनाएको छ । तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा रूपान्तरण गर्दै वित्तीय रूपमा सचेत, जिम्मेवार र आत्मनिर्भर सदस्य तथा समुदाय निर्माणमा सहकारी संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

लेख

# रोजगारी सिर्जनामा सहकारी : अवसर, चुनौती र सम्भावना



के.बी. लामा स्याङ्तान
प्रमुख कार्यकारी अधिकृत
बिन्धवासिनी साकोस, काभ्रे

> सहकारीलाई साँचो अर्थमा रोजगारी सिर्जनाको माध्यम बनाउन यसलाई बचत र ऋणको कारोबारबाट मात्र बाहिर निकालेर उत्पादन र सेवा तर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता छ। नेपालका सहकारी संस्थाहरूमा कर्मचारी व्यवस्थापन तथा रोजगारी दुई तहका कानुनी दायराबाट निर्देशित हुन्छन। एक सहकारी सम्बन्धी कानुन (विशेष कानुन) र दोस्रो श्रम तथा सामाजिक सुरक्षा सम्बन्धी कानुन (सामान्य कानुन)।

सहकारीले रोजगारी सिर्जनामा ऐतिहासिक योगदान दिए तापनि, पछिल्लो समय यो क्षेत्र गम्भीर चुनौतीहरूबाट गुज्रिरहेको छ। केही सहकारीहरूमा देखिएको सुशासनको अभाव, व्यवस्थापकीय कमजोरी र आर्थिक अनियमितताका कारण सिर्जना भएका रोजगारी गुम्ने र आम नागरिकको बचत जोखिममा पर्ने अवस्था आएको छ।

सहकारी क्षेत्रलाई रोजगारी सिर्जनाको दिगो र भरपर्दो माध्यम बनाइराख्न राज्यले कडा नियमन, प्रभावकारी अनुगमन, र सहकारी सञ्चालकहरूमा पारदर्शिताको विकास गराउनु अत्यन्तै आवश्यक छ। नेपालको सहकारी क्षेत्रले अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा मान्यता पाएको छ। यसले एकातिर लाखौं नागरिकलाई रोजगारी र स्वरोजगारीको बाटो देखाएको छ भने अर्कोतिर व्यवस्थापकीय कमजोरी र सुशासनको अभावले गम्भीर चुनौतीहरू पनि सामना गरिरहेको छ।

सहकारी क्षेत्रमा रोजगारीको अवस्थालाई अवसर, चुनौती र सम्भावना गरी तीन भागमा विश्लेषण गर्न सकिन्छ।

## १) रोजगारीका अवसरहरू (Opportunities)

सहकारीले विशेषगरी ग्रामीण र अर्ध सहरी क्षेत्रमा तल्लो तहका नागरिकलाई आर्थिक रूपमा सक्रिय बनाउन ठूलो भूमिका खेलेको छ।

- प्रत्यक्ष रोजगारी: देशभर रहेका ३० हजारभन्दा बढी सहकारी संस्थाहरूले व्यवस्थापक, ऋण अधिकृत, लेखापाल, बजार प्रतिनिधि (कलेक्टर), र प्राविधिक गरी लाखौं युवाहरूलाई प्रत्यक्ष रोजगारी दिएका छन्।
- पूँजी निर्माण र स्वरोजगारी: साना किसान र निम्न वर्गीय परिवारलाई बिना झन्झट सानो कर्जा उपलब्ध गराएर खुद्रा पसल, सिलाई कटाई, पशुपालन, र अटो(रिक्सा) जस्ता स्वरोजगारमूलक व्यवसाय गर्न सक्षम बनाएको छ।
- आपूर्ति शृंखलामा रोजगारी (Supply Chain Jobs) : कृषि र दुग्ध सहकारीहरूले संकलन केन्द्र सञ्चालन, ढुवानी, प्रशोधन र प्याकेजिङ जस्ता क्षेत्रमा थप रोजगारीका अवसरहरू सिर्जना गरेका छन्।
- महिला नेतृत्व र रोजगारी: महिलाहरू मात्र आबद्ध सहकारीहरूले हजारौं गृहिणीहरूलाई नेतृत्वदायी भूमिका र आयआर्जनको बाटोमा ल्याएर आर्थिक रूपमा सशक्त बनाएका छन्।

## २) चुनौतीहरू (Chllaenges)

पछिल्लो समय सहकारी क्षेत्र गम्भीर संकटबाट गुज्रिरहेको छ, जसले गर्दा यस क्षेत्रको रोजगारी जोखिममा परेको छ।

- सुशासन र पारदर्शिताको अभाव: केही सञ्चालकहरूले व्यक्तिगत स्वार्थका लागि निक्षेपको दुरुपयोग गर्दा संस्था डुब्ने र त्यहाँ कार्यरत कर्मचारीहरूले एकैपटक रोजगारी गुमाउने अवस्था सिर्जना भएको छ।
- रोजगारीको असुरक्षा र न्यून सेवा सुविधा: वाणिज्य बैंक वा कर्पोरेट क्षेत्रको तुलनामा धेरैजसो सहकारीमा काम गर्ने कर्मचारीको तलब, भत्ता र रोजगारीको सुरक्षा निकै कमजोर छ।
- दक्ष जनशक्तिको अभाव: आधुनिक प्रविधि र वित्तीय जोखिम व्यवस्थापन बुझेका दक्ष जनशक्तिलाई आकर्षित गर्न र टिकाइराख्न सहकारीहरूलाई गाह्रो भइरहेको छ।
- बचत तथा ऋणमा मात्रै सीमित: अधिकांश सहकारीहरू अनुत्पादक क्षेत्र (जग्गा प्लटिङ, सेयर बजार र केवल बचत, ऋणमा मात्र केन्द्रित हुँदा दिगो र वास्तविक रोजगारी सिर्जना हुन सकेको छैन।

## ३) सम्भावनाहरू (Prospects)

वर्तमान चुनौतीहरूलाई चिर्दै नीतिगत सुधार गर्न सकेमा सहकारी क्षेत्र भविष्यमा रोजगारी सिर्जनाको सबैभन्दा भरपर्दो माध्यम बन्न सक्छ।

- उत्पादनमूलक क्षेत्रमा रूपान्तरणः बचत तथा ऋण सहकारीहरूलाई बिस्तारै कृषि, ऊर्जा, जडीबुटी प्रशोधन र हस्तकला जस्ता उत्पादनमूलक क्षेत्रमा गाभ्न वा रूपान्तरण गर्न सके हजारौं नयाँ र दिगो रोजगारी सिर्जना गर्न सकिन्छ ।
- प्रविधिको प्रयोग (Digitization) : मोबाइल बैंकिङ, कोर बैंकिङ सफ्टवेयर (CBS) र डिजिटल भुक्तानीको प्रयोग बढाउँदा आईटी (IT) क्षेत्रका युवाहरूका लागि सहकारीमा नयाँ अवसरहरू खुल्दैछन् ।
- संस्थाहरूको एकीकरण (Merger) : साना र कमजोर सहकारीहरूलाई गाभेर ठूला र बलिया संस्था बनाउँदा कर्मचारीहरूले राम्रो सेवा/सुविधा पाउनुका साथै रोजगारीको सुरक्षा पनि बढ्छ
- कृषि पर्यटन र स्थानीय स्रोतको उपयोगः गाउँ-गाउँमा रहेका सहकारीहरूले होमस्टे (Homestay), अर्गानिक खेती र स्थानीय पर्यटन प्रवर्द्धनमा लगानी गरेर युवाहरूलाई विदेशिनबाट रोक्न सक्ने प्रशस्त सम्भावना छ ।

**नियमकीय व्यवस्थाः**

नेपालका सहकारी संस्थाहरूमा रोजगारी, कर्मचारी व्यवस्थापन र श्रमसम्बन्धी विषयलाई व्यवस्थित बनाउन सहकारी ऐन, नियमावली तथा सामान्य श्रम कानूनहरूको आधारमा विभिन्न नियमकीय व्यवस्थाहरू गरिएका छन । सहकारीमा कार्यरत जनशक्ति र रोजगारीलाई निर्देशित गर्ने मुख्य नियमकीय व्यवस्थाहरू यसप्रकार छन् ।

**१) कर्मचारी सेवा विनियमावली (Staff Service Bylaw)**

- आन्तरिक विनियमः सहकारी संस्थाले आफ्नो कारोबारको आकार, प्रकृति र जनशक्तिको आवश्यकता अनुसार प्रचलित कानूनको अधीनमा रही छुट्टै कर्मचारी सेवा सञ्चालन कार्यविधि वा विनियमावली बनाउनुपर्छ ।
- पारदर्शी मापदण्डः यस विनियमावलीमा कर्मचारीको छनोट, खुला प्रतिस्पर्धाबाट नियुक्ति, पारिश्रमिक, सेवा सुविधा, बढुवा, आन्तरिक आचारसंहिता र अवकाशसम्बन्धी स्पष्ट व्यवस्था गरिएको हुन्छ ।

**२) सञ्चालक समिति र व्यवस्थापनको पृथकता**

- स्वार्थ बाझिन नदिने व्यवस्थामा सहकारी ऐन अनुसार साधारण सभाबाट निर्वाचित सञ्चालक समितिका पदाधिकारी वा सदस्यहरू संस्थाको नियमित तलब खाने वा कार्यकारी कर्मचारी व्यवस्थापक वा अन्य पदको रूपमा काम गर्न पाउँदैनन ।
- व्यावसायिक व्यवस्थापनः संस्थाको रोजगारीलाई परिवारवाद वा सञ्चालकहरूको हस्तक्षेपबाट मुक्त गराउन व्यवस्थापन पक्षलाई पूर्ण रूपमा स्वतन्त्र र व्यावसायिक रूपमा सञ्चालन गर्नुपर्ने कानुनी बाध्यता छ ।

**३) व्यवस्थापकको योग्यता र नियुक्तिसम्बन्धी मापदण्ड**

- योग्यता निर्धारण : सहकारीको कारोबारको दायरा (कारोबार रकम, बचत र सदस्य संख्या) को आधारमा व्यवस्थापक वा मुख्य कार्यकारी अधिकृतको न्यूनतम शैक्षिक योग्यता, व्यवस्थापकीय तालीम र अनुभव तोकिएको छ भने प्रमुख कार्यकारी अधिकृतको कार्यकाल ४ वर्ष र बढीमा २ कार्यकारी सम्म नियुक्ति हुन सक्ने व्यवस्था गरिएको छ ।
- कार्यक्षेत्रः व्यवस्थापकले सञ्चालक समितिको नीति निर्देशनअन्तर्गत रही दैनिक प्रशासनिक, वित्तीय र रोजगारी सिर्जनासँग सम्बन्धित कार्यकारी कार्यहरूको नेतृत्व गर्दछन् ।

**४) श्रम कानून र सामाजिक सुरक्षाको पालना**

- श्रम ऐनको आकर्षण : सहकारी संस्थामा काम गर्ने कर्मचारीहरूका हकमा नेपालको श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ का प्रावधानहरू लागू हुन्छन । यसअनुसार काम गर्ने समय, साप्ताहिक बिदा, चाडपर्व खर्च र न्यूनतम पारिश्रमिकको पालना अनिवार्य छ ।
- सामाजिक सुरक्षा कोष (SSF) औपचारिक क्षेत्रका रूपमा सहकारी संस्थाहरूले आफ्ना कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गराउनुपर्ने र कानुनबमोजिम सञ्चय कोष, उपदान तथा औषधोपचार बीमाको व्यवस्था गर्नुपर्ने हुन्छ ।

**५) रेकर्ड र प्रशासनिक सुशासन**

- अभिलेख व्यवस्थापन : सहकारीले कर्मचारीहरूको हाजिरी, व्यक्तिगत विवरण, तलबभत्ताको पेरोल, र पारिश्रमिकबाट काटिने कर (TDS) को अभिलेख सुरक्षित राख्नुपर्छ ।
- लेखापरीक्षण : संस्थाको वार्षिक लेखापरीक्षण (Audit) का क्रममा कर्मचारीको प्रशासनिक खर्च सहकारीको मापदण्ड र संस्थाको वित्तीय क्षमताभित्र रहे/नरहेको अनिवार्य रूपमा परीक्षण गरिन्छ

**२) सहकारीमा रोजगारीका सम्भावनाहरू**

भविष्यमा सहकारीमार्फत अझै ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू छन् :

- व्यावसायिक कृषि र उत्पादन : निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउन सहकारीमार्फत सामूहिक खेती, शीतभण्डार (Cold Store) सञ्चालन र कृषि प्रशोधन उद्योग खोल्न सकेमा गाउँमै हजारौं रोजगारी सिर्जना हुन सक्छ ।
- स्थानीय स्रोत साधनको उपयोगः जडीबुटी प्रशोधन, बाँस र निगालोका सामग्री निर्माण, र खनिजजन्य उत्पादनलाई सहकारीको मोडलबाट अघि बढाउने प्रशस्त सम्भावना छ
- पर्यटन प्रवर्द्धनः होमस्टे (Homestay), पर्या/पर्यटन र स्थानीय संस्कृति संरक्षणमा आधारित पर्यटन सहकारीहरूले ग्रामीण क्षेत्रमा नयाँ रोजगारीका ढोका खोल्न सक्छन् ।
- सेवा क्षेत्र र प्रविधिः सूचना प्रविधि (IT), स्वास्थ्य सेवा र यातायात क्षेत्रमा पनि सहकारी मोडल अपनाएर युवाहरूलाई स्वदेशमै रोक्न सकिन्छ ।

**३) सहकारी क्षेत्रका चुनौतीहरू**

रोजगारी सिर्जनाको ठूलो सम्भावना हुँदाहुँदै पनि यो क्षेत्रले गम्भीर चुनौतीहरूको सामना गरिरहेको छन

- अनुत्पादक क्षेत्रमा लगानीः धेरैजसो सहकारीहरूले कृषि वा साना उद्योगमा भन्दा घरजग्गा (Real Estate) र अनुत्पादक क्षेत्रमा लगानी गर्दा वास्तविक रोजगारी सिर्जना हुन सकेको छैन
- सुशासन र पारदर्शिताको अभावः केही सहकारीहरूमा सञ्चालकहरूको एकाधिकार र चरम अनियमितताले गर्दा बचतकर्ताको रकम हिनामिना हुने गरेको छ, जसले समग्र सहकारी क्षेत्रप्रतिको विश्वास घटाएको छ ।

- सीप र पुंजीको अभाव : उत्पादनमुखी सहकारीहरूसँग ठूलो उद्योग स्थापना गर्न आवश्यक पर्ने पुँजी र आधुनिक प्रविधिको ज्ञानको कमी छ ।
- नियमन र सुपरिवेक्षण फितलो हुनु : देशैभरि छरिएका सहकारीहरूको प्रभावकारी अनुगमन गर्ने संयन्त्र र जनशक्तिको अभाव सरकारसँग छ ।

### ४) नियमकीय व्यवस्था (Regulatory Framework)

सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन नेपालमा विभिन्न कानुनी र नीतिगत व्यवस्थाहरू गरिएका छन ।

| कानुन/नीति | मुख्य व्यवस्था र उद्देश्य |
|---|---|
| **नेपालको संविधान (२०७२)** | धारा ५० मा 'सार्वजनिक, निजी र सहकारी' क्षेत्रको सहभागितामा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उल्लेख छ । |
| **सहकारी ऐन, २०७४** | सहकारी संस्थाको दर्ता, सञ्चालन, लगानीका क्षेत्र, र खारेजीसम्मको समग्र प्रक्रिया निर्देशित गर्ने मूल कानुन। यसले सदस्य केन्द्रित व्यवसायमा जोड दिन्छ । |
| **सहकारी नियमावली, २०७५** | सहकारी ऐनलाई कार्यान्वयन गर्न आवश्यक पर्ने विस्तृत कार्यविधि र मापदण्डहरू यसमा तोकिएका छन् । |
| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाई आफ्नो कार्यक्षेत्रभित्रका सहकारीको दर्ता, अनुमति, खारेजी र नियमन गर्ने पूर्ण अधिकार दिइएको छ । |
| **सहकारी विभाग र मन्त्रालय** | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका विभागहरूले नीति निर्माण, निर्देशन र केन्द्रीय स्तरको सुपरिवेक्षण गर्दछन् । |

सहकारीलाई साँचो अर्थमा रोजगारी सिर्जनाको माध्यम बनाउन यसलाई बचत र ऋणको कारोबारबाट मात्र बाहिर निकालेर उत्पादन र सेवा तर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता छ । नेपालका सहकारी संस्थाहरूमा कर्मचारी व्यवस्थापन तथा रोजगारी दुई तहका कानुनी दायराबाट निर्देशित हुन्छन । एक सहकारी सम्बन्धी कानुन (विशेष कानुन) र दोस्रो श्रम तथा सामाजिक सुरक्षा सम्बन्धी कानुन (सामान्य कानुन) ।

सहकारी क्षेत्रको रोजगारीलाई पारदर्शी, सुरक्षित र व्यावसायिक बनाउन गरिएका मुख्य नियमकीय व्यवस्थाहरू निम्न अनुसार छन ।

### १) सहकारी ऐन, २०७४ र नियमावली, २०७५ का प्रावधान

- कर्मचारी सेवा विनियमावलीको बाध्यकारिता: प्रत्येक सहकारी संस्थाले आफ्नो साधारण सभाबाट स्वीकृत कर्मचारी सेवा विनियमावली वा आन्तरिक कार्यविधि बनाउनु अनिवार्य छ । यसै विनियमावलीमा कर्मचारीको पदपूर्ति प्रक्रिया, न्यूनतम योग्यता, तलब/भत्ता, बिदा, कार्यमूल्यांकन र सजायको स्पष्ट व्यवस्था हुनुपर्छ ।
- सञ्चालक र व्यवस्थापनको पृथकीकरण: सञ्चालक समितिका सदस्य वा पदाधिकारीहरू संस्थाको वैतनिक र तलबी कर्मचारी (जस्तै: व्यवस्थापक, लेखापाल) हुन पाउँदैनन् । सुशासन कायम राख्न नीति निर्माण गर्ने (सञ्चालक) र कार्यान्वयन गर्ने कर्मचारी) पक्ष छुट्टाछुट्टै हुनुपर्ने कानुनी व्यवस्था छ ।
- व्यवस्थापक (CEO) को योग्यता, नियुक्ति र कार्यकाल : संस्थाको कारोबारको दायरा अनुसार व्यवस्थापक वा मुख्य कार्यकारी अधिकृत (CEO) को न्यूनतम शैक्षिक योग्यता र अनुभव तोकिएको हुन्छ । सञ्चालक समितिले खुला प्रतिस्पर्धा वा पारदर्शी प्रक्रियाबाट व्यवस्थापक नियुक्ति गर्नुपर्छ
- प्रशासनिक खर्चको सीमा: सहकारी विभाग र प्रदेश, स्थानीय नियमनकारी निकायहरूले जारी गरेका मापदण्डअनुसार संस्थाको कुल परिचालन आय, नाफाको निश्चित प्रतिशतभन्दा बढी प्रशासनिक र कर्मचारी खर्च गर्न पाइँदैन ।

### २) श्रम तथा सामाजिक सुरक्षा ऐनका प्रावधान

सहकारी संस्थालाई कानुनले प्रतिष्ठा (Establishment) को रूपमा स्वीकारेकाले यसमा कार्यरत कर्मचारीका हकमा श्रम कानूनहरू पूर्ण रूपमा लागू हुन्छन् ।

- नियमति पारिश्रमिक र कार्यसमय: श्रम ऐन, २०७४ अनुसार सरकारले तोकेको न्यूनतम पारिश्रमिक (Minimum Wage) दिनु अनिवार्य छ। साथै, दैनिक ८ घण्टा (हप्ताको ४८ घण्टा) भन्दा बढी काम गराएमा ओभरटाइम अतिरिक्त समय) को व्यवस्था गर्नुपर्छ ।
- सामाजिक सुरक्षा कोष (SSF) मा आबद्धता: योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार सहकारी संस्थाहरूले आफ्ना सम्पूर्ण कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोष (SSF) मा सूचिकृत गराउनु पर्छ । यसमा सञ्चयकोष, उपदान (Gratuity), औषधि उपचार तथा दुर्घटना बीमा समावेश हुन्छन् ।
- बिदा तथा अन्य सुविधाहरू: साप्ताहिक बिदा, सार्वजनिक बिदा, बिरामी बिदा, प्रसूति बिदा र किरिया बिदा जस्ता श्रम ऐनले तोकेका सुविधाहरू कर्मचारीहरूले पाउने कानुनी हक हुन्छ ।

### ३) नियमकीय निकाय र दायित्वको ढाँचा

| नियमकीय निकाय/ कानुन | नियमनको मुख्य विषय | मुख्य दायितव |
|---|---|---|
| **सहकारी ऐन २०७४/ नियमावली २०७५** | संस्थागत सुशासन र सेवा विनियमावली | कर्मचारी विनियमावली स्वीकृत गर्ने, पदपूर्ति पारदर्शी बनाउने, सञ्चालकलाई कर्मचारी बन्न रोक्ने ।<br>गत वर्षके तलब खर्चको आधारमा न्यूनतम २ प्रतिशत रकम कर्मचारीको दक्षता अभिवृद्धिका लागि बजेट व्यवस्था गर्नुपर्ने । |

| | | |
|---|---|---|
| **श्रम ऐन २०७४** | कामको शर्त, पारिश्रमिक र सुरक्षा | न्यूनतम तलब, निश्चित कामको समय, बिदा र श्रम अधिकारको ग्यारेन्टी गर्ने । |
| **सामाजिक सुरक्षा ऐन २०७४** | उपदान, सञ्चयकोष र बिमा | सामाजिक सुरक्षा कोष (SSF) मा रोजगारदाता र कर्मचारी दुवैको योगदान दर्ता गर्ने । |
| **स्थानीय / प्रदेश सहकारी शाखा** | अनुगमन र प्रशासनिक खर्चको सीमा | कर्मचारी खर्चको सीमा अनुगमन गर्ने, तालिम तथा क्षमता विकासमा नियमन गर्ने । |

सारंशः सहकारीमा रोजगारी पाउन र दिन दुवै पक्षका लागि पारदर्शी कर्मचारी सेवा विनियमावली हुनु पहिलो सर्त हो । यसले सहकारीमा व्यावसायिकता ल्याउनुका साथै कर्मचारीको सेवा सुरक्षा सुनिश्चित गर्दछ ।

# कोशिस चौथो समूहको चौथो *WE CAN* कार्यशाला सम्पन्न




२८ मंसिर २०८२ । काठमाडौं । सहकारी संस्थाहरूमा सुशासन, क्षमता विकास, कानुनी परिपालना तथा संस्थागत दिगोपनलाई सुदृढ बनाउने उद्देश्यले सञ्चालित कोशिस अन्तर्गत चौथो समूहको 4th WE CAN कार्यशाला सम्पन्न भएको छ । संघको आयोजना र ललितपुर महानगरपालिका, आर्थिक व्यवस्थापन महाशाखाको साझेदारीमा सञ्चालित कार्यक्रम संघका वरिष्ठ उपाध्यक्ष जीवसराज खड्काको अध्यक्षतामा सम्पन्न भएको थियो । तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले सञ्चालन गर्नु भएको कार्यक्रममा संघका व्यवसाय विभाग प्रमुख सुदर्शन दाहालले स्वागत मन्तव्य राख्नु भएको थियो । सो क्रममा वरिष्ठ उपाध्यक्ष खड्काले राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) मा तोकिएको समयसीमाभित्र अभिलेखीकरण सम्पन्न गरी दर्ता प्रमाणपत्र प्राप्त गर्नुपर्ने कानुनी दायित्वबारे जानकारी गराउँदै नियामकीय व्यवस्थाको पूर्ण पालना गर्न सहभागी संस्थाहरूलाई आग्रह गर्नुभयो । उहाँले विगतका केही अस्वस्थ अभ्यासका कारण सहकारी क्षेत्रप्रति राज्यको दृष्टिकोण परिवर्तन भएको उल्लेख गर्दै अब सुशासन, पारदर्शिता र स्वअनुशासनमार्फत सहकारी क्षेत्रप्रति विश्वास पुनःस्थापित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै सहकारी क्षेत्रका साझा समस्याको समाधानका लागि बागमती प्रोस्कून निरन्तर नीति संवाद, बहस र पैरवीमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

WE CAN Workshop अन्तर्गत नियमित रूपमा सञ्चालन हुने समसामयिक विषयगत अनुशिक्षण कार्यक्रमअनुसार यसपटक Documentation and Reporting (दस्तावेजीकरण तथा प्रतिवेदन व्यवस्थापन)' विषयमा तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले अभिमुखिकरण गराउनु भएको थियो । कार्यक्रमको दोस्रो चरणमा सहभागी पाँचवटै सहकारी संस्थाले कोशिसका सूचकका आधारमा आफ्नो संस्थागत अवस्था, सुधारका प्रयास तथा प्रगति विवरण प्रस्तुत गरेका थिए । संस्थागत प्रस्तुती पछि व्यवसाय विभाग प्रमुख सुदर्शन दाहाल तथा कार्यक्रम अधिकृत किशोर पौडेलले प्रत्येक प्राविधिक समीक्षा, सुझाव तथा पृष्ठपोषण प्रदान गर्दै आगामी सुधारका क्षेत्रहरू स्पष्ट गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा चौथो समूहको 5th WE CAN Workshop बागमती प्रोस्कूनको आयोजनामा २०८२ फागुन २८ गते बिहीबार सञ्चालन गर्ने निर्णय गरि समापन गरिएको थियो ।

# एन.सि.आर.ए. अभिलेखीकरणका लागि बागमती प्रोस्कूनको पहल




१० मंसिर २०८२ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको नियमनका लागि नेपाल सरकारले कानून संशोधन गरी गरेको नयाँ व्यवस्था बमोजिम स्थापित भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको सञ्चालकीय मापदण्ड २०८२ बमोजिम अभिलेखीकरण गर्नु पर्ने अनिवार्य व्यवस्थालाई मध्यनजर गरी अभिलेखिकरणको प्रक्रियालाई सहज, प्रभावकारी र त्रुटिरहित बनाउन बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले संघको सञ्जालमा आबद्ध सहकारी संस्थाहरूका लागि 'एन.सि.आर.ए. दर्ता प्रक्रिया सम्बन्धी अन्तरक्रिया कार्यक्रम' सम्पन्न गरेको छ ।

अभिलेखीकरण प्रक्रियाका लागि आवश्यक पूर्वतयारी, अध्यावधिक विवरण भर्ने विधि, आवश्यक कागजातहरूको व्यवस्थापन तथा विवरण प्रविष्टिका क्रममा आउन सक्ने व्यवहारिक समस्या र तिनका समाधानबारे सहभागी संस्थाहरूलाई स्पष्ट जानकारी गराउनु कार्यक्रमको उद्देश्य रहेको थियो । अन्तरक्रियाका क्रममा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अभिलेखीकरण प्रक्रियाको आवश्यकता, कानुनी आधार, तयारीका चरणहरू तथा विवरण प्रविष्टि गर्दा ध्यान दिनुपर्ने विषयहरूबारे विस्तृत सहजीकरण गर्नुभएको थियो । उहाँले सहभागीहरूले उठाएका जिज्ञासाको उत्तर दिँदै अभिलेखीकरणलाई समयमै, सही र पूर्ण रूपमा सम्पन्न गर्न आवश्यक सुझावसमेत प्रदान गर्नुभयो ।

गतिविधि

# कोशिस पाँचौं समूहको 1st WE CAN Workshop सम्पन्न



१३ पौष २०८२ । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित कोशिस (Cooperative Self-Regulation Program for Organizational Sustainability and Institutionalized Service–COSIS) अन्तर्गत पाँचौं समूहको 1st WE CAN -Worth and Effective Cooperation and Novelty Management-Workshop काठमाडौंमा सम्पन्न भएको छ । आयोजक संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता तथा ललितपुर महानगरपालिकाका सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीको आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले कार्यक्रमको उद्देश्य र कोशिस कार्यक्रमको प्रभाव विश्लेषण सहित सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । सो अवसरमा अध्यक्ष उद्धव सापकोटाले कोशिसका सूचक र मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके सहभागी संस्थाहरूले अन्य सहकारीभन्दा पृथक् र उत्कृष्ट पहिचान बनाउन सक्ने उल्लेख गर्दै संस्थागत सुधारका लागि निरन्तर प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो । उहाँले राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) मा समयमै अभिलेखीकरण सम्पन्न गर्न आग्रह गर्दै आवश्यक प्राविधिक सहजीकरणका लागि बागमती प्रोस्कून सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको नियमित क्षमता विकास सत्रअन्तर्गत प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले सहकारी ऐन, २०७४ को संशोधित व्यवस्था, राष्ट्रिय सहकारी नियमन प्राधिकरणका नियामकीय मापदण्ड-२०८२ तथा बचत तथा ऋण सहकारी संस्थाको भावी मार्गचित्र विषयमा अनुशिक्षण प्रदान गर्नुभएको थियो । सहभागीहरूले उठाएका कानुनी तथा व्यवस्थापकीय जिज्ञासामाथि विस्तृत छलफलसमेत गरिएको थियो त्यसैगरी दोस्रो चरणमा सहभागी सातवटै सहकारी संस्थाले कोशिसका सूचकका आधारमा आफ्नो संस्थागत अवस्था, सुधारका प्रयास तथा प्रगति विवरण प्रस्तुत गरेका थिए । प्रस्तुती पछि व्यवसाय अधिकृत सुदर्शन दाहाल र कार्यक्रम अधिकृत किशोर पौडेलले संस्थागत सुधार, सूचकहरूको कार्यान्वयन तथा आगामी कार्ययोजनाबारे आवश्यक प्राविधिक सुझाव र पृष्ठपोषण प्रदान गर्नुभएको थियो ।

कार्यशालाले सहभागी सहकारी संस्थाहरूलाई कानुनी परिपालना, नियामकीय मापदण्डको कार्यान्वयन तथा संस्थागत क्षमता विकासका विषयमा थप स्पष्टता प्रदान गरेको छ । कोशिस कार्यक्रममार्फत प्राप्त प्राविधिक मार्गदर्शन, अनुभव आदान-प्रदान र सामूहिक प्रतिबद्धताले सहभागी संस्थाहरूलाई सुशासन, पारदर्शिता र दिगोपनतर्फ थप सुदृढ बनाउने विश्वास व्यक्त गर्दै पाँचौं समूहको दोस्रो WE CAN कार्यशाला २०८२ चैत १५ गते आइतबार बागमती प्रोस्कूनको आयोजनामा सञ्चालन गर्ने निर्णय सहित सम्पन्न भएको थियो ।

# कोशिस Manual Discussion कार्यक्रम सम्पन्न

२१ पौष २०८२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले विकास गरी बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट २०७८ चैत २० गते स्वीकृत प्राप्त 'संगठनात्मक दिगोपन र संस्थागत सेवाका लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) (Cooperative Self-Regulation Program for Organizational Sustainability and Institutionalized Service (COSIS) को Manual Discussion कार्यक्रम मकवानपुर हेटौंडामा सम्पन्न भएको छ ।

वर्तमान सहकारी ऐन, सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन तथा मापदण्ड र मन्त्रालयका नीतिगत व्यवस्थाअनुसार कोशिस कार्यक्रमका सूचकहरूलाई समयसापेक्ष रूपमा परिमार्जन, अद्यावधिक तथा थप व्यवस्थासहित प्रभावकारी बनाउनु कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव खुविराम अधिकारी, सहकारी रजिस्ट्रार प्रदीपराज पौडेल, सहकारी महाशाखा प्रमुख उमेशकुमार दाहाल तथा




मन्त्रालयका सहकारी सम्बद्ध कर्मचारीहरूको सहभागिता रहेको थियो भने बागमती प्रोस्कूनबाट अध्यक्ष उद्धव सापकोटा, वरिष्ठ उपाध्यक्ष जीवसराज खड्का, महिला उपाध्यक्ष कल्पना श्रेष्ठ, महासचिव गोविन्दप्रसाद काफ्ले, प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहाल, व्यवसाय विभाग प्रमुख सुदर्शन दाहाल, तालिम, अनुसन्धान तथा

विकास विभाग प्रमुख विमला पुडासैनी तथा कार्यक्रम अधिकृत किशोर पौडेलको समेत सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले कोशिसका ५३ वटा सूचकलाई परिमार्जन गरि ५८ वटा सूचकमा रुपान्तरण गरिएको व्यवस्थाहरूका विषयमा विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणपश्चात मन्त्रालयका सचिव, रजिस्ट्रार तथा अन्य अधिकारीहरूले सूचकहरूको व्यवहारिक पक्ष, कार्यान्वयनका चुनौती तथा थप समावेश गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा रचनात्मक सुझाव तथा राय प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि सचिव खुविराम अधिकारीले वर्तमान परिवेशमा सहकारी संस्थाहरूको सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा संस्थागत दिगोपन सुनिश्चित गर्न कोशिसजस्ता स्तरीकरण कार्यक्रमको महत्व अझ बढ्दै गएको उल्लेख गर्दै बागमती प्रदेशका सहकारी संस्थाहरूलाई यस कार्यक्रममा आबद्ध गराउन प्रदेश सरकार सकारात्मक रहेको धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमले कोशिस (COSIS) कार्यक्रमलाई वर्तमान कानुनी, नीतिगत तथा नियामकीय व्यवस्थासँग थप समायोजन गर्दै समयसापेक्ष, व्यवहारमुखी र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण आधार तयार गरेको निष्कर्ष निकालिएको छ । सहभागीहरूले प्रस्तुत गरेका सुझाव तथा रायका आधारमा सूचकहरूलाई थप परिमार्जन गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरिएको थियो भने यसले सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता, उत्तरदायित्व, जोखिम व्यवस्थापन तथा संस्थागत दिगोपनलाई अझ सुदृढ बनाउन कोशिस कार्यक्रम प्रभावकारी माध्यमका रूपमा स्थापित हुने विश्वास व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको थियो ।

# कोशिस दोस्रो समूहको नवौं WE CAN कार्यशाला सम्पन्न

गतिविधि



१७ माघ २०८२ । काठमाडौं । सहकारी संस्थाहरूमा सुशासन, वित्तीय अनुशासन र संस्थागत दिगोपनलाई व्यवहारमै स्थापित गर्ने उद्देश्यसहित सञ्चालन हुँदै आएको कोशिस (Cooperative Self-Regulation Program for Organizational Sustainability and Institutionalized Service–COSIS) अन्तर्गत दोस्रो समूहमा आबद्ध बचत तथा ऋण सहकारी संस्थाहरूको (9th WE CAN (Worth and Effective Cooperation and Novelty Management Workshop) सम्पन्न भएको छ । समूहमा आवद्ध श्रीलाभ बचत तथा ऋण सहकारी संस्थाको आयोजना र संघको प्राविधिक सहयोगमा आयोजक संस्थाका अध्यक्ष श्री ओमप्रसाद उप्रेतीको अध्यक्षता र बामगती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाको प्रमुख आतिथ्यतामा कार्यशाला सम्पन्न भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले बदलिँदो कानुनी तथा नियामकीय व्यवस्थालाई व्यवहारमा उतार्न सञ्चालक समिति र कर्मचारीहरूको क्षमता अभिवृद्धि अपरिहार्य रहेको बताउनु हुदै उक्त कार्यका लागि बागमती प्रोस्कून सधैं सहकारी संस्थाहरूको साथमा रहने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । त्यसैगरी बागमती प्रोस्कूनका सचिव ठाकुरप्रसाद बास्कोटाले कोशिस कार्यक्रमलाई केवल मूल्याङ्कन प्रणाली नभई सहकारी संस्थाको दीर्घकालीन सुधार र दिगोपनको अभियानका रूपमा लिनुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कोशिस कार्यक्रमको १० अनिवार्य सूचकमा संस्थाहरुले गरेको स्वमूल्याङ्कनका आधारमा बागमती प्रोस्कूनको प्राविधिक टोलीले समिक्षा प्रस्तुत गरेको थियो भने समूहमा आवद्ध भएको करिब दुई वर्षको अवधिमा कोशिसका सूचकअनुसार गरेका संस्थागत सुधार, वित्तीय अवस्था, सुशासनका अभ्यास तथा सेवा प्रवाहमा आएको परिवर्तनलाई संस्थाहरुले तथ्यगत प्रस्तुत गर्नु भएको थियो । कार्यशालामा संस्थाहरुले गर्नुभएको प्रस्तुतीकरणमा देखिएका सुधारात्मक पक्ष सहितको सहजीकरण बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनी र कार्यक्रम अधिकृत किशोर पौडेलले गर्नु भएको थियो ।

कोशिस कार्यक्रमले संस्थागत सुधारको प्रभावकारी अभ्यासका रूपमा थप सुदृढ बनाएको, स्वमूल्याङ्कन, अनुभव आदान-प्रदान, प्राविधिक पृष्ठपोषण र सामूहिक प्रतिबद्धतामार्फत सहभागी संस्थाहरूले सुशासन, वित्तीय अनुशासन, पारदर्शिता र दिगोपन क्रमशः सशक्त बनाउदै लगेको निष्कर्ष साथ आगामी 10th WE CAN कार्यशाला नेचुरल बचत तथा ऋण सहकारी संस्था लि., बौद्ध-टुसालको आयोजनामा २०८३ वैशाख १२ गते आयोजना गर्ने निर्णय गर्दै समापन भएको थियो ।



अनुभूति

# मेरो सोच कहिले पनि म मैले पाएको पदमा बसिरहनु पाउनु पर्छ भन्ने रहेन



**राधा सिंतान**
**पूर्व महिला उपाध्यक्ष, बागमती प्रोस्कून**

म राधा सिंतान । घर भीमफेदी गाउँपालिका (साबिक निबुवाटार गा.वि.स.) वडा नं. ३, मकवानपुर स्थायी ठेगाना । हाल हेटौँडा उप महानगरपालिका वडा नं. ४ मा बसोबास गर्दैछु । मेरो अनुभव र अनुभूतिलाई सविस्तार प्रस्तुत गर्ने मौका दिनु भएकोमा बागमती प्रोस्कून परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(प्रोस्कून) को छैठौं स्थापना दिवसको शुभ अवसरमा हार्दिक शुभावना सहित निरन्तर प्रगति, उन्नतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मेरो सहकारी यात्राको शुरुवात प्रारम्भका लागि मकवानपुर जिल्लाका महिला तथा बालबालिकाहरुको सशक्तिकरणको पाटोमा अहम् भूमिका निर्वाह गर्नु हुने प्लान नेपाल (तत्कालीन प्लान इन्टरनेशनल) को ठुलो योगदान रहेको छ । जसले २०५१ सालमा बाल कक्षाको शिक्षिकाको रुपमा कार्य गर्ने मौका प्रदान गरी सामाजिक कार्यमा मेरा पाइलाहरुलाई अघि बढ्न प्रेरणा प्रदान गऱ्यो । पछि महिला सशक्तिकरणको पाटोमा सहकारी अभियानलाई अघि बढाउने सोच लिएर प्लान अघि बढेपछि मेरी आमाले महिला समूहको नेतृत्व सम्हाल्ने मौका पाउनु भयो । उहाँहरुको महिला समूहको बैठकको माइन्युट गरिदिने व्यक्तिको रुपमा मैले सहयोग गर्ने मौका पाएँ । समूहमा बस्नको लागि अविवाहित छोरीहरुलाई सहभागी गराइएको थिएन । आमाहरु मात्र समूहमा बस्ने र केही समयको अन्तरालपछि बहुउद्देश्यीय सहकारीको रुपमा महिला अभियान बहुउद्देश्यीय सहकारी दर्ता हुन पुग्यो । म बालकक्षाको शिक्षिकाको रुपमा र प्लानका सहयोगी बालबालिकाको फोटो खिचिदिने काम गर्दै आवश्यक परेको समयमा आमालाई निबुवाटार-१ मा रहेको गणेशस्थान महिला समूहको बचत र ऋण खातामा चढाइदिने, निर्णय पुस्तिका लेख्ने, ऋणको तमसुक हातैले लेखिदिएर हिसाब लेखिदिने काम गरिदिन्थे । मलाई कसैले समूहमा राखेको थिएन । तर पनि आमाको नाताले म छोरीले ती सबै काममा सहायता गर्ने गरिरहेको थिएँ । पछि २०५७ सालतिर मेरो विवाह भईसकेपछि मलाई पनि सहकारी राख्नुपर्छ भन्ने कुराकानी चलेपछि आमाकै समूहमा सहभागी गराएर मलाई सहकारीको शेयर किन्न लगाइयो । सायद लेखा समितिमा होला राखियो । शुरुको अवस्थामा सहकारीको बारेमा केही थाहा नभईकन सहभागी हुने मौका पाएँ । त्यस पछि सहकारीको कर्मचारीको रुपमा मासिक ५००/ रुपैया तलबमा हप्तामा १ दिन सहकारी खोल्ने गरी व्यवस्थापकको रुपमा राखियो । प्लानले विभिन्न क्षमता विकासका तालिमहरु प्रदान गऱ्यो ।

प्लान नेपालले वि.सं. २०५५ देखि २०५७सम्ममा मकवानपुरका १७ गा.वि.स.मा २० वटा महिला बहुउद्देश्यीय सहकारी दर्ता गराउन सफल भईसकेको थियो । सहकारीको काम समूहमा मल, बिउ, तरकारी, फलफूलको बिरुवा वितरण गर्ने र त्यसमा प्लानले नै १०० प्रतिशत शुल्क खर्च ब्योहोर्ने र समूहका महिला सदस्यहरुले ४० प्रतिशतले हुने रकम समूह मार्फत सहकारीमा जम्मा गर्ने कार्यको शुरुवात गरी महिलाहरुको आर्थिक पाटोमा सहभागिता र जम्मा रकमबाट रु. ३०००/ बाट ऋण लगानी कार्यको थालनी श्री महिला अभियान बहुउद्देश्यीय सहकारी संस्थाले गर्दै आएको थियो, प्लान नेपालको कर्मचारीको सहकार्यमा । सहकारी दर्ता पश्चात २० वटै सहकारीहरुको जिल्लास्तरीय समन्वय समिति गठन कार्य गऱ्यो । जसमा २० वटा सहकारीको तर्फबाट १/१ जना प्रतिनिधि ३/३ महिनामा बैठक बसेर सहकारीका कामहरुको समीक्षा गर्ने कार्यको शुरुवात भयो । त्यस समन्वय समितिमा व्यवस्थापन गर्नका लागि फेरी १ जना कर्मचारीको खाँचो परेको र म सो समन्वय समितिमा सचिवको भूमिकामा राखिएको कारणले जिल्ला समन्वय समिति संचालन गर्ने जिम्मेवारी प्लान नेपालले मलाई नै दियो । त्यही संस्था हाल ग्रामीण महिला सेवा केन्द्रको रुपमा गैर सरकारी संस्थाको रुपमा काम गरिरहेको छ । ग्रामीण महिला सेवा केन्द्र बन्नु अघि यसलाई बहुउद्देश्यीय सहकारीहरुको जिल्ला सघ बनाउने र महिलाको बैंक स्थापना गर्ने योजना प्लानले गरेको थियो । तर मकवानपुर जिल्लामा बहुउद्देश्यीय सहकारी संघ दर्ता भईसकेको र निस्कृय रहेको अवस्थामा जिल्ला समन्वय समितिलाई सहकारी संघ बनाउन नसकिएकोले गैर सरकारी संस्थाको रुपमा ग्रामीण महिला सेवा केन्द्रको जन्म हुन पुगेको हो । महिला सहकारीहरुमा विउविजनको विऊ पूँजीहरु दिनानुदिन बढ्दै गईरहेको र बहुउद्देश्यीय सहकारी सघ दर्ता गर्न नपाई सकेपछि प्लानले पुनः सबैसँग परामर्श गरेर बहुउद्देश्यीय सहकारीलाई बचत तथा ऋण सहकारीमा परिमार्जन गर्ने कार्य थालनी गऱ्यो । २० वटा सहकारी मध्ये शुरुमा १२ वटा सहकारीलाई बचत तथा ऋण

> व्यवस्थापक भएर नै मैले जिल्ला बचत संघहरुको त्रैमासिक रुपमा नेफ्स्कूनको सहकार्यमा घुम्ती बैठक बसेर बचत संघहरुले गरेका गतिविधिहरुको अनुभव साटासाट गर्ने कार्यमा सहभागी हुने मौका पाएँ । आलोपालो क्रममा बैठक आयोजना गर्ने जिम्मेवारी बचत संघहरुले पूरा गरेका थियौँ ।

सहकारीमा रुपान्तरण गरी जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुर दर्ता गर्ने कार्य गरियो । ग्रामीण महिला सेवा केन्द्रले सामाजिक पाटोमा र बचत तथा ऋण सहकारी संघले आर्थिक पाटोमा अघि बढेर महिला सहकारीहरुलाई आवश्यक सहकार्य गर्ने प्लानको परामर्श र प्राविधिक सहयोग पश्चात म ग्रामीण महिला सेवा केन्द्रबाट जिल्ला बचत तथा ऋण सहकारी संघमा श्री महिला अभियान बचत तथा ऋण सहकारी संस्थाको प्रतिनिधित्व गर्दै संघको सचिवको नेतृत्व र व्यवस्थापकको नेतृत्वको जिम्मेवारी पाएर बचत संघमा काम गर्न थाले । यसमा कार्य गर्दै गर्दा बचत तथा ऋण सहकारीहरुको केन्द्रिय संघमा आवद्धता जनाउनका लागि १२ वटै साकोसको फाइलहरुलाई काँधमा पछाडि भिर्ने झोलामा बाइकमा बोकेर नेफस्कूनको सदस्यता लिन म आफैं नै आएर सदस्यता लिने काम गरैं । पछि बचत संघको सचिव र व्यवस्थापक छुट्टा छुट्टै हुनुपर्ने भनियो र मैले व्यवस्थापकको जिम्मेवारी बहन गर्न पाएँ । व्यवस्थापक भएर नै मैले जिल्ला बचत संघहरूको त्रैमासिक रूपमा नेफस्कूनको सहकार्यमा घुम्ती बैठक बसेर बचत संघहरूले गरेका गतिविधिहरूको अनुभव साटासाट गर्ने कार्यमा सहभागी हुने मौका पाएँ । आलोपालो क्रममा बैठक आयोजना गर्ने जिम्मेवारी बचत संघहरूले पूरा गरेका थियौं । जसको पहिलो बैठक समेत मकवानपुरको बचत संघले आयोजना गरेको थियो । बचत संघ मकवापुरको व्यवस्थापक पद अर्कैलाई जिम्मा लगाएर मैले सचिव पद सम्हाल्न पुगे र संघको आठौं वार्षिक साधारण सभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा समेत निर्वाचित हुने मौका शेयर सदस्य परिवारले दिनु भयो ।

१२ वटा सहकारीबाट शुरू गरेको बचत संघमा मेरो कार्यकाल सम्म आइपुग्दा १३४ वटा सदस्य संस्था सदस्यता भईसकेका थिए । बचत संघ आफैले सहकारीको लागि आवश्यक खातापाता छपाई गरी विक्री वितरण गर्ने गरेको थियो । संघमा सदस्यहरूको मासिक बचत, ऐच्छिक र आवधिक बचत सेवा र ऋण लगानी सेवा सुचारू गरिएको थियो । व्यवस्थापक देखि अध्यक्षसम्म हुँदा नेफस्कूनद्वारा प्रवर्धित बचत संघ उपसमितिको घुम्ती बैठक नियमित रूपमा चलिरहेको थियो । पछि यही त्रैमासिक बैठकमा सहभागी हुने १३ जिल्लाको सहभागितामा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कून) दर्ता गर्ने कार्य गरियो । जसको स्थापनाकालको महिला उपाध्यक्ष जस्तो गरिमामय जिम्मेवारी निर्वाह गर्न पाएँ । आज सो संघ स्थापना भएको पनि ६ वर्ष पूरा भएको छ ।

यस दौरानमा नेफस्कून, प्रोस्कून र जिल्ला बचत तथा ऋण सहकारी संघ लि. परिवारबाट सम्मानित हुने मौका समेत पाएँ । मेरो सोच कहिले पनि म मैले पाएको पदमा बसिरहनु पाउनु पर्छ भन्ने रहेन । त्यसैले मैले जिल्ला देखि प्रदेशसम्मको नेतृत्व अर्को पुस्तामा सफलताका साथ हस्तान्तरण गर्न सके जस्तो लाग्छ । जुन कुराको मलाई सधैं गर्व लागिरहनेछ ।

आफ्नो कार्य व्यवस्तताका कारण सहकारी नेतृत्वलाई निरन्तर अघि बढाउन नसके तापनि मलाई राधा सिंतान भनेर चिनिनका लागि मलाई निरन्तर अघि बढ्न सहायता गर्नु हुने प्रारम्भिक साकोस श्री महिला अभियान बचत तथा ऋण सहकारी संस्था लि.भीमफेदी-४, मलाई नेतृत्व प्रदान गर्नु हुने जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर परिवार र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. परिवार, विभिन्न प्राविधिक र परामर्श साथ सहकार्य गर्नु हुने नेफस्कून परिवारप्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दै प्रोस्कूनको स्थापना दिवसको भव्य र सभ्य रुपमा सम्पन्नताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

# नव निर्वाचित सञ्चालकहरुको सक्षमता विकासमा प्रोस्कून

*गतिविधि*



५ माघ २०८३ । काठमाडौं । बागमती प्रोस्कूनको वार्षिक योजना तथा बजेटमा सदस्य संस्थाहरुको नयाँ निर्वाचनबाट निर्वाचित सञ्चालक समितिलाई १ दिवसीय निशुल्क अभिमुखिकरण गराउने लक्ष्य अनुरुप काठमाडौ स्थित सज्जन महिला बचत तथा ऋण सहकारी संस्था लि., का नवनिर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरूलाई अनुशिक्षण प्रदान गरिएको छ ।

सज्जन महिला साकोसका पदाधिकारी, लेखा सुपरिवेक्षण समिति, उपसमित र उच्चतहका कर्मचारी सहित १८ जनाको सहभागिता रहेको तालिमको संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहाल र तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनी सहजीकरण गर्नु भएको थियो । प्रभावकारी नेतृत्वका आधारभूत अवधारणा, नेतृत्वको भूमिका तथा 'नेतृत्वका ११ निर्विवाद नियम' का अतिरिक्त सहकारी संस्थामा नेतृत्वले निर्वाह गर्नुपर्ने जिम्मेवारी र उत्तरदायित्व, सञ्चालक समितिको काम, कर्तव्य र अधिकारका विषयमा प्रशिक्षण गरिएको थियो ।

नवनिर्वाचित पदाधिकारी तथा व्यवस्थापन तहका कर्मचारीहरूलाई लक्षित यस अभिमुखीकरण कार्यक्रमले प्रभावकारी नेतृत्व, सहकारी मूल्य-मान्यता, कानुनी परिपालना तथा सुशासनका विषयमा साझा बुझाइ विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस्ता क्षमता विकासमूलक कार्यक्रमले सदस्य संस्थाहरूमा जिम्मेवार नेतृत्वको विकास, उत्तरदायित्वको अभिवृद्धि तथा दिगो संस्थागत विकासमा सकारात्मक टेवा पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रम सम्पन्न गरिएको थियो ।

## हाम्रो ध्येय

"सदस्यहरूको सुरक्षा र समृद्धिका लागि
प्रभावकारी पैरवी र सफल व्यवसायीकरण मार्फत
प्रविधीमा आधारित सेवा सुनिश्चितता
गराउदै सुशासन प्रर्वद्धन गर्ने"

## हाम्रो परिकल्पना

"सहकारी अभियानको उत्कृष्ट संघ"

लेख

# सहकारीमा डिजीटलाइजेशन : अपरिहार्यता, अवसर र चुनौती

**डिजिटल रूपान्तरण, कृत्रिम बुद्धिमत्ता (AI) र साइबर सुरक्षाको सन्दर्भमा नेपाली सहकारी क्षेत्रको विश्लेषण**



**ठुलोकान्छा भोम्जन**
**पूर्व व्यवस्थापक**
**फेन्सी साकोस, भरतपुर ०३, चितवन**
**सञ्चालक : डिजिटल पाईला**

संस्थागत नेतृत्व, कर्मचारीहरूको डिजिटल सीप, परिवर्तित व्यवस्थापन, स्पष्ट सूचना प्रविधि कार्यविधि, साइबर सुरक्षा तथा सदस्यको विश्वास समान रूपमा आवश्यक हुन्छ। त्यसैले सहकारी संस्थाले डिजिटल रूपान्तरणलाई केवल सफ्टवेयर खरिदको परियोजना मात्र नभई संस्थागत सुधारको दीर्घकालीन रणनीतिका रूपमा लिनुपर्छ।

## १. परिचय

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रका तीन आधारस्तम्भका रूपमा स्वीकार गरेको छ। (नेपालको संविधान, २०७२)। यीमध्ये सहकारी क्षेत्रले वित्तीय पहुँच विस्तार, स्थानीय पूँजी परिचालन, रोजगारी सिर्जना, महिला सशक्तीकरण, कृषि आधुनिकीकरण तथा सामाजिक समावेशीकरणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। वि.सं. २०१० सालमा सहकारी विभाग स्थापना भएपछि नेपालमा सहकारी आन्दोलनले संस्थागत स्वरूप ग्रहण गरेको हो। त्यसयता विभिन्न ऐन, नीति तथा कार्यक्रम मार्फत सहकारी क्षेत्रको विस्तार हुँदै आएको छ। आज सहकारी केवल बचत तथा ऋण कारोबार गर्ने संस्था मात्र नभई स्थानीय आर्थिक विकास, सामाजिक उत्तरदायित्व र सामुदायिक उद्यमशीलताको महत्वपूर्ण माध्यम बनेको छ।

यद्यपि पछिल्ला वर्षहरूमा केही सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, कमजोर सुशासन, अभिलेख व्यवस्थापनमा कमी, आन्तरिक नियन्त्रणको अभाव तथा सदस्यहरूको विश्वासमा आएको कमीले सहकारी व्यवस्थापन प्रणालीमा संरचनात्मक सुधारको आवश्यकता स्पष्ट पारेको छ। पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी नियमन सुनिश्चित गर्न परम्परागत कागजी प्रणाली पर्याप्त छैन भन्ने अनुभूति अहिले सबै तहमा भएको छ।

यसै सन्दर्भमा डिजिटल अर्थतन्त्र (Digital Economy) को विकासले विश्वभर वित्तीय संस्था, बैंक, बीमा, सरकारी निकाय, सहकारी संस्था तथा निजी क्षेत्रलाई डिजिटल रूपान्तरणतर्फ अग्रसर बनाएको छ। नेपालमा पनि डिजिटल भुक्तानी, मोबाइल बैंकिङ, क्यूआर कोड, डिजिटल वालेट, क्लाउड सेवा तथा अनलाइन सेवाको विस्तारसँगै सहकारी क्षेत्रमाथि पनि आधुनिक प्रविधि अपनाउने दबाब र अवसर दुवै बढेका छन् (World Bank 2021)।

संस्थागत व्यवस्थापनको दृष्टिले हेर्दा अधिकांश सहकारी अझै पनि कागजी अभिलेख, Excel आधारित लेखा प्रणाली वा सीमित क्षमताका स्थानीय सफ्टवेयरमा निर्भर छन्। सीमित सहकारी संस्थाहरूले Core banking System, HR Managagment Software, Online Member Portal, Mobile Application, Utility and QR Payment तथा Wallets जस्ता सेवाहरू अपनाए पनि सबै सहकारीमा समान स्तरको डिजिटल पूर्वाधार विकसित हुन सकेको छैन।

ग्रामीण क्षेत्रमा इन्टरनेटको गुणस्तर, विद्युत आपूर्ति, दक्ष आईटी जनशक्ति तथा बजेटको सीमितताले डिजिटल रूपान्तरणको गति अपेक्षाकृत भन्दा सुस्त देखिन्छ, भने अर्कोतर्फ, सहकारी क्षेत्रमा सूचना प्रणालीको मानकीकरण (Standardization) तथा डेटा व्यवस्थापनमा पनि एकरूपता देखिँदैन। फलस्वरूप नियामकीय प्रतिवेदन, जोखिम विश्लेषण तथा संस्थागत अनुगमनमा कठिनाइ हुनेको साथै सूचना प्रविधिको प्रयोग सम्बन्धी नियमनको दायरा सुनिश्चित नहुँदा यसको प्रयोगमा जोखिमको दर बढ्न सक्ने सम्भावना उच्च देखिन्छ।

सरकारले COPOMIS, NRCA Portal जस्ता डिजिटल प्रणालीमार्फत सहकारी संस्थाहरूको विवरण एकीकृत गर्ने प्रयास गरिरहेको छ। यद्यपी सबै सहकारीले नियमित रूपमा डेटा अद्यावधिक गर्ने, डिजिटल रिपोर्टिङ अपनाउने तथा सूचना प्रविधिको प्रभावकारी उपयोग गर्ने अवस्था अझै पूर्ण रूपमा स्थापित भएको छैन।

डिजिटल रूपान्तरणको अर्को महत्वपूर्ण आयाम कृत्रिम बुद्धिमत्ता (AI) हो। AI ले डेटा विश्लेषण, सदस्य सेवा, जोखिम मूल्याङ्कन, वित्तीय पूर्वानुमान तथा साइबर सुरक्षामा नयाँ सम्भावना सिर्जना गरिरहेको छ। तर यसको प्रयोगसँगै डेटा गोपनीयता,

साइबर सुरक्षा, नैतिकता तथा नियामकीय व्यवस्थापनको आवश्यकता पनि उत्तिकै बढेको छ । यस लेखको उद्देश्य नेपाली सहकारी क्षेत्रमा डिजीटलाइजेशनको आवश्यकता, वर्तमान अवस्था, डिजिटल प्रविधिको प्रयोग, अवसर, साईबर सुरक्षा, चुनौती तथा भविष्यका सम्भावनाबारे अनुसन्धानमूलक, सन्तुलित र व्यवहारिक विश्लेषण प्रस्तुत गर्नु हो ।

## २. सहकारीमा डिजीटलाइजेशनको अपरिहार्यता

सहकारी संस्थाहरूको आकार र सदस्य संख्या बढ्दै जाँदा परम्परागत खाता प्रणालीले धान्न नसक्ने अवस्था आइसकेको छ । हातैले लेखिने खाताबही, म्यानुअल भौचर र फाइलमा अभिलेख राख्ने पद्धतिले न त सही समयमा जानकारी दिन सक्छ, न त गल्ती हुनबाट जोगाउन सक्छ । डिजीटलाइजेशनले तिनै समस्यालाई सम्बोधन गर्दछ । डिजिटल रूपान्तरण अब विकल्प मात्र होइन, संस्थागत दिगोपनको आधार बन्दै गएको छ । सहकारी क्षेत्रमा डिजीटलाइजेशन अपरिहार्य हुनुका केही प्रमुख कारण निम्न छन् ।

- सदस्य संख्या वृद्धि र व्यवस्थापनका दृष्टिले सफ्टवेयरमा आधारित प्रणालीले हजारौं सदस्यको विवरण एकैचोटि व्यवस्थित र खोज योग्य बनाउँछ ।
- सेवा प्रवाह छिटो र पारदर्शी हुन्छ । सबै कारोबार डिजिटल प्रणालीमा अभिलेख हुँदा वित्तीय विवरण, सदस्यको शेयर, बचत तथा ऋणको अवस्था सम्बन्धी जानकारी सहज रूपमा परीक्षण गर्न सकिन्छ । यसले आन्तरिक तथा बाह्य लेखापरीक्षणलाई समेत प्रभावकारी बनाउँछ ।
- वित्तीय अभिलेखको व्यवस्थित व्यवस्थापन हुन्छ, जसले लेखा परीक्षणलाई सहज बनाउँछ र वित्तीय अनियमितताको सम्भावना घटाउँछ । यो विषय हाल नेपालका थुप्रै सहकारीमा देखिएका वित्तीय विवादको सन्दर्भमा झन् बढी सान्दर्भिक बनेको छ ।
- कार्यदक्षता उल्लेखनीय रूपमा बढ्छ । ब्याज गणना, किस्ता तालिका, सदस्य दर्ता, एसएमएस सूचना, वित्तीय प्रतिवेदन, नियामकीय रिपोर्ट तथा दैनिक लेखा प्रविष्टि स्वचालित हुँदा समय, श्रम र सञ्चालन खर्च दुवै घट्छ । सेवाको गुणस्तरमा समेत उल्लेख्य सुधार हुन्छ । किनभने त्रुटि घट्ने र प्रतिक्रिया समय छोटिने भएकाले सदस्य सन्तुष्टि बढ्छ ।
- उत्तरदायित्व बढ्छ । आधुनिक सफ्टवेयरमा Audit Trail वा Audit Log हुने भएकाले कुन कर्मचारीले कहिले कुन विवरण परिवर्तन गऱ्यो भन्ने जानकारी सुरक्षित रहन्छ । यसले वित्तीय अनियमितता नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ ।
- Real time Reporting सम्भव हुन्छ । कुनै पनि समयमा संस्थाको नगद अवस्था, तरलता, ऋण पोर्टफोलियो, बचत तथा वित्तीय सूचकहरूको अद्यावधिक विवरण हेरेर छिटो निर्णय लिन सक्छ ।
- AI को प्रयोग संस्थालाई अझ प्रभावकारी बनाउन सक्छ । उदाहरणका लागि AI ले ऋण भुक्तानी इतिहास विश्लेषण गरेर चिठीपत्र, ब्यानर, सूचना कुनै पनि दस्तावेजको ड्राफ्ट तयार गर्ने देखि सम्भावित जोखिमयुक्त खाताको पूर्वानुमान गर्न, शंकास्पद कारोबार पहिचान गर्न, तथा व्यवस्थापनका लागि विश्लेषणात्मक प्रतिवेदन तयार गर्न सक्छ । यसले उत्पादकत्व मात्र होइन, निर्णयको गुणस्तर पनि सुधार गर्दछ ।

यद्यपि डिजिटल रूपान्तरण सफल हुन केवल प्रविधि पर्याप्त हुँदैन । संस्थागत नेतृत्व, कर्मचारीहरूको डिजिटल सीप, परिवर्तित व्यवस्थापन, स्पष्ट सूचना प्रविधि कार्यविधि, साइबर सुरक्षा तथा सदस्यको विश्वास समान रूपमा आवश्यक हुन्छ । त्यसैले सहकारी संस्थाले डिजिटल रूपान्तरणलाई केवल सफ्टवेयर खरिदको परियोजना मात्र नभई संस्थागत सुधारको दीर्घकालीन रणनीतिका रूपमा लिनुपर्छ । आगामी दशकमा संस्थागत प्रतिस्पर्धा, नियामकीय अनुपालन तथा सदस्यको बढ्दो अपेक्षा पूरा गर्न डिजिटल रूपान्तरण अपरिहार्य हुनेछ ।

## ३. सहकारी क्षेत्रमा प्रयोग भइरहेका डिजिटल प्रविधिहरू

नेपालका केही ठूला र मध्यम आकारका सहकारी संस्थाहरूले हाल विभिन्न प्रविधि अवलम्बन गरिसकेका छन्, जबकी साना तथा ग्रामीण भेगमा रहेको सहकारी संस्थाहहरू अझै यसबाट टाढै छन् । सहकारी संस्थालहरूले अवलम्बन गरेको केही प्रमुख प्रविधिहरू यस प्रकार छन् ।

**Core Banking System :** शेयर, बचत, ऋणका सम्पूर्ण कारोबार एवम् सदस्य विवरण एकै प्रणालीमा राख्न सहयोग गर्छ ।

**Mobile Banking /Internet Banking :**सदस्यले मोबाइल एप वा वेबबाट खाता हेर्न र कारोबार गर्न सक्ने सुविधा प्रदान गर्दछ । जसले सदस्यलाई कारोबार गर्न प्रत्यक्ष पहुँच दिन्छ ।

**QR Payment, Wallets:** डिजिटल भुक्तानी प्लेटफर्महरू, जसमार्फत सदस्यले बचत जम्मा, ऋण किस्ता तिर्ने काम घर बसेरै गर्न सक्छन् ।

**SMS Banking :** इन्टरनेट नपुगेको ठाउँमा पनि खाताको कारोबारको जानकारी दिने सरल माध्यम हो ।

**Cloud Computing** (इन्टरनेटमार्फत डेटा भण्डारण र प्रशोधन गर्ने प्रविधि) : भौतिक सर्भरको झन्झट बिना डेटा सुरक्षित राख्न मद्दत गर्छ ।

**Digital Document Management :** कागजी फाइलको सट्टा डिजिटल अभिलेखीकरण ।

**Digital Loan Management :** ऋण आवेदन, ऋण स्वीकृती, ऋण सम्बन्धि सबै प्रकारको कागजातहरू तयारी एवं अभिलेखिकरण ।

**Artificial Intelligence** र **Data Analytics (डेटा विश्लेषण) :** ऋण जोखिम मूल्याङ्कन, चिठीपत्र, ब्यानर, सूचना, दस्तावेजको ड्राफ्ट निर्माण तथा सदस्य व्यवहार विश्लेषणमा प्रयोग हुन थालेको छ

यी प्रविधिहरूको एकीकृत प्रयोगले सहकारी संस्थालाई समेत वाणिज्य बैंक जत्तिकै व्यावसायिक र भरपर्दो संस्थाका रूपमा स्थापित गर्न सघाउँछ तर हाल यस्ता प्रविधिको प्रयोग सीमित सहकारीमा मात्र केन्द्रित रहेको र धेरैजसो साना सहकारी अझै आधारभूत वा म्यानुअल प्रणालीमै भर परेको यथार्थता कायम नै छ ।

## ४. डिजीटलाइजेशनबाट प्राप्त अवसरहरू

डिजीटलाइजेशनले सहकारी क्षेत्रलाई थुप्रै अवसर प्रदान गर्छ । सेवा विस्तारको दृष्टिले, भौतिक सेवा केन्द्र नखोली पनि



> साइबर सुरक्षा बिनाको डिजीटलाइजेशन सुरक्षित हुन सक्दैन। प्रविधि जति उन्नत भए पनि, त्यसलाई जोगाउने सुरक्षा संरचना, नीति र सचेतना नभए, डिजिटल रूपान्तरणले नै संस्थालाई नयाँ किसिमको जोखिममा पार्न सक्छ। त्यसैले प्रविधि अवलम्बनसँगै साइबर सुरक्षालाई समानान्तर प्राथमिकता दिनु अपरिहार्य छ।

मोबाइल र इन्टरनेटमार्फत टाढाका सदस्यसम्म सेवा पुऱ्याउन सकिन्छ, जसले वित्तीय समावेशीकरणलाई प्रत्यक्ष टेवा दिन्छ । विशेषगरी ग्रामीण क्षेत्रमा बैंकिङ पहुँच सीमित भएको ठाउँमा सहकारी नै प्रथम वित्तीय पहुँचबिन्दु हुने भएकाले, डिजिटल सेवाले त्यहाँका जनतालाई औपचारिक वित्तीय प्रणालीमा ल्याउन सहज बनाउँछ ।

पारदर्शिता र उत्तरदायित्वका दृष्टिले, हरेक कारोबार डिजिटल रूपमा अभिलेखीकरण हुँदा हिनामिना गर्ने सम्भावना घट्छ र व्यवस्थापन, सञ्चालक समिति तथा नियामक निकायले सजिलै अनुगमन गर्न सक्छन । यसले सदस्यमा संस्थाप्रतिको विश्वास बढाउँछ, जुन हालैका वर्षमा केही सहकारीमा देखिएका वित्तीय अनियमितता र सदस्यको रकम फिर्ता नपाएको जस्ता घटनापछि झन नितान्त आवश्यक देखिएको छ ।

निर्णय प्रक्रियामा डेटाको प्रयोगले सञ्चालक समितिलाई तथ्यमा आधारित निर्णय लिन मद्दत गर्छ । डिजीटलाइजेशनले कर्मचारीको उत्पादकत्व वृद्धि हुन्छ किनभने दोहोरो काम र म्यानुअल गणनामा लाग्ने सदस्य सेवामा बढी ध्यान दिन सक्छन । यसैगरी सदस्य सन्तुष्टि र प्रतिस्पर्धात्मक क्षमता पनि उल्लेख्य रूपमा बढ्छ, किनभने आधुनिक सदस्य विशेषगरी युवा पुस्ता छिटो, सहज र डिजिटल सेवा खोज्छन ।

### ५. सहकारीमा डिजीटलाइजेशनका चुनौतीहरू

अवसरसँगै डिजीटलाइजेशनले थुप्रै व्यावहारिक चुनौती हामी पनि सामु ल्याउँछ। नेपालका धेरै ग्रामीण क्षेत्रमा अझै पनि विद्युत आपूर्ति र इन्टरनेट पहुँच सबैतिर भरपर्दो छैन भने कतिपय ठाउँमा विस्तार हुनै बाँकी देखिन्छ। दक्ष जनशक्तिको अभाव अर्को गम्भीर चुनौती हो। धेरै संस्थासँग सफ्टवेयर सञ्चालन, डेटाबेस व्यवस्थापन वा साइबर सुरक्षा जान्ने प्राविधिक जनशक्तिको अभाव छ।

प्रविधि परिवर्तनप्रतिको प्रतिरोध पनि उल्लेखनीय समस्या हो । लामो समयदेखि परम्परागत शैलीमा काम गर्दै आएका कर्मचारी र सञ्चालक समितिका सदस्यहरू नयाँ प्रविधि अपनाउन हिचकिचाउँछन । लागतको समस्या पनि उत्तिकै महत्वपूर्ण छ । साना सहकारीका लागि सफ्टवेयर खरिद, सर्भर व्यवस्थापन र तालिम खर्च धान्न सोचे जतिको सजिलो छैन । साथै, प्रविधिमा अत्यधिक निर्भरताले प्रणाली बिग्रिँदा वा सर्भर डाउन हुँदा सेवा पूर्ण रूपमा अवरुद्ध हुने जोखिम पनि विद्यामान छ।

विशेषगरी कम साक्षरता भएका, वृद्ध, र ग्रामीण क्षेत्रका सदस्यले मोबाइल एप वा अनलाइन सेवा प्रयोग गर्न कठिनाइ हुन्छ। कानुनी तथा नीतिगत चुनौतीका हिसाबले, सहकारी क्षेत्रका लागि विशिष्ट डिजिटल सुरक्षा र डेटा व्यवस्थापन मापदण्ड अझै पूर्ण रूपमा स्पष्ट र कार्यान्वयनयोग्य ढङ्गमा बनिसकेका छैनन् । यसै गरि अर्को डेटा व्यवस्थापनका समस्या हो। डेटा कहाँ भण्डारण गर्ने ? कसरी ब्याकअप राख्ने ? र प्रणाली अद्यावधिक कसरी गर्ने भन्ने विषयमा प्रायः संस्थासँग स्पष्ट नीति तथा कार्यविधि नै छैन।

### ६. साइबर सुरक्षाः डिजीटलाइजेशनको अपरिहार्य पक्ष

डिजिटल रूपान्तरणले सहकारी संस्थाको कार्यसम्पादनलाई छिटो, प्रभावकारी र पारदशी बनाउने अवसर प्रदान गरे पनि यससँगै साइबर जोखिम पनि उल्लेखनीय रूपमा बढेको छ । सहकारी संस्थाले सदस्यको व्यक्तिगत विवरण, बचत, ऋण, KYM अभिलेख, वित्तीय कारोबार तथा संस्थागत निर्णयसँग सम्बन्धित संवेदनशील सूचना सङ्कलन र व्यवस्थापन गर्ने भएकाले साइबर सुरक्षा अब जिम्मेवारी मात्र होइन, संस्थागत सुशासनको अभिन्न अङ्ग बनेको छ । संस्थामा हुन सक्ने साइबर आक्रमणले आर्थिक नोक्सानी मात्र होइन, सदस्यको विश्वास, संस्थाको प्रतिष्ठा तथा नियामकीय विश्वसनीयतामा समेत गम्भीर असर पार्न सक्छ ।

डिजिटल प्रणालीसँगै सहकारी क्षेत्रमा साइबर आक्रमणका स्वरूप पनि परिवर्तन हुँदै गएका छन् । ह्याकिङ (Hacking) मार्फत प्रणालीमा अनधिकृत पहुँच प्राप्त गर्ने, मालवेयर (Malware), भाइरस (Virus), ट्रोजन (Trojan) तथा स्पाइवेयर (Spyware) जस्ता हानिकारक सफ्टवेयर प्रयोग गरी डेटा चोरी गर्ने, र्‍यान्समवेयर (Ransomware) मार्फत सम्पूर्ण डेटा इन्क्रिप्ट गरी फिरौती माग्ने, तथा डेटा उल्लङ्घन (Data Breach) मार्फत संवेदनशील सूचना बाहिरिने घटनाहरू विश्वव्यापी रूपमा बढीरहेका छन् । (IBM, 2024; Verizon, 2024)

त्यसैगरी फिसिङ, स्पियर फिसिङ, नक्कली वेबसाइट, सामाजिक इन्जिनियरिङ (Social Engineering), OTP Fraud, मोबाइल बैंकिङ ठगी, तथा Insider Threat अर्थात संस्था भित्रकै कर्मचारी वा अधिकृत व्यक्तिबाट हुने डेटा दुरुपयोग संस्थाका लागि गम्भीर जोखिमका रूपमा देखा परिरहेका छन् । आजकल कृत्रिम बुद्धिमत्ता (AI) प्रयोग गरी अत्यन्त विश्वसनीय देखिने इमेल, आवाज (Voice Cloning) तथा Deepfake भिडियो तयार गरेर समेत ठगीका प्रयास भइरहेका छन् । त्यसैले भविष्यको साइबर सुरक्षा केवल परम्परागत Antivirus

मा सीमित नरही सक्षम सुरक्षा प्रणालीतर्फ उन्मुख हुनुपर्ने आवश्यकता देखिन्छ ।

संस्थाले सुरक्षित राख्नुपर्ने सम्पत्ति मध्ये सबैभन्दा मूल्यवान सम्पत्ति सदस्यको डेटा हो । KYM विवरण, नागरिकता, मोबाइल नम्बर, खाता, शेयर, बचत, ऋण, धितो, कर सम्बन्धी विवरण तथा व्यक्तिगत अभिलेख चुहावट भएमा आर्थिक क्षतिसँगै सदस्यको गोपनीयताको अधिकारसमेत प्रभावित हुन्छ । त्यसैले डेटा सुरक्षा (Data Security) लाई कानुनी, नैतिक तथा संस्थागत दायित्वका रूपमा लिनुपर्छ

**साइबर सुरक्षा सुनिश्चित गर्न संस्थाले निम्न अनुसारको बहुस्तरीय सुरक्षा रणनीति अवलम्बन गर्नुपर्छ**

**Prevention (रोकथाम):** यस अन्तर्गत बलियो Password Policy, Multi-Factor Authentication (MFA), Data Encryption, SSL Certificate, Firewall, Antivirus, Endpoint Protection, VPN, नियमित Software Update तथा Role-based Access Control लागू गर्नुपर्छ । साथै Cloud सेवा प्रयोग गर्दा Data Encryption at Rest तथा Data Encryption in Transit जस्ता अन्तर्राष्ट्रिय सुरक्षा अभ्यास अपनाउनु आवश्यक हुन्छ NIST Cybersecurity Framework 2.0 (2024).

**Detection (पहिचान):** पहिचानका लागि Audit Log, Security Monitoring, Intrusion Detection System (IDS), Security Information and Event Management (SIEM) तथा AI आधारित Fraud Detection प्रणाली उपयोगी हुन्छन । AI ले असामान्य वित्तीय कारोबार, अनधिकृत Login प्रयास तथा सम्भावित साइबर आक्रमणलाई प्रारम्भिक चरणमै पहिचान गर्न सहयोग पुऱ्याउँन सक्छ ।

**Response (प्रतिक्रिया):** प्रत्येक संस्थासँग Incident Response Plan हुनुपर्छ । साइबर आक्रमण भएको अवस्थामा कसले के गर्ने, कसरी प्रणाली अलग गर्ने, कसरी सदस्यलाई जानकारी दिने तथा प्रमाण सुरक्षित राख्ने भन्ने स्पष्ट कार्यविधि पूर्वतयारीका रूपमा तयार हुनुपर्छ ।

**Recovery (पुनःस्थापना):** यस अन्तर्गत नियमित Secure Backup, Disaster Recovery Plan (DRP) तथा Business Continuity Plan (BCP) अनिवार्य हुन्छ । केवल Backup बनाउनु मात्र पर्याप्त हुँदैन त्यसको पुनःस्थापना (Restore) परीक्षण पनि नियमित रूपमा गरिनुपर्छ ।

प्राविधिक सुरक्षाभन्दा पनि महत्वपूर्ण पक्ष मानवीय व्यवहार हो । विभिन्न अध्ययनहरूले अधिकांश साइबर घटनामा मानवीय त्रुटि नै प्रमुख कारण हुने देखाएका छन (Verizon, 2024) त्यसैले कर्मचारी तथा सञ्चालक समितिलाई नियमित Cyber Security Awareness Training, Phishing Simulation तथा डिजिटल नैतिकता सम्बन्धी तालिम प्रदान गर्नुपर्छ । सदस्यलाई पनि OTP कसैसँग साझा नगर्ने, Strong Password प्रयोग गर्ने, नक्कली वेबसाइट तथा Application पहिचान गर्ने र शंकास्पद लिंक नखोल्ने विषयमा नियमित सचेतना दिनु आवश्यक छ ।

डिजिटल रूपान्तरण सफल हुन सूचना प्रविधिमा गरिएको लगानी मात्र पर्याप्त हुँदैन । त्यसलाई सुरक्षित, विश्वसनीय र दिगो बनाउने साइबर सुरक्षा प्रणाली पनि समान रूपमा आवश्यक हुन्छ । भविष्यको Smart Cooperative भनेको केवल डिजिटल सहकारी संस्था होइन, डेटामा आधारित र Cyber Resilient Cooperative हो, जसले प्रविधिको उपयोगसँगै सदस्यको विश्वास र सूचनाको सुरक्षालाई समान प्राथमिकता दिनुपर्दछ ।

**७. निष्कर्ष**

नेपालको सहकारी क्षेत्र नेपालको आर्थिक तथा सामाजिक विकासको महत्वपूर्ण आधारका रूपमा स्थापित भइसकेको छ । वित्तीय समावेशीकरण, स्थानीय पूँजी परिचालन, सामुदायिक उद्यमशीलता तथा सदस्यको आर्थिक सशक्तीकरणमा सहकारीको योगदान उल्लेखनीय रहेको छ । यद्यपि बढ्दो डिजिटल अर्थतन्त्र, सदस्यको बदलिँदो अपेक्षा तथा सुशासनका चुनौतीलाई मध्यनजर गर्दै सहकारी क्षेत्रले अब परम्परागत व्यवस्थापन प्रणालीबाट डिजिटल रूपान्तरणतर्फ अघि बढ्नै पर्ने अवस्था सिर्जना भइसकेको छ । तर साइबर सुरक्षा बिनाको डिजिटल रूपान्तरण दिगो हुन सक्दैन । त्यसैले डिजीटलाइजेशनसँगै सूचना सुरक्षा, डेटा गोपनीयता, कर्मचारी क्षमता विकास, जिम्मेवारी पूर्वक AI को प्रयोग तथा संस्थागत सुशासनलाई समान प्राथमिकता दिन आवश्यक छ । सहकारी संस्था, सरकार, नियामक निकाय र प्रविधि सेवा प्रदायकबीच प्रभावकारी सहकार्य मार्फत सुरक्षित, पारदर्शी, सदस्यकेन्द्रित तथा स्मार्ट सहकारी निर्माण गर्नु नै भविष्यको मार्गचित्र हुनुपर्छ ।

तर साइबर सुरक्षा बिनाको डिजीटलाइजेशन सुरक्षित हुन सक्दैन । प्रविधि जति उन्नत भए पनि, त्यसलाई जोगाउने सुरक्षा संरचना, नीति र सचेतना नभए, डिजिटल रूपान्तरणले नै संस्थालाई नयाँ किसिमको जोखिममा पार्न सक्छ । त्यसैले प्रविधि अवलम्बनसँगै साइबर सुरक्षालाई समानान्तर प्राथमिकता दिनु अपरिहार्य छ ।

सहकारी संस्था, सरकार, नियामक निकाय र प्रविधि सेवा प्रदायक कम्पनीहरूबीच सुदृढ सहकार्य आवश्यक छ । सहकारी क्षेत्रका लागि विशिष्ट डिजिटल सुरक्षा मापदण्ड, प्राविधिक जनशक्ति विकास, र सर्वसुलभ अनुदानमूलक प्रविधि पूर्वाधार जस्ता नीतिगत सुधार अत्यन्त जरुरी छ । अन्ततः सदस्यको विश्वास नै सहकारीको सबैभन्दा ठूलो पूँजी हो । त्यही विश्वासलाई कायम राख्दै, सुरक्षित, पारदर्शी र आधुनिक डिजिटल सहकारी निर्माण गर्नु आजको समयको सबैभन्दा ठूलो चुनौती र अवसर दुवै हो ।



गतिविधि

# SACCOS Managers' Capacity Enhancement Training सम्पन्न



८ फागुन २०८३ । भक्तपुर । बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरूको व्यावसायिक दक्षता, नेतृत्व क्षमता, व्यवस्थापकीय सोच तथा संस्थागत सुशासन अभिवृद्धि गर्दै सहकारी संस्थालाई सदस्यमुखी, प्रविधिमैत्री, दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम व्यवस्थापक तयार गर्ने उद्देश्यले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून) ले विकास गरेको पाठ्यक्रममा आधारित "साकोस व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम" सम्पन्न भएको छ ।

बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता एवम् राष्ट्रिय सहकारी नियमन प्राधिकरणका विज्ञ सदस्य डा. रमेशप्रसाद चौलागाईको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको तालिममा संघको सञ्जालमा आवद्ध ३३ वटा सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक, वरिष्ठ अधिकृत, विभागीय प्रमुख तथा सेवा केन्द्र प्रमुखहरूको सहभागिता रहेको थियो । तालिमको उद्घघाटन सत्रको सञ्चालन संघको प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले सञ्चालन गर्नु भएको थियो भने संघको महिला उपाध्यक्ष कल्पना श्रेष्ठले स्वागत मन्तव्य राख्नु भएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि डा. रमेशप्रसाद चौलागाईले सहकारी संस्थाको सफलता र विश्वसनीयतामा व्यवस्थापकको भूमिका अत्यन्त महत्वपूर्ण रहने उल्लेख गर्दै व्यवस्थापकहरूमा व्यावसायिकता, उत्तरदायित्व, नेतृत्व क्षमता र परिणाममुखी कार्यशैलीको विकास अपरिहार्य रहेको बताउनुभयो । उहाँले तालिमबाट प्राप्त ज्ञान, सीप र दृष्टिकोणलाई व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय सहकारी नियमन प्राधिकरण अन्तर्गत सञ्चालन भइरहेको कारोबार अनुमति प्रक्रियामा अझै सहभागी नभएका सहकारी संस्थाहरूलाई समयमै आबद्ध हुन अनुरोध समेत गर्नुभएको थियो ।

बागमती प्रोस्कूनद्वारा विकास गरिएको व्यवस्थापक क्षमता विकास पाठ्यक्रममा आधारित उक्त तालिम तीन दिनको अवधिमा १२ वटा सत्रमार्फत सञ्चालन गरिएको थियो भने पाठ्यक्रममा व्यवस्थापकीय सोचको विकास, सफल व्यवस्थापक बन्ने सूत्रहरू, व्यवस्थापकका गुण तथा भूमिका, सहकारीका मूल्यमान्यता र व्यवहार, सहकारी ऐन तथा नियामकीय व्यवस्था, गुणस्तरीय सेवा प्रवाहमा व्यवस्थापकको भूमिका, उत्पादन तथा सेवा विकास र उपयोग, प्रविधिमा आधारित सेवा प्रणाली, दीर्घकालीन सोच, संस्थागत सुशासन, सदस्यकेन्द्रित व्यवस्थापन तथा सामुदायिक विकासमा सहकारी व्यवस्थापकको योगदानजस्ता विषयहरूलाई सैद्धान्तिक प्रस्तुती, समूह अभ्यास, घटना अध्ययन, अनुभव आदानप्रदान तथा व्यवहारिक अभ्यासमार्फत शिक्षण गराईएको थियो ।

तालिम संघका प्रमुख कार्यकारी अधिकृत श्री केशबप्रसाद दाहाल व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख श्री सुदर्शन दाहाल, तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख श्री बिमला पुडासैनी तथा कार्यक्रम अधिकृत श्री किशोर पौडेलले सहजीकरण गर्नु भएको थियो ।

व्यवस्थापकीय ज्ञान, सीप, नेतृत्व क्षमता तथा व्यावसायिक दृष्टिकोण परिष्कृत र व्यवहारमुखी बनाउन तालिम सफल भएको सहभागीहरुको प्रतिक्रिया सहित संघका अध्यक्ष श्री उद्धव सापकोटा कै अध्यक्षतामा सम्पन्न तालिमको समापन तथा प्रमाणपत्र वितरण समारोहमा संघका सचिव श्री ठाकूरप्रसाद बाँस्कोटाले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने अध्यक्षले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु भई तालिम कार्यक्रम सम्पन्न भएको थियो ।

# व्यक्तिबाट प्रणालीमा : कोशिसले सम्भव बनाएको संस्थागत रुपान्तरण

लेख



**स्मिता फूँयाल**
**व्यवस्थापक**
**सामुहिक परिवर्तनशील महिला साकोस**
**कालिमाटी, काठमाडौं (कोशिस पहिलो समूह)**

सहकारी संस्थाको आन्तरिक व्यवसायिकरण, स्वः नियमन, अनुगमन, मूल्याङ्कन र सञ्जालीकरण मार्फत समुदायको हित प्रवर्द्धन गर्दै सहकारी मार्फत सदस्यहरुलाई उत्कृष्ट सेवा प्रदान गर्ने उद्देश्यले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.ले विकास गरेको स्तरीकरण कार्यक्रम कोशिसमा यस सामुहिक परिवर्तनशिल महिला बचत तथा ऋण सहकारी संस्था लि. ले २०७९ साल भाद्रमा सम्झौता गरि आवद्ध भएको छ ।

स्तरीकरण कार्यक्रम कोशिस वित्तीय व्यवस्थापन क्षेत्र (PEARLS) र स्वनियमन, सुशासन र व्यवसायीक विकास क्षेत्र (KAILASH) गरि ५३ वटा सूचकबाट सुपरिवेक्षण गरिरहेको थियो भने हाल आएर अद्यावधिक कोशिसका ५८ वटा सूचकबाट संस्था सुपरीवेक्षण भईरहेको छ । कोशिस कार्यक्रमले हरेक ४/४ महिनामा संस्थाहरुको स्थलगत अनुगमन साथै ३/३ महिनामा we can workshop संचालन गर्छ । कोशिस कार्यक्रमले मासिक रुपमा वित्तीय सुचकको सुपरीवेक्षण गरि सुधार गर्नुपर्ने सुचकहरु सुधारका लागि योजना सहितको सुझाव र सरसल्लाह प्रदान गरेको छ, अनुगमन अधिकृतहरुले संस्थाको सुष्म ढंगबाट अध्ययन गरि सुधार गर्नुपर्ने विषयहरु सुझावका रुपमा प्रदान गर्नु हुन्छ भने सुझाव कार्यान्वयनको अवस्थाबारे पनि निरिक्षण गर्नु हुन्छ साथै सञ्चालक समिति र कोशिस कार्यदल समक्ष बसेर आवश्यक छलफल समेत गराउने गर्नुभएको छ । कोशिस पहिलो समुहमा १० वटा संस्था आवद्ध भई हरेक ३/३ महिनामा आयोजना हुने we can workshop मा संस्थाले आफ्नो वित्तीय अवस्था, ३ महिना भित्र संस्थाले गरेका कार्य प्रगतिका विषयहरु छलफल गरिन्छ । १० वटा साकोस माझ संस्थाहरुले प्रगति भएका विषयहरु छलफल गर्दा काम गर्न छुटै जोस र जागर भरिन्छ । कोशिस कार्यक्रममा आवद्धता पश्चात मैले मेरो व्यक्तिगत क्षमता विकास भएको महसुस गरेको छु साथै संस्थाको वित्तीय अवस्था सुधार भएको छ ।

कोशिस कार्यक्रमले समय समयमा प्रदान गर्ने निशुल्क साथै सशुल्क तालिम तथा कार्यक्रमहरुले सर्वप्रथम त मेरो लगायत सम्पूर्ण कर्मचारीहरुको क्षमता विकास भएको छ प्रस्तुतीकरण तयार गर्न र प्रस्तुत गर्ने क्षमता विकास भएको छ साथै सञ्चालक समिति, लेखा तथा विभिन्न उपसमितिहरुलाई तालिम तथा कार्यक्रममा सहभागि हुने अवसर प्रदानका कारण समिति तथा उपसमितिहरुको पनि क्षमता विकास भएको छ ।

आवद्धता पूर्वका अवस्था र हाल सम्मको अवस्थामा संस्थामा ३५।९७ प्रतिशत सदस्य वृद्धि भएको छ भने ,संस्थाको कुल वासलात ८०।९८ प्रतिशतले वृद्धि भएको छ ।

संस्था आवद्धता पूर्वको अवस्थामा संस्था संचालनका लागि ४ वटा नीति तथा कार्यविधि रहेको थियो भने हाल संस्थाले सबै कृयाकलापहरु नीति तथा कार्यविधि बनाएर गर्ने गरेको छ तसर्थ संस्थामा १७ वटा नीति तथा कार्यविधि निमार्ण भएका छन् । कोशिस कार्यक्रमले संस्थामा बैठक संस्कार र संचालनका विषयहरु सिकाएको छ । बैठक बस्दा संयुक्त रुपमा बैठक बस्ने गरेको थियो भने हाल संस्थाले बैठक संचालन कार्यविधि अनुसार बैठक संचालन गर्ने गरेको छ । उपसमिति तथा समितिलाई क्षमता विकास कार्यक्रममा सहभागि गराई अधिकार सहितको जिम्मेबारी प्रदान गरि सक्रिय बनाएको छ । निर्णय लेखन, कार्यविधि तयारी, योजनाको मस्यौदा तयारीमा सुधार भएको छ । निर्णय लेखन हस्तलिखित हुने गरेको थियो भने हाल यस कार्यक्रममा आवद्धता पश्चात कम्प्युटर टाइप गरी निर्णय लेख्ने गरेको साथै निर्णय लेखनलाई डिजिटल दोहोरो सुरक्षा हुने गरी व्यवस्थित गरिएको छ ।

> कोशिस कार्यक्रममा आवद्धता पश्चात स्थलगत अनुगमनमा आएका सुझाव तथा सल्लाहाका कारण संस्था अनुगनको अवस्थामा संस्थाको राम्रो रिपोट आएको छ, यसका लागि हाम्रो पुरै संस्थाको तर्फबाट बागमती प्रोस्कूनलाई स-धन्यवाद व्यक्त गर्न चाहान्छु

स्तरीकरण कार्यक्रममा आवद्धता पछि संस्थाले वित्तीय क्षेत्र सुधारका लागि ऋण वर्गीकरण गरि जोखिम कोष व्यवस्था गर्ने गरेको छ । संस्थाले कर्जा असुली कार्यविधि बनाई भाखा नाघेको ऋण नियन्त्रण गरेको छ । संस्थाले निरन्तर सदस्य शिक्षा कार्यक्रम आयोजना गरेको छ भने सदस्य सुरक्षाका लागि ऋणी सदस्यको बीमा गनि गरेको छ । बागमती प्रोस्कूनको सहयोगमा संस्थाले पहिलो पटक आ.व २०८१।०८२ मा बार्षिक योजना कार्यक्रम तथा बजेट निमार्ण गरि लागु गरेको थियो भने सो पश्चात निरन्तर बार्षिक योजना निमार्ण गर्ने गरेको छ साथै आ.व २०८२।०८३ मा संस्थाले पहिलो पटक चार वर्षे रणनीतिक व्यवसायीक योजना तथा कार्यक्रम निमार्ण गरि लागु गरिएको छ ।

सहकारी सुशासनको केन्द्रीय अभ्यास मासिक व्यवस्थापन प्रतिवेदन नियमित रुपमा सञ्चालक समितिमाझ पेश भई छलफल

हुने गरेको छ जसले संस्थाको कार्यसम्पादनमा सुधार भएको छ । योजना र लक्ष्य विकासका लागि मद्दत पुऱ्याएको छ ।

मिति २०८१/०२/०४ गते स्थानीय निकाय, काठमाडौं महानगरपालिका, वडा कार्यालयका जनप्रतिनिधि, काठमाडौं जिल्ला सहकारी संघका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, प्रशासन लगायतका टोलीबाट यस संस्थामा भएको वित्तीय स्थलगत अनुगमनमा माग भएका सम्पूर्ण आवश्यक कागजपत्रहरु उपलब्ध गराउन संस्था सफल भएको छ, कोशिस कार्यक्रममा आवद्धता पश्चात स्थलगत अनुगमनमा आएका सुझाव तथा सल्लाहका कारण संस्था अनुगनको अवस्थामा संस्थाको राम्रो रिपोट आएको छ, यसका लागि हाम्रो पुरै संस्थाको तर्फबाट बागमती प्रोस्कूनलाई स-धन्यवाद व्यक्त गर्न चाहन्छु ।

व्यक्ति आधारित कामबाट प्रणालीमा आधारित काम तर्फबाट रुपान्तरण गर्न प्रतिवेदन प्रणाली, मूल्यांकन प्रणाली, कार्यविवरण, कार्यविधिले संस्थालाई व्यवस्थित बनाएको छ ।

स्तरीकरण कार्यक्रमले संस्थालाई कानुनीको पालना गर्न, नियामन निकायमा पेश गर्नुपर्ने आवश्यक कागजपत्र पेश समयमा जानकारी गरि आवश्यक सहयोग समेत गरेको छ जसका परिणाम संस्थाले हालसम्म कुनै पनि दण्ड वा जरिवना तिर्नु परेको छैन । नियमित रुपमा सहकारी प्रर्बद्धन कोषमा योगदान गर्नुपर्ने रकम जम्मा गर्ने गरेको छ ।

संस्थामा रहेको ऋण नीति पुर्नलेखन गरि, ऋण लगानी प्रक्रिया व्यवस्थित भएको छ, ऋण परार्मश, ५ सि विश्लेषण, ऋणको सदुपयोगित साथै अन्य विषयहरु निरीक्षण गरि, आवश्यक कागजपत्र पूर्ण भए पश्चात मात्र लगानी गर्ने गरेको छ । ऋण दर्ता किताब खडा गरिएको छ ,प्रत्येक ऋणीको अलग्गै फायल बनाई व्यवस्थित गरि राख्ने गरेको छ। संस्थाले औषत शेयर खरीद गर्ने सदस्य वृद्धि गरेको छ , सदस्यहरुलाई २ वटा बचत खातामा सहभागि गराएको छ। संस्थाले नगद परिचालन नीति विकास गरि संस्थामा नगद सुरक्षाका लागि नगद काउन्टर र नगद ढुकुटी बीमा गरेको छ। सदस्यहरुको वर्गीकरण गरि सदस्यहरुलाई आवश्यकता अनुसारको बचत तथा ऋण सेवा उपलब्ध गराएको छ ।

संस्थाको प्रशासनिक अभिलेख, ऋण अभिलेख, लेखा अभिलेखहरु व्यवस्थित भएको छ कर्मचारीलाई लिखित रुपमा अभिलेख सुरक्षाको जिम्मेबारी तोकिएको छ भने अभिलेख खोजेको ३ मिनेट भित्र भेट्न सकिने गरि व्यवस्थित गरिएको छ । खुल्ला प्रतिष्पर्धाबाट लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने गरेको छ ।

नियामक निकायहरुबाट विभिन्न मितिमा जारी भएको परिपत्र अनुसारका निर्देशन तथा नियमहरुका विषय लिएर बागमती प्रोस्कूनले संस्थाहरु आवद्ध गराई सञ्चालन गर्ने अनलाई वा अफलाईन कार्यक्रमले संस्थाहरुलाई धेरै सहयोग तथा बुझ्ने मौका दिएको छ ।

संस्थाले समय समयमा सदस्यहरुको रुची अनुसार सदस्य शिक्षा, युवा वित्तीय साक्षरता तथा विस्तारित मञ्च कार्यक्रम आयोजना गर्ने गरेको छ जसमा संस्थाको वित्तीय अवस्थाको जानकारी, संस्थाको नीति तथा कार्यविधिमा उल्लेख भएका कुराहरु सदस्यहरुलाई जानकारी गराइन्छ। संस्थामा भएको वित्तीय परिवर्तन, सुशासन, पारदर्शिता, कार्यशैली परिवर्तन, नीति तथा कार्यविधिले संस्थामा सदस्यहरुको विश्वास बढेको छ। स्तरीकरण कार्यक्रमको असल अभ्यासका कारण विश्वव्यापी आर्थिक मन्दीका अवस्था र सहकारीमा भएका आर्थिक हिनामिनाको असर यस संस्थामा परेको छैन । स्तरीकरण कार्यक्रममा आवद्धता पछि सहकारी संस्थालाई समाज र नियामक निकायले हेर्ने दृष्टीकोण परिवर्तन भएको छ ।

यस सहकारी संस्था सुशासन, नीति, विधिमा सञ्चालन गर्न सक्नुमा बागमती प्रोस्कूले ल्याएको स्तरीकरण कार्यक्रमको परिणाम प्रत्यक्ष देख्न सकिन्छ यसका लागि बागमती प्रोस्कूनको कर्मचारीहरुले यस अवधिमा दिनु भएको सुझाव, सल्लाह र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दै हृदय देखि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

बागमती प्रोस्कूनको छैटौं बार्षिकोत्सव एवम् सातौं स्थापना दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

❁

गतिविधि

## कोशिस सातौ समूहको Initial WE CAN सम्पन्न

७ चैत्र २०८२ । सिन्धुली । बागमती प्रोस्कूनले सञ्चालन गरेको साकोस स्तरीकरण कार्यक्रम कोशिसमा आवद्ध संस्थाहरु सातौं समूह (सुनकोशी समूह) को Initial WE CAN सम्पन्न भएको छ ।




बागमती प्रोस्कूनको आयोजना र समूह आवद्ध ९ वटा सहकारीका सहभागितामा सम्पन्न कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष श्री उद्धव सापकोटाले गर्नु भएको थियो । सहकारी संस्थाहरुको दिगो विकास र प्रभावकारी सदस्य सेवा एवम् सुरक्षित कारोबार गर्नका लागि विकास गरिएको कार्यक्रममा संघले नविनतम विषयमा अनुशिक्षण गर्ने अभ्यास अनुसार संघका प्रमुख कार्यकारी अधिकृतले व्यक्तिगत क्षमता विकासका लागि धारणा निर्माण विषयमा अनुशिक्षण गर्नु भएको थियो ।

कार्यक्रममा सहभागी समूहका सम्पूर्ण सहकारी संस्थाले आफ्नो सहकारी संस्थाको अवस्थाको विषयमा कोशिस कार्यक्रमको सूचकको आधारमा प्रस्तुतीकरण गर्नु भएको थियो । संस्थाहरुले

गरेको प्रस्तुतीकरणमा संघका व्यवसाय तथा अन्तरशाखा समन्वय विभागका प्रमुख सुर्दशन दाहालले पृष्ठपोषण सहित सहजीकरण गर्नु भएको थियो ।

कार्यशालाले आगामी पहिलो कार्यशाला समूह आवद्ध दीपमाला महिला साकोसको आयोजनमा २०८३ आषाढ ६ गते शनिवार अयोजना गर्ने निर्णय गर्दै सम्पन्न गरेको थियो ।

# कोशिस पहिलो समूहको १२ औं *WE CAN* कार्यशाला सम्पन्न




७ चैत्र २०८२ । सिन्धुपाल्चोक । बागमती प्रोस्कूनले सञ्चालन गरिरहेको साकोस स्तरीकरण कार्यक्रम 'कोशिस' अन्तर्गत पहिलो समूहको १२ औं WE CAN कार्यशाला आत्मानिर्भर साकोसको आयोजना र बागमती प्रोस्कूनको प्राविधीक सहयोगमा सम्पन्न भएको छ । आयोजक संस्थाका अध्यक्ष भिमबहादुर योञ्जनको अध्यक्षता र संघका वरिष्ठ उपाध्यक्ष जीवसराज खड्का प्रमुख आतिथ्यता, बागमती प्रोस्कूनका पूर्व सञ्चालक एवं सुनकोशी गाउँपालिका-६ का वडा अध्यक्ष चक्रबहादुर बस्नेत विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा आयोजक संस्थाका उपाध्यक्ष मधुराम कार्कीले उपस्थित सम्पूर्णलाई स्वागत गर्नु भएको थियो भने आयोजक संस्थाका प्रबन्धक विचारीप्रसाद प्याकुरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यशालाको शुरुमा Global Money Week २०२६ को सन्दर्भलाई मध्यनजर गरी संघको तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले Smart Money Talks विषयलाई अभियानले वित्तीय साक्षरता मार्फत कसरी सदस्यहरुको आयवृद्धि गर्न सकिन्छ भन्ने मूल विषयमा अभिमुखीकरण गराउनु भएको थियो ।

दोश्रो चरणमा कार्यक्रममा सहभागी १० वटै सहकारी संस्थाले कोशिस कार्यक्रमका सूचकका आधारमा आफ्नो संस्थाको वर्तमान अवस्था, प्रगति, उपलब्धि तथा सुधारका क्षेत्रहरूको प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुतीकरणमाथि बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले आवश्यक पृष्ठपोषण सहित सहजीकरण गर्नुभएको थियो ।

कार्यशालाले आगामी १३ औं WE CAN कार्यशाला समूहमा आबद्ध कुम्भेश्वर महिला साकोसको आयोजनामा २०८३ जेठ २३ गते सञ्चालन गर्ने निर्णय सहित समापन भएको थियो ।

# *GLOBAL MONEY WEEK* २०२६ को अवसरमा विशेष कार्यक्रम सम्पन्न




८ चैत्र २०८२ । किशोर-किशोरी तथा युवाहरूमा वित्तीय साक्षरताको विकास, जिम्मेवार आर्थिक व्यवहारको प्रवर्द्धन तथा बचत संस्कृतिको विस्तार गर्ने उद्देश्यका साथ GLOBAL MONEY WEEK २०२६ को अवसरमा अभौतिक प्रशिक्षण तथा अन्तरसम्वाद कार्यक्रम सम्पन्न भएको थियो ।

रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजना तथा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को प्राविधिक सहयोगमा Smart Money Talks भन्ने नारासहित सञ्चालन कार्यक्रममा रामेछाप जिल्लाका ३५ भन्दा बढी बचत तथा ऋण सहकारी संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष एवम् बागमती प्रोस्कूनका सञ्चालक जगन्नाथ दाहालको अध्यक्षतामा भएको कार्यक्रममा Smart Money Talks विषयमा बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

Organization for Economic Co–operation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि सञ्चालन हुँदै आएको Global Money Week अभियानको अन्तर्राष्ट्रिय पृष्ठभूमि, उद्देश्य तथा नेपालमा यसको सान्दर्भिकता सहित वित्तीय शिक्षाले व्यक्ति, परिवार र समाजमा पार्ने सकारात्मक प्रभावलाई प्रस्तुतीकरणको मुल विषयवस्तु बनाईएको प्रस्तुतीकरणले सहकारी क्षेत्रले खेल्न सक्ने भूमिकामाथि छलफलको विषयवस्तुमा समेटेको थियो ।

कार्यक्रम मार्फत किशोर-किशोरी तथा युवा लक्षित वित्तीय साक्षरता अन्तर्गत बचतको महत्व, नियमित बचत गर्ने तरिका, बचतको शक्ति, आम्दानीका सम्भावित स्रोत, आय-व्यय व्यवस्थापन, खर्चको प्राथमिकता निर्धारण, जिम्मेवार आर्थिक निर्णय, सुरक्षित वित्तीय व्यवहार तथा प्रविधिमैत्री वित्तीय सेवाको प्रयोगजस्ता विषयमा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो ।

नेपालमा Global Money Week अभियान नेपाल राष्ट्र बैंकको समन्वयमा सन् २०१३ देखि निरन्तर मनाइँदै आएको छ । प्रत्येक वर्ष मार्च महिनामा सञ्चालन हुने यस अभियानले विश्वभरका लाखौं बालबालिका तथा युवामा वित्तीय शिक्षाप्रति जागरण सिर्जना गर्दै आएको छ ।

यस कार्यक्रमबाट सहकारी संस्थामार्फत समुदायस्तरसम्म वित्तीय साक्षरता विस्तार हुने, विशेषगरी किशोर-किशोरी तथा युवाहरूमा बचत गर्ने बानी, जिम्मेवार आर्थिक व्यवहार र विवेकपूर्ण वित्तीय निर्णय गर्ने क्षमता विकास हुने अपेक्षा गरिएको छ । साथै सहकारी संस्थाहरूले आफ्नो कार्यक्षेत्रमा वित्तीय शिक्षासम्बन्धी सचेतनामूलक कार्यक्रमलाई अझ प्रभावकारी रूपमा विस्तार गर्दै आर्थिक रूपमा सक्षम र जिम्मेवार समाज निर्माणमा योगदान पुऱ्याउने लक्ष्य कार्यक्रमले लिएको थियो । ❁

# नियामकीय व्यवस्था र सदस्य सक्रियताको अन्तरसम्बन्धबारे सहकारी सुधार संवाद सम्पन्न




१७ चैत्र २०८२, भक्तपुर । ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को आयोजनामा "नियामकीय व्यवस्था र सदस्य सक्रियताको अन्तरसम्बन्ध" विषयक सहकारी सुधार संवाद कार्यक्रम रोयल थाई हस्पिटालिटी राधेराधे भक्तपुरमा सम्पन्न भएको छ । बागमती प्रदेशका सहकारी रजिस्ट्रार श्री प्रदीपराज पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सभाध्यक्षता संघको अध्यक्ष श्री उद्धव सापकोटाले गर्नु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पौडेलले सहकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी, विश्वसनीय र दिगो बनाउन प्रभावकारी नियमनसँगै सदस्यहरूको सक्रिय, जिम्मेवार र सचेत सहभागिता अपरिहार्य रहेको बताउनुभयो । सहकारी संस्थाले कानुनी व्यवस्था, वित्तीय अनुशासन तथा सुशासनका आधारभूत मापदण्डलाई पूर्ण रूपमा पालना गरे मात्र सहकारीप्रति जनविश्वास सुदृढ हुने उहाँको भनाइ थियो ।

संवाद कार्यक्रममा सहकारी नियमन, अभिलेखीकरण, तथ्याङ्क तथा विवरण अद्यावधिक, मासिक प्रतिवेदनको समयमै पेश गर्ने दायित्व, नियामकीय निकायहरूको भूमिका तथा सहकारी संस्थाहरूको कानुनी जिम्मेवारीलगायत समसामयिक विषयमा विस्तृत छलफल गरिएको थियो । विशेषगरी मासिक विवरण समयमै पेश नगर्दा संस्थाको पारदर्शिता, उत्तरदायित्व र विश्वसनीयतामा प्रत्यक्ष असर पर्ने भएकाले त्यसतर्फ सबै संस्थाले विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको थियो ।

सहभागीहरूलाई चार समूहमा विभाजन गरी विषयगत छलफल सञ्चालन गरिएको थियो भने समूहगत छलफलबाट सहकारी क्षेत्रका विद्यमान समस्या, चुनौती, अवसर तथा सुधारका सम्भावित उपायहरू पहिचान गर्दै व्यावहारिक सुझावहरू प्रस्तुत गरिएको थियो । प्रस्तुत सुझावहरूलाई समेट्दै सहकारी क्षेत्रको दिगो विकासका लागि नीतिगत सुधार, प्रभावकारी नियमन र सदस्यको सक्रिय भूमिका बिचको अन्तरसम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याइएको थियो ।

कार्यक्रममा संघका सचिव ठाकुरप्रसाद बास्कोटा, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत डा. शिवजी सापकोटा, प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहाल, विभिन्न सहकारी संघसंस्थाका अध्यक्ष एवम् व्यवस्थापकहरु विषयविज्ञका रुपमा सकारात्मक संवाद Appreciative Inquiry (Positive Dialogue) विधीमा र World Café Method मा २ सत्रमा सञ्चालन भएको संवाद कार्यक्रमले सहकारी क्षेत्रको वर्तमान अवस्था, सुशासन, नियमन प्रणाली, सदस्य सहभागिता तथा संस्थागत उत्तरदायित्वका सवालमा अभियान स्वयम्ले सुधार गर्नु पर्ने विषयवस्तुमा तिव्र सुधार गर्नु पर्ने निष्कर्ष कार्यक्रमले निकालेको थियो ।

वक्ता एवम् प्रश्नावलीमा सहभागीहरूले पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका सदस्य निष्क्रियता, वित्तीय अनुशासनमा आएको कमजोरी, सुशासन कार्यान्वयनमा देखिएका चुनौती तथा नियामकीय व्यवस्थाको प्रभावकारी कार्यान्वयनका विषयलाई गम्भीर रूपमा लिनुपर्ने धारणा व्यक्त गर्नुभयो । यी चुनौतीहरूको समाधानका लागि सरकार, नियामक निकाय, सहकारी संघ-संस्था तथा सदस्यहरूबीच सशक्त समन्वय, सहकार्य र साझा प्रतिबद्धता आवश्यक रहेको निष्कर्ष सहित कार्यक्रम सम्पन्न भएको थियो । ❁

# कोशिस छैटौं समूहको दोस्रो *WE CAN* कार्यशाला सम्पन्न




१६ चैत्र २०८२ । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सहकारी स्तरीकरण कार्यक्रम 'कोशिस' मा आवद्ध छैटौं समूहको दोस्रो WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालय मिनभवनमा सम्पन्न भएको थियो । संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता र ललितपुर महानगरपालिकाको सहकारी व्यवस्थापन महाशाखाका प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कार्यक्रममा आबद्ध छैटौं समूहका ८ वटा मध्ये ६ वटा सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले कार्यशालाको उद्देश्य, औचित्य तथा

कोशिस कार्यक्रमले सहकारी संस्थाहरूको संस्थागत सुधारमा पुऱ्याइरहेको योगदानबारे प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

नियमित फरक विषयमा हुने अनुशिक्षण अन्तर्गत संघका कार्यक्रम अधिकृत किशोर पौडेलले 'सहकारीमा सञ्चालन जोखिम र व्यवस्थापन' विषयमा अनुशिक्षण गर्नु भएको थियो । दोश्रो चरणमा कार्यक्रममा सहभागी सहकारी संस्थाहरुले कोशिस कार्यक्रमका सूचकका आधारमा आफ्नो संस्थाको प्रगति, उपलब्धि, चुनौती तथा सुधारका प्रयासहरू प्रस्तुत गरेका थिए । संस्थाको प्रस्तुतीकरणमाथि संघका कार्यक्रम अधिकृत किशोर पौडेलले आवश्यक पृष्ठपोषण, सुझाव तथा सुधारका क्षेत्रहरूबारे सहजीकरण गर्नुभएको थियो ।

विभिन्न विषयमा सामूहिक प्रतिवद्धताका साथ कार्यशालाले आगामी तेस्रो WE CAN कार्यशाला २०८३ असार १४ गते आइतबार बागमती प्रोस्कूनको सदस्य सेवा कार्यालय मिनभवनमा आयोजना गर्ने निर्णय गरी कार्यशाला समापन भएको थियो । ❁

# कोशिस पाँचौं समूहको दोस्रो *WE CAN* कार्यशाला सम्पन्न



१५ चैत्र २०८२ । काठमाडौं । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका, आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित 'कोशिस' कार्यक्रम अन्तर्गत पाँचौं समूहको दोस्रो WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालयमा सम्पन्न भएको छ । संघका वरिष्ठ उपाध्यक्ष जिवसराज खड्काको अध्यक्षता तथा ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखा प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले कार्यक्रमले सान्दर्भिकिता र प्रभावमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

नियमित नयाँ एवम् फरक विषयमा अनुशिक्षण गर्ने अभ्यास अनुसार संघका कार्यक्रम अधिकृत किशोर पौडेलले "सहकारीमा सञ्चालन जोखिम र व्यवस्थापन" विषयमा अनुशिक्षण गराउनु भएको थियो । दोश्रो चरणमा समूहमा आबद्ध सातमध्ये छ वटा सहकारी संस्थाले विगत तीन महिनामा सम्पन्न गरेका संस्थागत सुधार तथा प्रगतिको प्रस्तुतीकरण गर्नु भएको थियो भने प्रस्तुतीकरणमा देखिएका सुधारात्मक विषयहरुमा कार्यक्रम अधिकृत किशोर पौडेलले पृष्ठपोषण तथा आगामी सुधारका लागि आवश्यक सुझाव सहित सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रमले सहभागी संस्थाहरूलाई संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा निरन्तर सुधारका कार्ययोजनामा थप प्रतिबद्ध सहित तेस्रो WE CAN Workshop २०८३ असार १५ गते आयोजना गर्ने निर्णयसहित सम्पन्न भएको थियो । ❁

# बागमती प्रोस्कूनको प्रगति समिक्षा बैठक सम्पन्न



शुक्रवार, २७ चैत्र २०८२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले चालु आ.वको तेश्रो त्रैमाससम्मको प्रगति समिक्षा गरेको छ ।

संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा बागमती प्रोस्कूनका पदाधिकारी सदस्यहरु, लेखा सुपरिवेक्षण समिति संयोजक तथा सदस्यहरु, संघका प्रमुख कार्यकारी अधिकृत सहित विभागिय प्रमुखहरुको सहभागिता रहेको समिक्षा कार्यक्रममा चालु आ.वमा संघले लिएको लक्ष्य र सोको प्राप्तिको अवस्थाका विषयलाई लिएर प्रगतिको समिक्षा गरिएको थियो ।



विभागिय जिम्मेवारीको हैसियतवाट व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख सुदर्शन दाहाल, तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनी, लेखा तथा प्रशासन विभागको तर्फवाट शिव प्रसाद शर्मा, सूचना प्रविधि विभागको तर्फवाट विशाल तिमल्सिनाले आफ्नो विभाग अन्तर्गतका लक्ष्य र उपलब्धीको विषयमा प्रस्तुती गर्नु भएको थियो भने संघका प्रमुख कार्यकारी अधिकृतले समग्र प्रस्तुतिमाथि आफ्नो विचार सहित समर्थन जनाउदै कार्यक्रमहरु अधिक भएका र जनशक्ति सिमितताका कारण लिएको लक्ष्य अनुरुप सफलता प्राप्त हुन नसकेको विषयमा प्रष्ट पार्नु भएको थियो ।

आ.व २०८२/०८३ देखि ०८५/०८६ सम्मका लागि तयार गरेको चार वर्षिय रणनीतिक योजनामा आधारित योजनाको वार्षिक खण्डीकरण गरी तयार गरेको वाीर्षक कार्यक्रममा समितिले मसिनो गरी समिक्षा र छलफल गर्दै कार्यक्रममा सञ्चालक समितिको तर्फवाट गर्न सकिने कार्यक्रम यथेष्ट सहयोग गरी अधिकतम उपलब्धी उन्मुख कृयाकलाप गर्ने निष्कर्ष सहित कार्यक्रम समापन भएको थियो । ❁

लेख

# कोशिस (COSIS) कार्यक्रममा डायनामिक साकोस: एक विश्लेषण



**पुष्प प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**डायनामिक बचत तथा ऋण सहकारी संस्था लि.**
**पुल्चोक, ललितपुर**

## सहकारी पृष्ठभूमि

नेपालमा अहिले सहकारी क्षेत्र लामो समय देखि समस्याको भुमरीबाट गुज्रदै आएर थेग्रिएर बसेको अवस्थामा छ । हाल तीब्र रुपमा कानूनी रूपान्तर हुँदै क्रमश: नियामक डण्डा कडा हुने क्रम जारी रहेको छ भने बचत फिर्ताको प्रयासहरू पनि भइरहेको भए तापनि समग्र सहकारीको दिगो र ठोस समाधान देखिएको छैन । सहकारीको समस्या समाधान गरी दिगोरूपमा सञ्चालन गर्ने सिलसिलामा केही महत्वपूर्ण प्रयासहरु भएका छन्, जुन यस प्रकार छन् ।-

१. कडा नियामक हस्तक्षेप र नयाँ अध्यादेश २०८३

२. बचत फिर्ताको लागि "Revolving Fund"

३. छानविन आयोगको ऐतिहासिक प्रतिवेदन २०८३

४. COSIS (Cooperatives Self-Regulation program for Organizational Sustainability and Institutionalized Service) - कोशिस (संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्व:नियम)

सहकारी अभियानमा स्व:नियमलाई ठुलो स्वरमा बोल्ने गरेको भए तापनि अधिकांश सहकारीहरू स्व:नियमलाई आफूलाई जे मन लाग्छ गर्ने नियम हो भन्ने मान्ने गरेको कुरा सञ्चालन व्यवहारमा प्रष्टै देखिएको हो । यसलाई कुनै पनि तरिकाले नियमित गर्ने कार्यमा नियामक निकायहरूको भूमिका रहेन, उल्टै अनावश्यक दर्ता र क्षेत्र विस्तारको स्वीकृति दिएर समस्यालाई थप जटिल बनाउने कार्य भयो जुन आयोगको प्रतिवेदनमा नै उल्लेख भएको छ ।

सहकारीको एकदमै अराजक वातावरण बीच लागू भएको कानून नीति नियमलाई व्यवहारमा उतार्न जसोतसो सञ्चालन भइरहेका सहकारीहरुलाई टेवा पुऱ्याउने र मनोबल बढाउने जस्ता कुनै पनि कार्यक्रमहरु सरकारको तर्फबाट मात्र होइन जिल्ला स्तरीय तथा राष्ट्रिय स्तरीय संघहरुबाट पनि प्रभावकारी रुपमा आएको देखिँदैन । यस परिस्थितिमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कुन)ले प्रदेश सरकारवाट स्वीकृत जुन कोसिस (COSIS) कार्यक्रम सञ्चालनमा ल्यायो, त्यो अत्यन्तै उत्साहजनक र ठोस प्रयास थियो । यस कार्यक्रममा डायनामिक साकोस पनि सहभागी हुने जुन अवसर ललितपुर महानगपालिमा मार्फत प्राप्त भयो यसलाई ठूलो उपलब्धिको रुपमा हामीले लियौ ।

कार्यक्रममा सहभागी भएपछि हामीलाई लागेको कुरा देहाय बमोजिम प्रस्तुत गर्न चाहन्छु -

१. **सार्थकता** (Validation): हामीलाई संस्थागत सुशासन र कानुनी परिपालना गर्नुपर्ने र पालना गरेको कुरालाई एउटा सकारात्मक सार्थकता प्राप्त भएको महसुस भयो ।

२. **टेवा** (Support): नियम कानुन र संस्थागत सुशासनमा बस्न चाहने संस्थाहरूको लागि यो कार्यक्रम एउटा ठोस टेवा र प्रवक्ता (Advocate) बन्न सक्नेछ ।

३. **परिपालनाको ढाँचा** (Compliance Format): नियम र सुशासनमा बस्न चाहने संस्थाहरूलाई आफूले गरी आएका कार्य तथा प्रक्रियाहरू ठीक थियो कि थिएन भनेर जाँच्ने कुनै मापदण्ड थिएन । यस कोसिस कार्यक्रमले यस्ता कार्य र प्रक्रिया सही हो कि होइन भनेर हेर्ने एउटा सही परिपालना गर्ने मापदण्ड (Standard) प्रदान गरेको छ ।

४. **क्षमता अभिवृद्धि** (Capacity Enhancement) : यस कार्यक्रमले प्रचलित नियम कानुन र प्राप्त निर्देशनहरूको पालना गर्दै कसरी सहकारी सञ्चालन गर्ने भन्ने सम्बन्धमा पूर्ण शिक्षा प्रदान गर्दै एउटा व्यवहारिक अभ्यास गराउन सक्नेछ यस कार्यक्रम अन्तर्गत सञ्चालित WE CAN प्रस्तुति र Onsite निरीक्षणबाट प्राप्त सुझावहरू र तुलनात्मक प्रगतिको समीक्षा समेत गर्ने हुँदा सहकारीको क्षमता वृद्धिमा ठोस सहयोग पुग्नेछ ।

५. **निरन्तरताको निश्चिन्तता** (Continuity Guaranty) : बैंकहरुमा यो खास विषय बन्दैन तर सहकारीहरु सधैं दिगो रुपमा सञ्चालन हुने वा नहुने भन्ने जोखिम सधैँ रहन्छ । विशेषगरी अहिलेको सहकारीप्रतिको नकारात्मक छवि, अति कडा परिपालनको डण्डा र मर्जर हुन सक्ने बाध्यात्मक कानूनहरूको उपस्थितिले संस्थाको दीर्घकालीन सञ्चालन हुनसक्ने निश्चितता हुँदैन । यस्तो अवस्थामा कोसिस (COSIS) कार्यक्रम र यसको परीक्षा प्रक्रियाबाट सफल हुन सके सरकारी मान्यता प्राप्त हुने हुँदा असल नियतले र नियमले चल्ने र चल्न खोज्ने संस्थाहरुको लागि यो रामवाण नै साबित हुन सक्नेछ ।

यस कोसिस (COSIS) कार्यक्रममा सहभागी भएपछि डायनामिक साकोसमा परेको प्रभाव र प्रगतिलाई तल देखाए बमोजिम चारवटा आयामबाट हेर्नुपर्ने हुन्छ -

१. **सकारात्मक प्रभाव** (Positive Impact): असल अभ्यास, सुशासन र नियम कानुनको परिधिभित्र बस्न चाहने र बस्न खोज्ने सम्पूर्ण संस्थाहरुको सम्बन्धमा लागू भएका महत्वपूर्ण पाँच पक्षहरू जस्तैः सार्थकता, टेवा, परिपालनको ढाँचा, क्षमता अभिवृद्धि र निरन्तरताको निश्चितता डायनामिक साकोसको सम्बन्धमा पनि लागू हुन्छ र त्यो यस संस्थाले प्राप्त गरेको महसुस पनि गरेको छ ।

२. **प्रयासको स्तर** (Level of Efforts): कोशिस (COSIS) कार्यक्रमबाट प्राप्त "कार्यदल अनुगमनमा देखिएको अवस्था र सुधार" का सुझावहरूको कार्यान्वयन भएको आधारमा हेर्दा डायनामिक साकोसको प्रगति मध्यम स्तरको मात्र भन्न सकिन्छ तथापि कार्यक्रम अवधिभरमा उच्च स्तरको बन्न सक्ने आशा गर्न सकिन्छ ।

३. **तथ्याङ्कीय प्रगति** (Progress in Indexes): यस अन्तर्गत संस्थागत विकास अन्तर्गत कैलाशका ३८ र पर्ल्सको १५ वटा क्षेत्र समावेश गरी बनाइएको ५३ वटा सूचाङ्कहरुको आधारमा डायनामिक साकोसको प्रगति स्तर उच्चस्तरको नभएको भए तापनि मध्यम स्तरको चाहिँ भन्न सकिन्छ । ५३ वटा सूचकमध्ये अनिवार्य क्षेत्रमा बाँडिएको जम्मा १० वटा सूचकमा यस संस्थाले दाबी गर्न सक्ने हाम्रो अनुमान छ । अन्य सुचाङ्कहरुमा प्रगति ल्याउने निरन्तर प्रयास जारी राखिने छ ।

त्यस्तै पछिल्लो २०८३ असार १० गतेको स्थलगत निरीक्षण प्रतिवेदनमा दिइएको अघिल्लो स्थलगत निरीक्षणमा दिएको सुझाव र कार्यान्वयनको अवस्थाको अध्ययन गर्दा अधिकांश सुझावहरूको कार्यान्वयन भएको र केही सुझावहरुको कार्यान्वयन चरणमा रहेको देखिन्छ ।

४. **प्रत्यक्ष उपलब्धि** (subjective progress): तथ्याङ्कीय मापदण्डमा नदेखिए पनि सहकारी सञ्चालन र व्यवस्थापनमा केही प्रत्यक्ष सुधार र प्रगति हुन सकेको छ । सहकारीको अभिलेख व्यवस्थापन, रिपोर्ट गर्ने तरिका, बैठक सञ्चालन, खर्च व्यवस्थापन र विनियमहरूको प्रयोग र निर्माणमा ठोस उपलब्धि भएको छ । नीति सभाबाट पाँचवटा कार्यविधीहरु पनि तयार गरिएका छन ।

### समस्या र चुनौतीहरू

कोशिस कार्यक्रम लागि भएको १८ महिनाको अवधिमा ५ वटा स्थलगत निरीक्षण र ६ वटा WE CAN प्रस्तुति सम्पन्न भएको छ र एकवटा नीति सभा समेत सञ्चालन गरेको छ । यसै अनुभव र प्रगतिको स्थितिलाई हेर्दा कोशिस कार्यक्रमले परिकल्पना गरेको ब्राण्ड प्राप्तिको मार्गमा यो संस्थाले मध्यमभन्दा अलि माथिको अवस्था प्राप्त गर्न सकेको देखिन्छ भने पूर्ण सफलता हासिल गर्ने बाटोमा केही समस्या र चुनौतीहरु पनि छन । यहाँ उल्लेख गर्न पर्दा, सहकारी क्षेत्रमा व्याप्त नकारात्मक भावना र यसले उब्जाएको ऋणीहरूको असहयोग, कर्जा व्यवस्था सम्बन्धी कडा नियमहरू, सदस्यहरूको आफ्नो सेयर लगानीको प्रतिफल अपेक्षा तथा अत्यधिक तरलताको अवस्थालाई केही प्रमुख चुनौतीहरूको रुपमा हामीले लिएका छौं ।

### निर्क्योल तथा सुझाव

नेपालमा सहकारी क्षेत्रको समस्या समाधानको कानुनी, प्रशासनिक तथा आपसी छलफलका (negotiation) प्रयास र प्रक्रिया लामो समयसम्म जान सक्छ तर यसैमा मात्रै सबैको प्रयास र ध्यान केन्द्रित गरेर सञ्चालन भइरहेका सहकारीहरुलाई उचित सहयोग र क्षमता अभिवृद्धि नगरेमा समस्या बढ्दै नै जान्छ । कहिल्यै समाधान हुन नसक्ला, यसका साथै जुन सहकारीमा अझै पनि खराब अभ्यास नै भइरहेको छ र जुनमा सञ्चालकहरूको आचरण अनुचित देखिएको छ त्यस्ता सहकारीहरुलाई कुनै मापदण्ड बनाई त्यसको आधारमा बाध्यात्मक मर्जर वा खारेजी गर्नको लागि ठाडो कानूनको डण्डा मात्र पर्याप्त हुँदैन र यसै अर्थमा यो कोशिस (COSIS) कार्यक्रमको औचित्य र आवश्यकता पुष्टि भएको छ, यो सर्वथा उचित र व्यावहारिक समाधान र मापदण्ड हो, यसको निरन्तरता नितान्त आवश्यक छ ।

डायनामिक सहकारीको सम्बन्धमा यो संस्थाले प्रारम्भ कालदेखि नै नियम कानुनको परिपालना गर्ने र सुरक्षित तवरले सञ्चालन गर्ने मूल स्वभाव लिँदै आएको हो तर कतिपय कारणहरुले गर्दा त्रुटी तथा कमजोरीहरु भएका छन् जुन बिस्तारै सुधार हुँदैछ र यस कार्यक्रमलाई मापदण्ड बनाएर निर्देशनहरूको शतप्रतिशत पालना गरी संस्था सदाको लागि भन्ने दूरदृष्टि (vision) राखी सञ्चालन गर्ने कोशिस गर्नुपर्छ जुन यस संस्थाको पाँच वर्षे रणनीति योजनामा पनि दस्तावेजीकृत (Documented) भएको छ ।


**CEO Clinic किन ?**

- संस्थाको स्वास्थ्य अवस्थाको वैज्ञानिक रुपमा परीक्षण गर्न,
- रणनीतिक सोच र नेतृत्व क्षमताको विकास गर्न,
- तथ्यमा आधारित निर्णय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न,
- जोखिम, सुशासन, वित्त र सदस्य सेवामा उत्कृष्टता हाँसिल गर्न,
- विश्वस्तरीय व्यवस्थापकीय ज्ञान, धारणा र सीप विकास गर्न,
- मापनयोग्य कार्यसम्पादन र निरन्तर सुधारको संस्कृति विकास गर्न,
- सुदृढ संस्था, सक्षम नेतृत्व र समुन्नत सदस्य निर्माण गर्न





**CEO Clinic कसका लागि ?**

- व्यवस्थापकीय सीपको तिव्र विकास गर्न चाहने बहालवाला प्रमुख कार्यकारी अधिकृत
- वरिष्ठ व्यवस्थापक वा व्यवस्थापक
- विभागिय प्रमुखहरु
- कार्यबाहक वा भावी प्रमुखकार्यकारी अधिकृतहरु
- संस्थाको रुपान्तरण गर्न चाहने उच्च व्यवस्थानमा कार्यरत कर्मचारीहरु
- नेतृत्व, रणनीति र कार्यसम्पादनमा उत्कृष्टता हाँसिल गर्न चाहने व्यवस्थापन तहका कर्मचारीहरु

गतिविधि

# उपसमितिहरुको पूर्नगठन, अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रम सम्पन्न



२७ चैत्र २०८३ । बागमती प्रोस्कूनको सञ्चालक समितिले संघ सञ्चालन गर्न बनेको विनियम २०७७ बमोजिम गठन गरेका उपसमितिहरुको अभिमुखीकरण एवम् अन्तरक्रिया कार्यक्रम भक्तपुरमा सम्पन्न गरेको छ ।

संघको स्वीकृत विनियममा उपसमितिहरुको कार्यकाल १ वर्षको मात्र हुने व्यवस्था भए बमोजिम मनोनित उपसमितिका संयोजक तथा सदस्यहरुलाई एक वर्षको कार्यविवरण सम्बन्धित उपसमितिको संयोजक मार्फत प्रदान गरिएको थियो भने संयोजकलाई संघका अध्यक्ष श्री उद्धव सापकोटाले कार्यविवरण प्रदान गर्नु भएको थियो । ❁

# कोशिस आठौं समूहको पहिलो WE CAN कार्यशाला सम्पन्न



बागमती प्रोस्कूनले सञ्चालन गरेको साकोस स्तरीकरण कार्यक्रम 'कोशिस' अर्न्तगत आठौं समूहको प्रथम WE CAN कार्यशाला मिति २०८३ वैशाख १० गते रामेछाप नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ । कार्यक्रम बागमती प्रोस्कूनको आयोजना तथा रामेछाप नगरपालिकाको साझेदारीमा सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले अध्यक्षता तथा रामेछाप नगरपालिकाका नगर प्रमुख लवश्री न्यौपानेको प्रमुख आतिथ्यतामा एवम् नगपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोलाप्रसाद चापागाईंको विशिष्ट आतिथ्यता र नगरपालिकाका सहकारी शाखा प्रमुख हरिभगत श्रेष्ठको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनका वरिष्ठ उपाध्यक्ष जिवसराज खड्काले कार्यशालाको उद्देश्य, आवश्यकता तथा कोशिस कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नुभएको कार्यक्रममा संघको सञ्चालक एवम् जिल्ला बचतसंघ रामेछापका अध्यक्ष जगन्नाथ दाहाल, संघका कार्यक्रम अधिकृत किशोर पौडेल तथा कोशिस कार्यक्रममा आवद्ध ९ वटा सहकारी संस्थाको पदाधिकारी एवम् व्यवस्थापक गरी कूल ४८ जनाको उपस्थिति रहेको थियो ।

सहकारीको असल सिकाईका लागि हरेक कार्यशाला नयाँ विषयमा अनुशिक्षण गर्ने अभ्यास अनुसार संघका व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख सुदर्शन दाहालले 'अभिलेख व्यवस्थापन' विषयमा अनुशिक्षण गर्नुभएको थियो ।

दोश्रो चरणमा कार्यक्रममा आवद्ध ९ वटै सहकारी संस्थाले कार्यक्रमका सूचकका आधारमा आफ्नो संस्थाको वर्तमान अवस्थाको प्रस्तुती भएको थियो भने प्रस्तुतीकरणमाथि संघका विभागिय प्रमुख दाहालले आवश्यक पृष्ठपोषण र सुझाव सहित सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रम पछि सहकारी संस्थाहरूले कोशिस कार्यक्रमका सूचकअनुसार आफ्नो संस्थागत अवस्था अझ स्पष्ट रूपमा मूल्याङ्कन गर्दै सुधारका क्षेत्रमा योजनाबद्ध रूपमा अघि बढ्ने, सुशासन, अभिलेख व्यवस्थापन, सदस्य सेवा तथा संस्थागत कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने प्रतिवद्धता सहित आगामी दोस्रो WE CAN कार्यशाला २०८३ श्रावण १७ गते बागमती प्रोस्कूनको आयोजनामा सञ्चालन गर्ने निर्णय सहित समापन भएको थियो । ❁

# कोशिस नवौं समूहको पहिलो WE CAN कार्यशाला सम्पन्न




१० वैशाख २०८३ । मकवानपुर । बागमती प्रोस्कूनले सञ्चालन गरेको साकोस स्तरीकरण कार्यक्रम 'कोशिस' अर्न्तगत नवौं समूहको प्रथम WE CAN कार्यशाला इन्द्रसरोवर गाउँपालिकाको साझेदारीमा पालिकाको सभाहलमा सम्पन्न भएको छ । संघका सञ्चालक सदस्य हेमबहादुर काकीको अध्यक्षता र इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण शर्मा पुडासैनीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा आबद्ध नवौं समूहका सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

सहकारी संस्थाहरुको अनुभव साटासाट गर्ने र असल अभ्यासलाई ग्रहण गर्ने मनोभावका साथ प्रत्येक तीन महिनामा सञ्चालन गरिने WE CAN कार्यशालामा संघले हरेक पटक नयाँ र फरक विषयमा अनुशिक्षण गर्ने परम्परा रहेको छ । यस अन्तर्गत कार्यक्रमको शुरुमा संघका तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले 'सहकारीमा प्रतिवेदन तथा अभिलेखीकरण (Reporting & Documentation in Cooperative ) विषयमा अनुशिक्षण गराउनु भएको थियो ।

कार्यक्रममा आवद्ध ११ मध्ये १० वटा सहकारी संस्थाले कोशिस कार्यक्रमका सूचकका आधारमा आफ्नो संस्थाको वर्तमान अवस्था, प्रगती, चुनौती तथा सुधारका योजनाबारे लिखित तथा मौखिक प्रस्तुतीकरण गर्नु भएको थियो । संस्थागत प्रस्तुतीकरण उपर विभागीय प्रमुख पुडासैनीले आवश्यक पृष्ठपोषण सहित सहजीकरण गर्नु भएको थियो ।

समापन समारोहमा इन्द्रसरोवर गाउँपालिकाकी उपाध्यक्ष उमा कुमारी लामाले सहकारीको मूल मर्म, मूल्य र सिद्धान्त सबै प्रकृतिका सहकारी संस्थाका लागि समान रहेको उल्लेख गर्दै सहकारी क्षेत्रमा देखिएका चुनौतीबाट पाठ सिक्दै स्थानीय सहकारी संस्थाहरूलाई सुशासनयुक्त, पारदर्शी र सदस्यप्रति उत्तरदायी बनाउन कोशिस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले गाउँपालिकाले सहकारी सुदृढीकरणका कार्यक्रमलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै कोशिस कार्यक्रमका मार्गनिर्देशनहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न सहभागी संस्थाहरूलाई आग्रह गर्नुभएको थियो ।

आगामी दोस्रो WE CAN कार्यशाला २०८३ श्रावण २१ गते बागमती प्रोस्कूनको आयोजनामा सञ्चालन गर्ने निर्णय गर्दै कार्यशाला सम्पन्न भएको थियो । ❁

## कोशिस दोस्रो समूहको १० औं *WE CAN* कार्यशालामा आन्तरिक सुशासन र संस्थागत सुधारमा जोड



१२ वैशाख २०८३ । काठमाडौं । बागमती प्रोस्कूनले सञ्चालन गर्दै आएको साकोस स्तरीकरण कार्यक्रम (कोशिस) मा आवद्ध दोस्रो समूहको १० औं WE CAN कार्यशाला नेचुरल साकोस, काठमाडौंको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा सम्पन्न भएको छ । आयोजक नेचुरल साकोसका अध्यक्ष श्री शर्मिला शिल्पकारको अध्यक्षता तथा बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा समूहमा आबद्ध सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नेचुरल साकोसका सचिव श्री विकल्प पाठकले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासन प्रमुख श्री सृजना पण्डितले गर्नुभएको थियो ।

हरेक कार्यशाला एक नयाँ विषयमा अनुशिक्षण गर्ने परम्परा अनुसार संघका कार्यक्रम अधिकृत श्री किशोर पौडेलले 'सहकारीमा आन्तरिक सुशासन' विषयमा अनुशिक्षण गर्नु भएको थियो । सो पश्चात सहभागी सहकारी संस्थाहरूले कोशिसका स्तरीकरण सूचकहरूका आधारमा संस्थाको अवस्था, पछिल्लो अवधिको प्रगति तथा सुधारका प्रयासहरू प्रस्तुत गर्नु भएको थियो । संस्थागत प्रस्तुतीहरू उपर संघका व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख श्री सुदर्शन दाहालले पृष्ठपोषण सहित सहजीकरण गर्नु भएको थियो ।

आगामी तीन महिनाका लागि विभिन्न कृयाकलापहरु गर्ने प्रतिवद्धता गर्दै आगामी ११ औं WE CAN कार्यशाला आगामी श्रावण १९ गते उज्यालो सम्पद साकोसको आयोजनामा सञ्चालन गर्ने निर्णय गर्दै समापन भएको थियो । ❁

## संघ समूहको तेस्रो *WE CAN* कार्यशालाद्वारा संघहरूको संस्थागत सुदृढीकरणमा जोड



१५ वैशाख २०८३ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले सञ्चालन गर्दै आएको साकोस स्तरीकरण कार्यक्रम (कोशिस) अन्तर्गत आबद्ध जिल्ला बचत तथा ऋण सहकारी संघहरूको तेस्रो WE CAN कार्यशाला काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजना तथा बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा धुलिखेलमा सम्पन्न भएको थियो ।

काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष श्री उदयराम कायस्थको अध्यक्षता तथा बागमती प्रोस्कूनका वरिष्ठ उपाध्यक्ष श्री जीवसराज खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा बागमती प्रदेशका ११ वटा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष, सञ्चालक, व्यवस्थापक तथा प्रतिनिधिहरूको सहभागिता रहेको WE CAN कार्यशाला सहकारी संघहरूबीच अनुभव आदानप्रदान, निरन्तर सिकाइ, स्वःमूल्याङ्कन तथा संस्थागत सुधारलाई प्रवर्द्धन गर्ने साझा सिकाइ मञ्चको रुपमा लिइएको छ । कोशिसका स्तरीकरण सूचकका आधारमा प्रत्येक संघले आफ्नो संस्थागत अवस्था, पछिल्लो अवधिको प्रगति तथा सुधारका प्रयासहरू प्रस्तुत गरेका थिए । प्रस्तुतिहरूमाथि बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद दाहालले पृष्ठपोषण प्रदान गर्दै संस्थागत क्षमता अभिवृद्धि, सुशासन, सेवा गुणस्तर तथा स्तरीकरणका मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझावहरू दिनुभएको थियो ।

कार्यशालाले सहभागी संघहरूलाई आफ्ना असल अभ्यासहरू आदानप्रदान गर्ने, सुधारका क्षेत्र पहिचान गर्ने तथा साझा सिकाइमार्फत संस्थागत उत्कृष्टता हासिल गर्ने अवसर प्रदान गरेको विश्वास व्यक्त गरिएको थियो । यस्ता नियमित कार्यशालाहरूले संघहरूको नेतृत्व क्षमता, व्यवस्थापकीय दक्षता तथा सदस्य संस्थालाई प्रदान गर्ने सेवाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

कार्यशालाले आगामी चौथो WE CAN कार्यशाला कोशिस कार्यक्रममा आबद्ध ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा २०८३ आश्विन महिनामा सञ्चालन गर्ने निर्णय सहित समापन गरेको थियो ।

# सञ्जाल व्यवस्थापन सम्बन्धी अन्तरसंवाद कार्यक्रम सम्पन्न



१६ बैशाख २०८३ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को आयोजनामा धुलिखेल भिलेज रिसोर्ट धुलिखेल, काभ्रेमा सञ्जाल व्यवस्थापन सम्बन्धी अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाको सभापतित्व तथा बागमती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्री विनु रायमाझी पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रदेश सहकारी रजिस्ट्रार प्रदीपराज पौडेल, बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरे, राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक रामहरी बजगाई लगायत प्रदेश भित्रका १३ मध्ये ११ वटा जिल्ला बचत संघका अध्यक्ष, पदाधिकारी, व्यवस्थापक सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथी मन्त्री पौडेलले सहकारी क्षेत्रको व्यवस्थापन, प्रवर्द्धन र संरचनागत विकासका लागि प्रदेश सरकारले ऐन संशोधन, समस्या समाधान तथा सहकारीलाई कानुनी दायराभित्र ल्याउने पहल गरिरहेको बताउनु भएको थियो । अध्यक्ष उद्धव सापकोटाले बचत तथा ऋण सहकारी संस्थाहरूमा संरचनागत सुधार, वित्तीय अनुशासन र आर्थिक सुदृढीकरणका लागि प्रोस्कून निरन्तर सक्रिय रहेको उल्लेख गर्नु भएको थियो ।

प्रदेश सहकारी रजिस्ट्रार प्रदीपराज पौडेलले प्रदेशका सहकारीहरूको वर्तमान अवस्था, कानुनी व्यवस्था तथा संघहरूको भावी कार्यदिशाबारे प्रस्तुतीकरण गर्नुहुँदै सहकारीलाई नियमित प्रतिवेदन, सुशासन र कानुनी पालना गर्न आग्रह गर्नुभयो । बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरेले सहकारी क्षेत्रका चुनौती समाधानका लागि राज्य र सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको थियो।

कार्यक्रमको सञ्चालन संघका सचिव ठाकुर बास्कोटाको सञ्चालन र उपाध्यक्ष कल्पना श्रेष्ठको स्वागत मन्तव्य रहेको कार्यक्रममा Word Café Method मा प्रश्नावलीहरुमा संघहरुको भूमिका कस्तो हुने भन्ने सवालमा समूह छलफल र निष्कर्ष प्रस्तुत गर्दै सहकारी अभियान सुधारको महत्वपूर्ण हिस्सा संघहरुले जिम्मा लिनु पर्ने निष्कर्ष निकालिएको थियो ।

# कमलामाई नगरपालिकामा कोशिस अभिमुखीकरण कार्यक्रम सम्पन्न



२१ वैशाख २०८३ । सहकारी संस्थाहरूमा स्वःनियमन, सुशासन, वित्तीय अनुशासन तथा संस्थागत दिगोपन प्रवर्द्धन गर्ने उद्देश्यले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले सञ्चालन गर्दै आएको संगठनात्मक दिगोपन र संस्थागत सेवाका लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) को अभिमुखीकरण कार्यक्रम कमलामाई नगरपालिका, सिन्धुलीसँगको सहकार्यमा सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनका सञ्चालक श्री कृष्णहरि कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कमलामाई नगरपालिकाकी उपप्रमुख श्री मञ्जु देवकोटा प्रमुख आतिथ्यता रहेको थियो भने कमलामाई नगरपालिकाका सहकारी शाखा प्रमुख श्री मुकेश तामाङको विशेष आतिथ्यता र जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सिन्धुलीका अध्यक्ष श्री मिथुलाकुमारी घिमिरेका आतिथ्यता रहेको थियो । कार्यक्रममा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत श्री केशबप्रसाद दाहालले कोशिस कार्यक्रमको अवधारणा, स्तरीकरणका सूचकहरू, स्वःनियमन प्रणाली, संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा नेपालको बचत तथा ऋण सहकारी अभियानमा स्तरीकरण कार्यक्रमले ल्याएको सकारात्मक परिवर्तन सम्बन्धमा अभिमुखीकरण गर्नु भएको थियो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सिन्धुलीको समन्वयमा सम्पन्न कार्यक्रममा जिल्लाका ३१ वटा सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक तथा प्रतिनिधि गरी ४६ जनाको सहभागिता रहेको थियो । सहभागीहरूले **कोशिस** कार्यक्रमले संस्थागत सुधार, सुशासन प्रवर्द्धन तथा सेवा गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै कार्यक्रममा आबद्ध हुने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा कमलामाई नगरपालिकाले पनि स्थानीय सहकारी संस्थाहरूलाई स्तरीकरण कार्यक्रममार्फत संस्थागत सुदृढीकरणतर्फ अग्रसर गराउन आवश्यक सहकार्य र सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको थियो । स्थानीय तह र सहकारी अभियानबीचको यस्तो सहकार्यले स्वःनियमनमा आधारित, सक्षम र विश्वसनीय सहकारी क्षेत्र निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

लेख

# सहकारीमा युवा र महिलाको संलग्नता, चुनौतिसँगै अवसर र सम्भावना



सुजन लामिछाने
व्यवस्थापक
आमा बचत तथा ऋण सहकारी संस्था लि.

> जब युवा र महिला सँगसँगै सहकारीताको यात्रामा अघि बढ्छन् तब आर्थिक समृद्रि मात्र होईन, सामाजिक न्याय, समान अवसर र आत्मनिर्भर नेपालको सपना साकार हुन्छ। अब युवाले रोजगारी खोज्ने मानसिकताबाट रोजगारी सृर्जना गर्ने मानसिकतामा रुपान्तरण हुनुपर्दछ। महिलाले आफ्ना सीपलाई उद्यममा बदल्न आत्मविश्वासका साथ अघि बढ्नु पर्दछ। सहकारीले यस यात्रामा भरपर्दो सहयात्री बन्नुपर्दछ।

सहकारी केवल वित्तीय कारोबार गर्ने संस्थामात्र होइन, यो सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको अभियान हो । सहकारीको मुलमर्म एकका लागि सबै र सबैका लागि एक भन्ने भावना हो, जसले सामूहिक प्रयासबाट व्यक्तिगत र सामुदायिक समृद्धि हासिल गर्न प्रेरित गर्दछ। नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण आधारका रुपमा स्वीकार गरेको छ । यसले सहकारीको महत्वलाई अझ प्रष्ट बनाएको छ। विशेष गरी बचत, ऋण, उद्यमशिलता विकास, रोजगारी सिर्जना र सामाजिक रुपान्तरणका क्षेत्रमा सहकारीको योगदान उल्लेखनीय छ । तर, आजको बदलिँदो समयसँगै सहकारी आन्दोलनलाई अझ सशक्त, पारदर्शी र दिगो बनाउन युवा र महिलाको सक्रिय सहभागीता अपरिहार्य बनेको छ।

युवा ऊर्जा, सिर्जनशिलता, प्रविधि प्रतिको रुचि र परिवर्तनको चाहनाको प्रतिक हुन् । महिलाहरु अनुशासन, बचत संस्कार, धैर्य र परिवारको आर्थिक व्यवस्थापनका आधार हुन् । यी दुई शक्तिलाई सहकारीसँग प्रभावकारी रुपमा जोड्न सकियो भने सहकारी संस्थाले केवल वित्तीय सेवा दिने संस्था मात्र नभई उद्यमशिलता, रोजगारी र सामाजिक समृद्धिको केन्द्रको रुपमा आफुलाई स्थापित गर्न सक्छ। तर यर्थाथमा हेर्दा अझै पनि धेरै युवाले सहकारीलाई आफ्नो भविष्यसँग जोड्न सकेका छैनन्। रोजगारीको अभाव, विदेश पलायन, सहकारी प्रतिको सीमित जानकारी तथा केहि संस्थामा देखिएका सुशासनका समस्याले उनिहरुलाई टाढा बनाएको छ । महिलाहरुको हकमा घरेलु जिम्मेवारी, वित्तीय पहुँचको कमी र नेतृत्वमा सीमित अवसर चुनौतिको रुपमा रहेका छन् । यी चुनौतिहरुलाई स्वीकार गर्दै समाधान तर्फ अघि बढ्नुनै आजको आवश्यकता हो।

यद्यपि चुनौतिसँगै प्रशस्त अवसर पनि छन्। कृषि, पशुपालन, पर्यटन, सुचना प्रविधि, घरेलु उद्योग, हस्तकला, सेवा व्यवसाय र डिजिटल उद्यमको क्षेत्रमा सहकारीले युवा र महिलालाई सीप, पूजिँ र बजारसँग जोड्न सक्छ । सहकारीले उद्यम ऋण, वित्तीय साक्षरता, व्यवसाय योजना, नेतृत्व विकास र बजार व्यवस्थापनमा सहयोग गर्न सके हजारौं युवाले आफ्नै गाउँ ठाउँमा रोजगारी सिर्जना गर्न सक्छन् ।

**मेरो अनुभव संघर्ष देखि आत्मनिर्भरतासम्म**

मैले वि.सं. २०६७ सालमा सहकारी क्षेत्रमा प्रवेश गर्ने अवसर पाएँ । सहकारीमा काम गर्ने क्रममा बचतको संस्कार, सदस्य सेवा, सामूहिक उतरदायित्व र समुदायसँगको आत्मीय सम्बन्धलाई नजिकबाट बुझ्न पाएँ । सहकारीले समाज परिवर्तन गर्न सक्ने शक्ति राख्छ भन्ने विश्वास त्यही समयमा मनमा बसेको थियो ।

तर जिवन सधैं एउटै बाटोमा अघि बढ्दैन । वि.सं. २०७१ सालमा व्यक्तिगत तथा पारिवारीक परिस्थितिका कारण वैदेशिक रोजगारीका लागि सहकारी क्षेत्र छोड्नुपर्यो। विदेशमा रहँदा परिश्रम, अनुशासन, समयको मूल्य र आर्थिक व्यवस्थापनका धेरै पाठ सिक्ने अवसर मिल्यो । त्यही अनुभवले मलाई आफ्नै देशमा दृढ संकल्प पनि दियो ।

वि.सं. २०७५ सालमा नेपाल फर्किएपछि मैले कृषि व्यवसाय सुरु गर्ने निर्णय गरें । सुरुवातमा कुखुरापालन व्यवसायमा ठुलो लगानी गरियो । तर रोग, बजार र व्यवस्थापन सम्वन्धी विभिन्न समस्याका कारण ठुलो आर्थिक क्षति व्यहोर्नु पऱ्यो । त्यो क्षण जीवनको कठिन मोड थियो। धेरैले अब यो व्यवसाय सम्भव छैन भने केहिले फेरी विदेश जान सुझाव पनि दिए ।

तर मैले एउटा कुरा विश्वास गरेको थिए **"असफलता अन्तिम गन्तव्य होइन, नयाँ सम्भावनाको सुरुवात हो ।"**

यहि कठिन समयमा टोखाको एक सहकारी संस्थाबाट प्राप्त आर्थिक तथा नैतिक सहयोगले पुनः उठ्ने हिम्मत दियो । सहकारीले दिएको विश्वास, आवश्यक सहयोगले व्यवसायलाई पुनः व्यवस्थित गर्दै अगाढी बढाउने अवसर मिल्यो। आज सात बर्ष देखि मेरो परिवारले यो व्यवसाय संचालन गर्दै आएका छौं । यस व्यवसायबाट राम्रै आम्दानी भईरहेकोछ। सबैभन्दा ठुलो उपलब्धि भनेको आज मेरो परिवार आत्मनिर्भर बन्न सफल भएकोछ । यो सफलताको श्रेय केवल हाम्रो मेहनतलाई मात्र होईन कठिन

समयमा साथ दिने सहकारी परिवारमा पनि जान्छ । यस यात्राले मलाई एउटा अमुल्य शिक्षा दिएको छ **"सहकारीले सहि समयमा दिएको साथले एउटा व्यक्तिको मात्र होईन, एउटा परिवारको भविष्य बदल्न सक्छ ।"**

**युवा तथा महिलाहरु सहकारीमा सक्रिय रुपमा नलाग्नुका प्रमूख चुनौतिहरु :**

**सहकारीबारे पर्याप्त जानकारीको अभाव :** सहकारीको उद्देश्य लाभ र अवसरबारे पर्याप्त सचेतना नहुनु ।

**रोजगारी तथा विदेश पलायन :** धैरै युवा विदेश वा अन्य रोजगारी तर्फ आकर्षित हुनु ।

**नेतृत्वमा अवसरको कमी :** निर्णय प्रक्रियामा युवा र महिलाको सहभागीता कम हुनु ।

**आर्थिक सीमितता** : नियमित बचत गर्न कठिनाई हुनु ।

**समय व्यबस्थापनमा समस्या :** घरायसी जिम्मेवारी बिशेष गरी महिलाका लागि र कामको कारण

**विश्वासको कमी :** केहि सहकारीमा देखिएका वित्तीय अनियमितताले विश्वास घट्नु ।

**सीप तथा उद्यमशीलताको कमी :** युवा तथा महिला मैत्री तालिम र व्यवसायिक अवसर पर्याप्त नहुनु ।

**आकर्षक कार्यक्रमको अभाव :** युवा र महिलाको आवश्यकता अनुसारका बचत, ऋण, उद्यम तथा डिजिटल सेवाहरुको कमी

**समाधनका उपाय**

युवा तथा महिला लक्षित विशेष बचत र ऋण योजना संचालन गर्ने

नेतृत्व विकास तथा उद्यमशिलता तालिम आयोजना गर्ने ।

डिजिटल बैकिङ्ग र मोबाइल एप मार्फत सेवा विस्तार गर्ने ।

निर्णय प्रक्रियामा युवा र महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

सफल युवा तथा महिला उद्यमीलाई सम्मान र प्रोत्साहान गर्ने

विद्यालय, कलेज र समुदायमा सहकारी शिक्षा तथा सचेतना कार्यकम संचालन गर्ने

यी उपायहरु अपनाउँदा सहकारीमा युवा र महिलाको सहभागीता, नेतृत्व र दीर्घकालिन प्रतिवद्धता उल्लेखनिय रुपमा बढ्न सक्छ ।

**अबको बाटो**

अब सहकारीहरुले युवा र महिलालाई केवल सदस्य बनाउने होईन, उद्यमी र नेतृत्वकर्ता बनाउने अभियान संचालन गर्नुपर्दछ । वित्तीय साक्षरता, डिजिटल सेवा, सीप विकास, स्टार्टअप ऋण, कृषि तथा उत्पादनमुलक क्षेत्रमा लगानी, बजार व्यबस्थापन र नर्वप्रवर्तनमा बिशेष जोड दिनुपर्दछ । युवाले आफ्नो सिर्जनशिलता, प्रविधी र नेतृत्व क्षमता सहकारीमा लगानी गर्नुपर्दछ । महिलाले आफ्नो आत्मविश्वास, सीप र व्यवस्थापन क्षमतालाई सहकारी मार्फत समाजको समृद्धिमा रुपान्तरण गर्नुपर्दछ । जब युवा र महिला सँगसँगै सहकारीताको यात्रामा अघि बढ्छन् तब आर्थिक समृद्धि मात्र होईन, सामाजिक न्याय, समान अवसर र आत्मनिर्भर नेपालको सपना साकार हुन्छ । अब युवाले रोजगारी खोज्ने मानसिकताबाट रोजगारी सृर्जना गर्ने मानसिकतामा रुपान्तरण हुनुपर्दछ । महिलाले आफ्ना सीपलाई उद्यममा बदल्न आत्मविश्वासका साथ अघि बढ्नु पर्दछ । सहकारीले यस यात्रामा भरपर्दो सहयात्री बन्नुपर्दछ ।

**निष्कर्ष**

सहकारी आन्दोलनको भविष्य युवा र महिलाको हातमा छ । उनीहरुको सहभागीत बढ्यो भने सहकारी आधुनिक, पारदर्शी र दिगो बन्छ । चुनौतिहरु धैरै छन् तर अवसरहरु अझ धैरै छन् । आवश्यक छ सहि सोच, इमान्दर नेतृत्व, निरन्तर परिश्रम र सहकार्य । मेरो आफ्नै जिवनले सिकाएको एउटा सत्य यहि हो, सहकारीमा विश्वास, आफ्नै मेहनतमा आस्था र कहिल्यै हार नमान्ने साहस भए असफलताबाट पनि सफलताको नयाँ इतिहास लेख्न सकिन्छ ।

आउनुहोस सहकारीलाई बचत र ऋणको सीमा भन्दा माथि उठाएर युवा र महिलाको उद्यमशिलता, आत्मनिर्भरता र समृद्ध नेपालको आधार बनाऔं । सफलता कहिल्यै संयोगले प्राप्त हुँदैन । सपना परिश्रम, अनुशासन र निरन्तरताको परिणाम सफलता हो । सहकारीले यहि यात्रामा सबैलाई साथ दिन्छ । अन्त्यमा, हामी सबैले एउटा साझा संकल्प गरौं, सहकारीलाई विश्वासको केन्द्र, युवाको प्रेरणा र महिलाको सशक्तीकरणको आधार बनाऔं । सामूहिक प्रयास, इमान्दार नेतृत्व र सक्रिय सहभागीता मार्फत समृद्ध सहकारी र समुन्नत नेपालको निर्माण गरौं ।

❀

*गतिविधि*

## कोशिस पाँचौ समूहको तेस्रो WE CAN कार्यशाला सम्पन्न



१५ आषाढ २०८३ । बागमती प्रोस्कूनको आयोजना र ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित स्तरीकरण कार्यक्रममा आवद्ध ललितपुर महानगरपालिका भित्रका पाँचौ समुहका सहकारी संस्थाहरुको तेस्रो WE CAN कार्यशाला बागमती प्रोस्कूनको सदस्य सेवा कार्यालय मीनभवन काठमाडौंमा सम्पन्न भएको छ । आयोजक संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता र ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखा प्रमुख श्री दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा संघका तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले सहकारीमा **प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण** (Reporting & Documentation) विषयमा अनुशिक्षण गर्नु भएको थियो । दोश्रो चरणमा समूहमा आवद्ध ७ वटा साकोसहरुको त्रैमासिक प्रगति विवरण सहित प्रस्तुतीकरण गर्नुभएको थियो भने संस्थागत प्रस्तुतीकरणमा देखिएका सुधारात्मक विषयवस्तुमा संघका विभागिय प्रमुख विमला पुडासैनीले पृष्ठपोषण सहित सहजीकरण गर्नु भएको थियो । आगामी तीन महिनामा संस्थागत रुपमा सुधार गर्ने विषयवस्तुहरुमा प्रतिवद्धता सहित समूहको चौथौ कार्यशाला २०८३ आश्विन १५ गते बागमती प्रोस्कूनको आयोजानामा सदस्य सेवा केन्द्र कार्यालय मीनभवनमा आयोजना गर्ने निर्णय सहित सम्पन्न भएको थियो ।

❀

# संगठनात्मक विकास तालिमद्वारा संस्थागत क्षमता अभिवृद्धिमा जोड



५ जेठ २०८३ । काठमाडौं । सहकारी संस्थाहरूमा सक्षम नेतृत्व, प्रभावकारी व्यवस्थापन, सुशासन तथा संस्थागत दिगोपन सुदृढ गर्ने उद्देश्यले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले ललितपुर महानगरपालिकाको आर्थिक विकास महाशाखासँगको सहकार्यमा साकोस स्तरीकरण कार्यक्रम (कोशिस) अन्तर्गत पाँचौं र छैटौं समूहमा आबद्ध सहकारी संस्थाहरूका सञ्चालक तथा कर्मचारीहरूका लागि तीनदिवसीय संगठनात्मक विकास (Organizational Development) तालिम सम्पन्न भएको छ ।

मिति २०८२ जेठ २७ देखि २९ र असार ३ देखि ५ गतेसम्म जम्मा ६ दिन सञ्चालन गरिएको संगठनात्मक विकास तालिम बागमती प्रोस्कूनले विकास गरेको पाठ्यक्रममा आधारित थियो । दुई समूहमा सञ्चालन गरिएको तालिममा सैद्धान्तिक र प्रयोगात्मक तरिकाबाट संगठनको क्षमता विकास गर्ने उद्देश्य स्वरुप सञ्चालन भएको थियो ।

उक्त तालिमको सहजीकरण तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनी तथा कार्यक्रम अधिकृत पौडेलले गर्नु भएको थियो । सहकारीको दिगो विकासका लागि सञ्चालकीय क्षमता विकासको अपरिहार्यतालाई पूरा गर्नु यस तालिमको मुख्य ध्येय रहेको छ ।

तालिमको समापन संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा भएको थियो भनेका उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री जीवसराज खड्का, सचिव श्री ठाकुरप्रसाद बासकोटा तथा प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद दाहालको उपस्थिति रहेको थियो ।

# रामेछापका सहकारी अभियान्तालाई क्षमता विकास तालिम सम्पन्न

२९ वैशाख २०८३ । रामेछाप । रामेछाप नगरपालिका नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुको क्षमता विकास तथा सञ्चालकीय सुधारका लागि नगरपालिकाको वित्तीय सहयोगमा कोशिस कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुको पदाधिकारी एवम् व्यवस्थापक लक्षित तीनदिवसीय संगठनात्मक विकास (Organization Development) तालिम सम्पन्न भएको छ ।

संघका सञ्चालक श्री जगन्नाथ दाहालको अध्यक्षता तथा रामेछाप नगरपालिकाका नगर प्रमुख श्री लवश्री न्यौपानेको प्रमुख आतिथ्यता शुरु भएको तालिममा कार्यक्रमको उद्देश्य र आवश्यकतामाथि रामेछाप नगरपालिकाका सहकारी शाखा प्रमुख श्री हरिभगत श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संघका व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख सुर्दशन दाहालले तालिमको सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा आबद्ध ९ वटा सहकारी संस्थाका ३१ जना सञ्चालक तथा कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।



सहकारीको सिद्धान्त अनुसारको व्यवहार र प्रयोग गराउनुका साथै संस्थागत सुशासन, नेतृत्व विकास, सञ्चालक समिति र व्यवस्थापनको भूमिका, प्रभावकारी कार्यसम्पादन, संस्थागत योजना, उत्तरदायित्व तथा सदस्यकेन्द्रित सेवा प्रवाहका विषयमा सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण भएको उक्त तालिमको समापन रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईंको अध्यक्षता तथा नगर प्रमुख श्री लवश्री न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

समापनमा सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नु हुदै प्रमुख अतिथी नगर प्रमुख लवश्री न्यौपानेले तालिमबाट प्राप्त ज्ञान, सीप र असल अभ्यासलाई संस्थागत कार्यसम्पादनमा रूपान्तरण गरी सहकारी संस्थाहरूलाई थप सक्षम, पारदर्शी, उत्तरदायी र सदस्यकेन्द्रित बनाउन सक्रिय भूमिका निर्वाह गर्न निर्देशन गर्नु भएको थियो ।

# योग्य तथा उपयुक्त व्यक्ति परीक्षण (Fit and Proper Person Test) मा संस्थागत चासो वृद्धि

१५ जेठ २०८३ । ललितपुर । व्यक्तिले कति पढेको छ ? कति जानेको छ ? कति बुझेको छ ? कति प्रभाव पार्न सक्छ ? बाक्कला कस्तो छ ? कति सीप छ भन्ने कुराले मात्रै वित्तीय क्षेत्रको नेतृत्व सम्हाल्नु र जिम्मेवारी लिनु गम्भिर भूल हुन सक्छ । सहकारी संस्थाको नेतृत्वमा व्यवस्थापकीय नेतृत्वमा शिक्षा, अनुभव, दक्षताको अतिरिक्त अनुशासन, कानूनी पालनामा प्रतिबद्धता, नियमितताको सुनिश्चितता, स्वास्थ्य र आर्थिक दृष्टीकोणबाट समेत उपयुक्त व्यक्ति हुन आवश्यक रहन्छ, किनकी सहकारी संस्थामा जम्मा हुने बचत सदस्यलाई अनिवार्य निशर्त फिर्ता गर्नु पर्ने अनिवार्य दायित्व




हो । यही मूलभावका साथ संघले गत वर्ष देखि योग्य तथा उपयुक्त व्यक्ति परीक्षण (Fit and Proper Person Test) विधी तर्फ सहकारी संस्थाहरुको चासो बढ्दै गएको छ ।

संघले उठाएको विषयवस्तुलाई सहकारीमा देखिएका समस्या समाधान तथा संस्थागत सुशासन सुदृढीकरणका लागि गठित सहकारीमा भएको बेथिति जाँचबुझ आयोग, २०८२ को प्रतिवेदनमा सहकारी संस्थाको कारोबारको आकारअनुसार सञ्चालक समितिका सदस्यका लागि न्यूनतम योग्यता (Fit and Proper Criteria) निर्धारण गर्न सिफारिस गरिएपछि यस विषयले थप नीतिगत महत्व प्राप्त गरेको थियो भने सहकारी ऐन पहिलो संशोधन २०८३ ले कानुनमा नै योग्य तथा उपयुक्त व्यक्ति परीक्षण (Fit and Proper Person Test) लाई अनिवार्य गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ ।

संघको यस अवधारणालाई व्यवहारमा स्थापित गर्न कुम्भेश्वर महिला बचत तथा ऋण सहकारी संस्था, ललितपुरले ललितपुर महानगरपालिकाको सहयोग र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा 'योग्य तथा उपयुक्त व्यक्ति परीक्षण (Fit and Proper Person Test) सम्बन्धी अभिमुखीकरण सम्पन्न गरेको छ ।

आयोजक संस्थाको अध्यक्ष श्री शान्तलक्ष्मी खड्गीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले अभ्यास सहित सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा आयोजक संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । ❁

# स्वःनियमन, संस्थागत सुधार र सुशासन प्रवर्द्धनमा जोड दिँदै १३ औं *WE CAN* कार्यशाला सम्पन्न

२३ जेठ २०८३ । सहकारी संस्थाहरूमा निरन्तर सिकाइ, स्वःमूल्याङ्कन, अनुभव आदानप्रदान तथा संस्थागत सुधारको संस्कृतिलाई निरन्तरता दिने उद्देश्यले बागमती प्रोस्कूनले सञ्चालन गर्दै आएको साकोस स्तरीकरण कार्यक्रम (कोशिस) अन्तर्गत पहिलो समूहका १० वटा संस्थाहरूको १३ औं WE CAN कार्यशाला कुम्भेश्वर महिला साकोसको आयोजनामा युनिभर्सल इन्जिनियरिङ कलेज, चाकुपाट, ललितपुरमा सम्पन्न भएको थियो । आयोजक संस्थाका अध्यक्ष श्री शान्तलक्ष्मी खड्गीको अध्यक्षता एवम् ललितपुर महानगरपालिका सहकारी महाशाखा प्रमुख श्री दयाराम खत्रीको प्रमुख आतिथ्यता र बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटा विशेष आतिथ्यता तथा संघका सचिव श्री ठाकुरप्रसाद बास्कोटाको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

समूहमा आवद्ध सहकारी संस्थाहरुको पदाधिकारी एवम् व्यवस्थापहरुको सहभागिता रहेको कार्यक्रममा कार्यक्रमले संस्थामा पारेको प्रभाव तथा सुधारबाट देखिएको सन्तुष्टी समेत प्रकाश पार्दै आयोजक संस्थाका सञ्चालक सदस्य श्री गायत्री शाहीले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन कर्मचारी श्री लक्ष्मी थामीले गर्नुभएको थियो ।

कार्यशालामा बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख श्री विमला पुडासैनीले सहकारी संस्थाहरूमा कानुनी कागजात व्यवस्थापन, अभिलेखीकरण, नियामकीय परिपालना तथा कागजी प्रक्रियामा हुने सामान्य कमजोरी र त्यसका दीर्घकालीन प्रभावबारे व्यवहारिक अनुशिक्षण प्रदान गर्नुभएको थियो ।



कार्यशालाको दोश्रो चरणमा सहभागी १० वटा सहकारी संस्थाले कोशिसका स्तरीकरण सूचकहरूका आधारमा आफ्ना संस्थाको प्रगति, सुधारका उपलब्धि तथा आगामी कार्ययोजना प्रस्तुत गर्नु भएको थियो । संस्थागत प्रस्तुतीकरण उपर संघका व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख सुदर्शन दाहाल तथा तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले पृष्ठपोषण सहित सहजीकरण गर्नु भएको थियो ।

कार्यशालाको अन्तमा आगामी तीन महिनामा संस्थाहरुको सुधारमा गर्ने साझा प्रयासमा प्रतिवद्धता सहित आगामी १४ औं WE CAN कार्यशाला प्रोभिजन साकोसको आयोजनामा २०८३ भदौ १३ गते सञ्चालन गर्ने निर्णय सहित समापन भएको थियो । ❁

# वार्षिक योजना तथा बजेट निर्माण तालिम मार्फत व्यवसायिक कार्यसंस्कृतिलाई प्रोत्साहन

२६ जेठ २०८३ । ललितपुर । सहकारी संस्थाहरूमा व्यवसायिक कार्यसंस्कृति विकासका लागि योजनामुखी व्यवस्थापन बनाउने उद्देश्यले विकास गरिएको वार्षिक योजना तथा बजेट निर्माण तालिमको पाठ्यक्रममा आधारित रही बागमती प्रोस्कूनले सदस्य सहकारी संस्थाहरूका लागि दुई दिवसीय वार्षिक योजना तथा बजेट निर्माण तालिम ललितपुरमा सम्पन्न गरेको थियो ।

संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा शुरु भएको तालिम कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत श्री




केशवप्रसाद दाहालले योजना विहीन संस्थागत सञ्चालनले लक्ष्य प्राप्तिमा चुनौती सिर्जना गर्ने भएकाले यथार्थपरक योजना र बजेट निर्माणको अभ्यासलाई संस्थागत गर्नु आवश्यक रहेको उल्लेख गर्दै कार्यक्रमको उद्देश्य र महत्वमाथि प्रकाश पार्नुहुदै स्वागत गर्नु भएको थियो ।

ललितपुर जिल्ला भित्रका १४ वटा सहकारी संस्थाका २७ जना सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त तालिमको सहजीकरण संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहाल र तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले गर्नु भएको थियो ।

सामान्य लक्ष्य निर्धारण गरी सहकारी सञ्चालन गर्दै आएको अवस्थामा यस तालिम माफर्त वार्षिक योजना निर्माण प्रक्रिया, रणनीतिक लक्ष्य निर्धारण, कार्ययोजना तर्जुमा, बजेट निर्माण, कार्यसम्पादन सूचक तथा योजना कार्यान्वयन र अनुगमनसम्बन्धी विषयमा सैद्धान्तिक तथा व्यवहारिक अभ्यास सहित व्यवसायिक योजना निर्माण गर्ने सीप र ज्ञान प्रदान गरिएको थियो ।

तालिमको समापन संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न भएको थियो । समापनमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै अध्यक्ष सापकोटाले तालिमबाट हासिल भएको ज्ञान र सीपलाई संस्थागत अभ्यासमा रूपान्तरण गर्न आग्रह गर्दै हरेक सहकारी संस्थाले आगामी आर्थिक वर्षको वार्षिक योजना तथा बजेट असार महिनाभित्र तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याउने अभ्यासलाई संस्थागत गर्न निर्देशन समेत दिनु भएको थियो । ❁

# वार्षिक योजना तथा बजेट निर्माण तालिमद्वारा संस्थागत योजना प्रणाली सुदृढीकरणमा जोड

सहकारी संस्थामा रणनीतिक सोच, प्रभावकारी योजना तर्जुमा तथा यथार्थपरक बजेट व्यवस्थापनको संस्कृतिलाई संस्थागत गर्ने उद्देश्यले बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले साकोस स्तरीकरण कार्यक्रम (कोशिस) मा आबद्ध सहकारी संस्थाहरूका लागि २०८३ जेठ २२ देखि २६ गतेसम्म अभौतिक माध्यमबाट (जुम) निशुल्क वार्षिक योजना तथा बजेट निर्माण तालिम सञ्चालन गरेको थियो ।

बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा शुरु भएको तालिम संघका प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद दाहालले सहजीकरण गर्नुभएको थियो भने तालिममा कोशिस कार्यक्रममा आबद्ध १६ वटा सहकारी संस्थाका ५० जना सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

तालिममा सहकारी संस्थाको दीर्घकालीन लक्ष्यसँग जोडिएको वार्षिक नीति, योजना तथा बजेट निर्माण प्रक्रिया, उद्देश्य र रणनीति निर्धारण, कार्ययोजना तयार गर्ने विधि, कार्यसम्पादन सूचक, बजेट तथा कार्ययोजनाबीचको अन्तरसम्बन्ध, अनुगमन तथा मूल्याङ्कनलगायत विषयमा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो साथै, योजना र बजेटलाई संस्थाको वित्तीय क्षमता, सदस्यको आवश्यकता तथा संस्थाको रणनीतिक दिशासँग समन्वय गरी तयार गर्नुपर्ने विषयमा विशेष जोड दिइएको थियो ।




समापनका अवसरमा अध्यक्ष सापकोटाले प्रभावकारी योजना र यथार्थपरक बजेट नै संस्थागत सफलताको आधार भएको उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । उहाँले प्रत्येक सहकारी संस्थाले आगामी आर्थिक वर्षको वार्षिक योजना तथा बजेट समयमै तर्जुमा, सञ्चालक समितिबाट स्वीकृत र श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याउने अभ्यासलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यस्ता क्षमता विकासमूलक कार्यक्रमहरूले सहकारी संस्थाहरूमा योजनामूलक व्यवस्थापन, वित्तीय अनुशासन, जवाफदेहिता तथा सुशासनलाई थप सुदृढ बनाउँदै संस्थागत दिगोपन हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ । ❁

# कोशिस तेस्रो र चौथो समूहको छैटौ *WE CAN* कार्यशाला सम्पन्न

२७-२८ जेठ २०८३ । काठमाडौं । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारी कोशिस कार्यक्रममा आवद्ध तेस्रो र चौथो समूहका सहकारी संस्थाहरूको 6th WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालयमा सम्पन्न भएको छ ।

संघका सचिव श्री ठाकुरप्रसाद बास्कोटाको अध्यक्षता तथा ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखा प्रमुख श्री दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा तेस्रो समूहका ७ र चौथो समूहका ६ गरी १३ वटा सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

हरेक कार्यशालामा नविनतम विषयवस्तुमा अनुशिक्षण गर्ने परम्परा अनुसार संघका तालिम, अनुसन्धान तथा विकास विभाग



प्रमुख विमला पुडासैनीले सहकारीको कागजी प्रक्रिया, कानुनी परिपालना तथा संस्थागत सुशासनका विषयमा अनुशिक्षण गर्नु भएको थियो ।

दोश्रो सत्रमा सहभागी संस्थाहरूले पछिल्लो तीन महिनाको प्रगति, संस्थागत सुधार तथा आगामी कार्ययोजना सहित प्रस्तुतीकरण गरेका थिए । प्रस्तुत विषयमा विभागीय प्रमुख पुडासैनी तथा कार्यक्रम अधिकृत किशोर पौडेलले आवश्यक पृष्ठपोषण प्रदान गर्दै आगामी तीन महिनाका सुधारात्मक कार्यहरू कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता गराउनुभएको थियो ।



कार्यशालाले सहकारी संस्थाहरूमा सुशासन, क्षमता विकास, कानुनी परिपालना तथा गुणस्तरीय सदस्य सेवा प्रवाहमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै आगामी ७ औं WE CAN कार्यशाला २०८३ भदौ २४ र २५ गते बागमती प्रोस्कूनको सदस्य सेवा कार्यालय, मिनभवनमा आयोजना गर्ने निर्णय सहित समापन भएको थियो । ❁

# पाँचपोखरी थाङ्पालमा कोशिस अभिमुखीकरण कार्यक्रम सम्पन्न

जेठ २९, २०८३ । सिन्धुपाल्चोक । सहकारी संस्थाहरूमा सुशासन, वित्तीय अनुशासन, पारदर्शिता तथा संस्थागत दिगोपन अभिवृद्धि गर्ने उद्देश्यले पाँचपोखरी थाङ्पाल गाउँपालिका, सिन्धुपाल्चोकको आयोजना तथा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को सहकार्यमा साकोस स्तरीकरण कार्यक्रम (कोशिस) अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। बागमती प्रोस्कूनका सञ्चालक श्रीमती निर्मला धितालको



अध्यक्षता र पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष श्री टासी लामाका् प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा गाउँपालिकाको उपाध्यक्ष श्रीमती सुनिता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण कुइँकेल, सहकारी शाखा प्रमुख श्री ध्रुव लामिछाने लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बागमती प्रोस्कूनका व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुख श्री सुदर्शन दाहालले सहजीकरण गर्दै साकोस स्तरीकरण कार्यक्रम (कोशिस) को अवधारणा, उद्देश्य, मूल्याङ्कनका सूचकहरू तथा कार्यक्रम कार्यान्वयन प्रक्रियाको विषयमा अभिमुखीकरण गराउनु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्री टासी लामाले स्थानीय तह र सहकारी संस्थाबीचको समन्वयलाई अझ प्रभावकारी बनाउँदै सहकारी संस्थाहरूलाई सक्षम, उत्तरदायी र दिगो संस्थाका रूपमा विकास गर्न कोशिसजस्ता कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले गाउँपालिकाले सहकारी क्षेत्रको क्षमता विकास र सुशासन प्रवर्द्धनका लागि आवश्यक सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

कार्यक्रममा पाँचपोखरी थाङ्पाल गाउँपालिकाभित्र सञ्चालित १० वटा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापक गरी २० जनाको सक्रिय सहभागिता रहेको थियो । सहभागीहरूले कोशिसका मापदण्डलाई संस्थागत अभ्यासमा अवलम्बन गरी आफ्ना संस्थाहरूलाई थप पारदर्शी, उत्तरदायी, सदस्यमैत्री र दिगो बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । ❁

# कोशिस सातौ समूह (सुनकोशी) को पहिलो *WE CAN* कार्यशाला सम्पन्न



६ आषाढ २०८३ । सिन्धुली । बामगती प्रोस्कूनले विकास गरेको **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)** Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रम अन्तर्गत सातौ (सुनकोशी) समूहको पहिलो WE CAN कार्यशाला दीपमाला महिला साकोसको आयोजना तथा बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा बहुउद्देश्यीय कृषक सहकारी संस्थाको सभाहल सुनकोशी ३, रातामाटा सिन्धुलीमा सम्पन्न भएको छ । आयोजक संस्थाका अध्यक्ष श्री गौरा बरुवालको अध्यक्षता र संघका बरिष्ठ उपाध्यक्ष श्री जिवसराज खड्गाको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा सातौं (सुनकोशी) समूहमा आवद्ध ९ वटा संस्थाका पदाधिकारी एवम् व्यवस्थापकहरुको सहभागिता रहेको थियो । आयोजक संस्थाको

व्यवस्थापक गोमा चौलागाईले सञ्चालन गर्नु भएको कार्यक्रममा संस्थाका सचिव इश्वरी भुजेलले कार्यक्रममा उपस्थितलाई स्वागत गर्नुभएको थियो ।

सहकारी संस्थाहरुको दिगो विकास र प्रभावकारी सदस्य सेवा एवम् सुरक्षित कारोवार गर्नका लागि विकास गरिएको कार्यक्रममा संघले नविनतम विषयमा अनुशिक्षण गर्ने अभ्यास अनुसार संघका तालिम अनुसन्धात तथा विकास विभाग प्रमुख विमला पुडासैनीले संस्थाका अभिलेखहरुको पहिचान, वर्गिकरण, जिम्मेवारी तथा विकास र व्यवस्थापन गर्ने सीप अभिबृद्धि गर्ने उद्देश्य स्वरुप प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण (Documentation and Reporting) सँग सम्वन्धित रही अनुशिक्षण गर्नुभएको थियो । दोश्रो सत्रमा कार्यक्रममा सहभागी ९ वटै सहकारी संस्थाले कोशिस सूचकमा आधारित रही आफ्नो सहकारी संस्थाको अवस्था र प्रगति प्रस्तुती गर्नुभएको कार्यक्रममा विभागिय प्रमुख पुडासैनीले पृष्ठपोषण सहित सहजीकरण गर्नुभएको थियो भने विभिन्न प्रतिबद्धता सहित आगामी दोस्रो कार्यशाला ज्योती महिला साकोस, खाल्टे सिन्धुलीको आयोजनामा मिति २०८३ आश्विन १० गते शनिवार आयोजना गर्ने निर्णय सहित समापन भएको थियो ।

# कोशिस दशौं समूहको पहिलो *WE CAN* कार्यशाला सम्पन्न



७ आषाढ २०८३ । सिन्धुली । बागमती प्रोस्कूनले सञ्चालन गरेको साकोस स्तरीकरण कार्यक्रम कोशिसमा आबद्ध दशौं समूहको पहिलो WE CAN कार्यशाला सिन्धुलीमा सम्पन्न भएको छ । बागमती प्रोस्कूनको आयोजना र कमलामाई नगरपालिकाको साझेदारीमा आयोजित कार्यशाला संघका संचालक श्री कृष्णहरी कोइरालाको अध्यक्षता र कमलामाई नगरपालिकाका भूमि व्यवस्था सहकारी शाखा प्रमुख श्री मुकेश तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कमलामाई नगरपालिकाको आर्थिक सहयोग, सहभागी सहकारी संस्थाहरुको वित्तीय लागत र संघको वित्तीय तथा प्राविधिक सहयोगमा शुरु भएको कोशिस कार्यक्रमको नयाँ समूहको पहिलो कार्यशालामा अन्य कार्यशालामा झै पहिलो सत्रमा फरक विषयवस्तुमा अनुशिक्षण गराउने अभ्यास अनुसार संघको तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले सहकारीको प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण (Documentation and Reporting) सँग सम्वन्धित अनुशिक्षण गराउनु भएको थियो ।

सो पश्चात कार्यक्रममा सहभागी ७ वटा सहकारी मध्ये ६ वटा सहकारी संस्थाले आफ्नो सहकारी संस्थाको अवस्थाको विषयमा कोशिस कार्यक्रमको सूचक र प्रदान गरिएको ढाँचाको आधारमा प्रस्तुतीकरण गर्नु भएको थियो भने संस्थाहरुले गरेको प्रस्तुतीकरण उपर विभागिय प्रमुख पुडासैनीले पृष्ठपोषण सहित सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा कमलामाई नगरपालिकाका भूमि व्यवस्था सहकारी शाखा प्रमुख श्री मुकेश तामाङको पूर्ण समय कार्यक्रममा सहभागिता रहेको साथै कार्यक्रमको बीच बीच प्रत्येक संस्थालाई निर्देशनात्मक सुझाव समेत प्रदान गर्ने गर्नुभएको थियो । उक्त समूहको आगामी दोस्रो कार्यशाला संघको आयोजनामा २०८३ आश्विन ११ गते आईतबार गर्ने निर्णय गर्दै सम्पन्न भएको थियो ।

# कोशिस छैटौ समूहको तेस्रो *WE CAN* कार्यशाला सम्पन्न




१४ आषाढ २०८३ । बागमती प्रोस्कूनको आयोजना र ललितपुर महानगरपालिका आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित सहकारी स्तरीकरण कार्यक्रम “कोशिस” मा आवद्ध छैटौं समूहका सहकारी संस्थाहरुको तेस्रो WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालय मीनभवन काठमाडौंमा सम्पन्न भएको छ ।

ललितपुर महानगरपालिकाले आफ्नो नियमन क्षेत्रभित्रका सहकारी संस्थाहरुको सुधार गर्ने अभिप्रायले सञ्चालन भएको साझेदारी कार्यक्रम अर्न्तगतको छैटौ समूहको WE CAN कार्यशाला आयोजक संघ बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता साथै ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखा प्रमुख श्री दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

हरेक कार्यशालामा नियमित फरक विषयवस्तुमा हुने अनुशिक्षण अन्तर्गत **प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण** (Reporting & Documentation) विषयमा बागमती प्रोस्कूनका तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले अनुशिक्षणबाट शुरु भएको कार्यक्रमको दोश्रो सत्रमा समूहमा आवद्ध ८ वटा साकोसहरुमध्ये ७ वटाको त्रैमासिक प्रगति विवरण सहित प्रस्तुती गर्नु भएको थियो । संस्थाको प्रस्तुतीकरणको आधारमा संघका कार्यक्रम अधिकृत किशोर पौडेले पृष्ठपोषण तथा सुधार रणनीति सहित सहजीकरण गर्नु भएको थियो । विभिन्न साझा प्रतिवद्धता सहित समूहको चौथौ कार्यशाला २०८३ आश्विन १६ गते बागमती प्रोस्कूनको आयोजानामा सदस्य सेवा केन्द्र कार्यालय मीनभवनमा आयोजना गर्ने निर्णय सहित सम्पन्न भएको थियो ।

संस्था परिचय

# जनमुखी बचत तथा ऋण सहकारी संस्था लि.

**वैतेश्वर-५, मैनापोखरी, दोलखा**



संस्थाको आफ्नै भवन

**१. संस्थाको संस्थागत परिचय :**

संस्थाको नाम : जनमुखी बचत तथा ऋण सहकारी संस्था लि.,
ठेगाना : वैतेश्वर गाउँपालिका वडा नं. ५, मैनापोखरी, दोलखा, नेपाल,
दर्ता नं. : ३३५/०५४, दर्ता मिति : २०५४/०६/०५, पान नं. : ३०३२११०३९,
प्रोस्कून सदस्यता नं. : ३३, संस्थाको अध्यक्षको नाम थर : माधवप्रसाद दहाल,
सम्पर्क नं. : ९८५११५७२०२, व्यवस्थापकको नाम थर : भेषबहादुर मिजार,
सम्पर्क नं. : ९८५१२४६८६२

**२. संस्थाको व्यवसायिक अवस्था (२०८३ असार मसान्तको) :**

कूल सम्पत्ति : १,४२,४३,८९,४१९.१९, कूल शेयर : १०,२४,७६,९००
कूल बचत : १,१३,५३,८९,८०६.२०, कूल ऋण लगानी : ९७,८२,६९,६५६.९५
कूल संस्थागत पूँजी : ९,०७,४७,९८९.२८, नोक्शानी व्यवस्था : ३,१८,५१,५१६.६६
कूल सदस्य संख्या : २२०२८ (शेयर : १६१५३, बाल बचतकर्ता : ५८७५), कार्यक्षेत्र : ५ वटा जिल्ला (दोलखा, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाण्डौ र ललितपुर), कार्यक्षेत्रको कूल जनसंख्यामा सदस्यको पहुँच : ०.८६, संस्थाको स्वीकृत आन्तरिक नीति तथा कार्यविधी संख्या : ४२ (नीति : १७, कार्यविधि १८, निर्देशिका : ७), रणनीतिक योजनाको अवस्था : भएको, बनाएको वर्ष : २०८१, बचत उत्पादनका किसिमहरु : १७ वटा, ऋण सेवाका किसिमहरु : ११ वटा, गत वर्ष वितरण गरेको प्रतिफल प्रतिशत :- शेयर लाभांस : ५४,५७३.८२, संरक्षित पूँजी फिर्ता कोष : २९,३८९.७६,

**३. जनशक्तिको अवस्था :**

सञ्चालक समितिको संख्या : ९ (महिला : ३, पुरुष : ६), कूल कर्मचारी संख्या : जम्मा २८ (महिला : १३, पुरुष : १५), अधिकृत स्तरका कर्मचारी संख्या : ३, उपसमितिको संख्या : २१ (कार्यदल र सेवाकेन्द्र सञ्चालन उपसमिति समेत)

**४. संस्थाको भौतिक व्यवस्थापन :**

मुख्य कार्यालय : १, सदस्य सेवा कार्यालय ५ (कूल कार्यालय ६ वटा)

**५. सूचना तथा सञ्चार उपकरणको प्रयोग :**

CBS System : (इन्फिनिटी) सफ्टवेयर,
सदस्य सूचनाः टेलिफोन, इन्टरनेट, आधिकारिक फेसबुक पेज, वार्षिक प्रतिवेदन, प्रोडक्ट क्याटालग, क्यालेण्डर, स्मारिका

**६. संस्थाले उपलब्ध गराउने सेवाहरुको विवरण (बचत तथा ऋण सेवा बाहेक)**

प्रविधिमा आधारित सेवा : मोवाइल बैकिङ र SMS बैकिङ, बिप्रेषण
सदस्य सीप विकास : हाते ट्याक्टर सञ्चालन तथा मर्मत

**७. संस्थाको आन्तरिक व्यवस्थापन :**

सञ्चालक समितिको नियमित बैठकको अवस्था : मासिक बैठक संख्या : २३, लेखा सुपरिवेक्षण समितिको बैठकको अवस्था : त्रैमासिक बैठक संख्या : ४, सञ्चालक समितिको बैठकमा औषत उपस्थिति दर : ८७.४५, पछिल्लो साधारण सभा सम्पन्न भएको मिति : २०८२/०६/११, साधारण सभामा उपस्थिति संख्या : ११९२५ (शेयर : ८३७५, बाल : ३५५०)

**८. संस्थागत दिगोपनका क्रियाकलाप**

**(क) संस्थाले प्राप्त गरेको सम्मान तथा पुरस्कार :**

- ✓ दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघले उत्कृष्ट बचत कर्ताको रुपमा प्रशंसा-पत्र ।
- ✓ दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघले उत्कृष्ट शेयर सदस्य सम्मान-पत्र ।
- ✓ साविक काब्रे गाविसबाट प्रशंसा-पत्र ।
- ✓ नेकोस प्लस सफ्टवेयरलाई स्तरीकृत बनाउन सहयोग गरेबापत नेपालभरबाट उत्कृष्ट संस्थाको रुपमा नेफ्स्कुनबाट प्रशंसा पत्र ।
- ✓ जिल्ला सहकारी संघबाट उत्कृष्ट सहयोगी संस्थाको रुपमा प्रशंसा पत्र ।
- ✓ बचत तथा ऋणको कारोबार मार्फत संघको बृद्धि, विकासमा महत्वपुर्ण योगदान पुर्‍याए वापत दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघबाट प्रशंसा पत्र ।
- ✓ २०८० सालमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघद्वारा उत्कृष्ट बचतकर्ता सम्मान ।
- ✓ २०८२ सालमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघद्वारा प्रदेशकै उत्कृष्ट साकोसको रुपमा सम्मान ।
- ✓ २०८२ सालमा दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघद्वारा उत्कृष्ट साकोसको रुपमा सम्मान ।

**(ख) संस्थाले सदस्यलाई प्रदान गरेको सम्मान, पुरस्कार, उत्प्रेरणा :**

- ✓ हरेक बर्ष शेयर, बचत तथा ऋण कारोबार अन्तर्गतका हरेक विधामा कारोबारका आधारमा उत्कृष्ट कम्तिमा २ जनासदस्य लाई नगद र प्रशंसापत्र सहित सम्मान ।
- ✓ संस्थाको कार्यक्षेत्र भित्रका विद्यालयमा अध्ययनरत आधारभुत तहदेखी स्नातक तहसम्मका गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई विद्यालयको सिफारिसका आधारमा छात्रवृत्ति वितरण ।
- ✓ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कार, सम्मान ।
- ✓ सुत्केरी महिला शेयर सदस्यलाई **शिशु स्याहार** खर्च उपलब्ध गराउने ।
- ✓ स्वास्थ्य बीमा गर्ने सदस्यहरुलाई बीमाको प्रिमियम भुक्तानीमा ३०% आर्थिक सहयोग ।
- ✓ मुटु, मृगौला सम्बन्धी रोग, क्यान्सर, प्यारालाइसिस जस्ता जटिल रोगहरुबाट पिडित सदस्यहरुलाई उपचारको लागि रु. १०,०००/- सम्मको आर्थिक सहयोग ।

**(ग) संस्थाले प्राप्त गरेको सफलता :** २०७६ सालमा नेपाल स्तरको गुणस्तर प्रोवेशन ब्रान्ड

**अध्यक्ष माधवप्रसाद दाहालको प्रतिबद्धता**

आगामी दिनमा जनमुखी बचत तथा ऋण सहकारी संस्था लि., बैतेश्वर-५, मैनापोखरीलाई अझ सुरक्षित, प्रविधिमैत्री, सदस्यकेन्द्रित र दिगो संस्थाका रूपमा विकास गर्ने हाम्रो लक्ष्य रहेको छ । वर्तमान आर्थिक चुनौती, वित्तीय तरलता, बढ्दो नियामकीय मापदण्ड तथा डिजिटल रूपान्तरणलाई अवसरका रूपमा ग्रहण गर्दै संस्थाको वित्तीय सुदृढीकरण, जोखिम व्यवस्थापन र सुशासनलाई थप मजबुत बनाइनेछ । सदस्यहरूको आवश्यकता अनुरूप नविन बचत, कर्जा, बीमा तथा डिजिटल सेवाको विस्तार गरिनेछ । उत्पादनशील, कृषि, युवा उद्यम तथा महिला उद्यमशीलतामा आधारित कर्जा प्रवाहलाई प्राथमिकता दिइनेछ । भाखा नाघेको कर्जा न्यूनीकरण, सदस्य वित्तीय साक्षरता, साइबर सुरक्षा तथा डिजिटल कारोबारको प्रवर्द्धनमा विशेष जोड दिइनेछ । साथै, सहकारी अवधारणाअनुसार वातावरण संरक्षण, सामाजिक उत्तरदायित्व तथा स्थानीय उत्पादन र रोजगारी प्रवर्द्धनमा संस्थाको भूमिका अझ प्रभावकारी बनाइनेछ । सदस्यको विश्वास, पारदर्शिता र उत्तरदायित्वलाई सर्वोच्च प्राथमिकतामा राख्दै जनमुखी साकोसलाई प्रदेशकै नमुना सहकारीका रूपमा स्थापित गर्ने हाम्रो दृढ संकल्प रहेको छ ।

**व्यवस्थापक भेषबहादुर मिजारको प्रतिबद्धता**

जनमुखी बचत तथा ऋण सहकारी संस्था लि.लाई सुशासन, पारदर्शिता, उत्तरदायित्व र सदस्य-केन्द्रित सेवाको आधारमा अझ सुदृढ, विश्वसनीय तथा प्रविधिमैत्री वित्तीय संस्थाका रूपमा स्थापित गर्न म पूर्ण रूपमा प्रतिबद्ध छु । वर्तमान आर्थिक चुनौती, सहकारी क्षेत्रप्रतिको विश्वास पुनःस्थापना, नियामकीय मापदण्डको पूर्ण पालना, जोखिम व्यवस्थापन तथा संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राखी संस्थाको दिगो विकासमा केन्द्रित रहनेछु । डिजिटल प्रविधि, मोबाइल बैंकिङ, कनेक्ट आईपीएस, क्यूआर, उपयोगिता भुक्तानी लगायत आधुनिक सेवाहरूलाई थप विस्तार गर्दै सदस्यमैत्री, छिटो, सुरक्षित र गुणस्तरीय सेवा प्रदान गरिनेछ । कर्मचारीहरूको क्षमता अभिवृद्धि, आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण, सूचना प्रविधिको प्रभावकारी प्रयोग तथा सदस्यहरूको वित्तीय साक्षरता अभिवृद्धिमा निरन्तर जोड दिइनेछ । संस्थाको रणनीतिक योजना, ACCESS कार्यक्रमका मापदण्ड तथा सहकारीका मूल्य-मान्यता अनुरूप सदस्यहरूको आर्थिक, सामाजिक र संस्थागत समृद्धिलाई केन्द्रमा राखी विश्वसनीय, प्रतिस्पर्धी र दिगो सहकारी निर्माणका लागि इमानदार, जिम्मेवार र परिणाममुखी रूपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

# कोशिस चौथो समूहको पाँचौं *WE CAN Workshop* सम्पन्न

*गतिविधि*




२८ फाल्गुण २०८२ । काठमाडौं । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका, आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित सहकारी स्तरीकरण कार्यक्रम 'कोशिस' अन्तर्गत चौथो समूहको पाँचौं WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालय, मिनभवन, काठमाडौंमा सम्पन्न भएको छ । संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता तथा ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखाका प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यता रहेको थियो ।

संघका तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीको सञ्चालन र संघका सचिव ठाकुरप्रसाद बाँस्कोटाले स्वागतबाट शुरु भएको कार्यक्रममा नियमित सिकाइ अभ्यास अन्तर्गत "सहकारीमा आन्तरिक सुशासन (Good Governance in Cooperatives)" विषयमा संघका विभागिय प्रमुख पुडासैनीले अनुशिक्षण गराउनु भएको थियो ।

दोश्रो चरणमा समूहमा आबद्ध छ वटा सहकारी संस्थामध्ये पाँच संस्थाले विगत तीन महिनामा सम्पन्न गरेका सुधारात्मक गतिविधि, संस्थागत उपलब्धि तथा प्रगतिको प्रस्तुतीकरण गरेका थिए । संस्थाको प्रस्तुतीकरणमा संघको विभागिय प्रमुख पुडासैनीले पृष्ठपोषण तथा सुधार योजना सहितको सहजीकरण गर्नु भएको थियो । आगामी कार्यशाला अगाडि गर्नु पर्ने सुधारको कार्ययोजनामा प्रतिवद्धता सहित छैटौं WE CAN कार्यशाला २०८३ जेठ २८ गते, बिहीबार संघको सदस्य सेवा कार्यालय, मिनभवनमा आयोजना गर्ने निर्णय साथ सम्पन्न भएको थियो ।

संस्था परिचय

# श्रोत परिचालन बचत तथा ऋण सहकारी संस्था लि.

**नीलकण्ठ न. पा. ०३, धादिङ**


संस्थाको आफ्नै भवन

**१. संस्थाको संस्थागत परिचय :**

संस्थाको नाम : श्रोत परिचालन बचत तथा ऋण सहकारी संस्था लि.
संस्थाको ठेगाना : नीलकण्ठ नगरपालिका ०३, धादिङ,
दर्ता नं.: २६५/०५४/०५५
दर्ता मिति :२०५४/०७/१२, पान नं. : ३०३३५८४६६, प्रोस्कून सदस्यता नं.: २८४
अध्यक्षको नामथर : रुद्र बहादुर खत्री, व्यवस्थापकको नाम थर : दयानिधि नेपाल

**२. संस्थाको व्यवसायिक अवस्था : (२०८३ असार मसान्तको)**

कूल सम्पत्ति : ७६७,१७९,७९४.५२, कूल शेयर : ६३,५५३,४००.००
कूल बचत : ५८२,७८४,०५६.००, कूल ऋण लगानी : ४३३,४५२,७५१.१४
कूल संस्थागत पूँजी : ५९,३३७,८५२.४७, कूल सदस्य संख्या : ७८६७
कार्यक्षेत्र : नीलकण्ठ नगरपालिका, संस्थाको स्वीकृत कार्यविधी संख्या : २०
रणनीतिक योजनाको अवस्था : १, बचत उत्पादनका किसिमहरु : १९ वटा
ऋण सेवाका किसिमहरु : उत्पादन मूलक र अन्य गरी १५, गत वर्ष वितरण गरेको
प्रतिफल प्रतिशत : शेयर लाभाँस ८, संरक्षित पूँजी फिर्ता कोष : ४.२४%, ३.६७% जोखिमकोष व्यवस्था : १००%

**३. जनशक्तिको अवस्था :**

सञ्चालक समितिको संख्या : जम्मा : १३, महिला : २, पुरुष : ११, लेखा सुपरिवेक्षण समिति : ३,
कूल कर्मचारी संख्या : जम्मा : १५, महिला : ८, पुरुष : ७, उपसमितिको संख्या : १०

**४. संस्थाको भौतिक व्यवस्थापन :** मुख्य कार्यालय संख्या १, सदस्य सेवा कार्यालय २

**५. सूचना तथा सञ्चार उपकरणको प्रयोग :**

CBS System : MFIN
सदस्य सूचनाः टेलिफोन, इन्टरनेट, वेबसाइट, आधिकारिक फेसबुक पेज, वार्षिक प्रतिवेदन, प्रोडक्ट क्याटालग, क्यालेण्डर, स्मारिका

**६. संस्थाले उपलब्ध गराउने सेवाहरुको विवरण (बचत तथा ऋण सेवा बाहेक)**

नियमित सदस्य तालिम तथा शिक्षा : ९५० जना गत आ.व.
प्रविधिमा आधारित सेवा : मोवाइल बैकिङ, SMS बैकिङ, CCTV Dual backup, NAS management
सदस्य सीप विकास : महिला सदस्य उद्यमशिलता विकास तालिम (धुप बनाउने), च्याउ उत्पादन

**७. संस्थाको आन्तरिक व्यवस्थापन :**

संघको नियमित बैठकको अवस्था : मासिक, लेखा सु.समिति : त्रैमासिक

**८. संस्थागत दिगोपनका क्रियाकलाप**

**संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सम्मान तथा पुरस्कार**

संस्थाले वार्षिक रुपमा असल ऋण कारोबारी सदस्य, असल नियमित बचतकर्ता सदस्य, असल बालबचतकर्ता सदस्य, असल मोवाइल बैकिङ कारोबार गर्ने सदस्य, असल क्यु.आर.कोडमार्फत कारोबार गर्ने सदस्यलाई वार्षिक सम्मान तथा पुरस्कार प्रदान गर्ने गरेको छ।

**संस्थाले प्राप्त गरेको सम्मान तथा पुरस्कार :**

१. २०७२ देखि २०७८ सम्म लगातार ७ वर्ष सम्म प्रोबेशन ब्राण्ड प्राप्त
२. वर्ष २०८२ मा नेफस्कुनबाट बाग्मती प्रदेशको उत्कृष्ट संस्थाको उपाधि
३. वर्ष २०७२ मा नेफस्कुनबाट मध्यमाञ्चलको उत्कृष्ट संस्थाको उपाधि
४. वर्ष २०८२ मा धादिङ जिल्ला सहकारी संघबाट उत्कृष्ट संस्थाको उपाधि
६. वर्ष २०८१ मा धादिङ बचत तथा ऋण सहकारी संघबाट उत्कृष्ट संस्थाको उपाधि

**९. संस्थाप्रति नेतृत्वको धारणा :**

**अध्यक्षको तर्फवाट : आगामी योजना**

श्रोत परिचालन बचत तथा ऋण सहकारी संस्था लि. २९ वर्ष पहिला समाजमा केही गरौ भन्ने जोश र इच्छाशक्ति भएको २६ जना यूवाको एकताको नमुना हो। ५२००० शेयर पूँजीबाट साविकका १४ वडा कार्यक्षेत्र लिइ शुरु भएको संस्था ७६ करोडको एक विशाल सहकारी संस्थाको रुपमा जिल्लाको एक नगरपालिका र छ वटा गाँउपालिकालाई कार्यक्षेत्र बनाई ४९ वडाहरुमा नीलकण्ठ ३, धादिङको

मुख्य कार्यालय र दुई वटा सेवाकेन्द्रहरु मार्फत ८००० सदस्यहरुलाई वित्तीय सेवा प्रदान गरिरहेको छ । नवजात शिशुदेखी वृद्ध जेष्ठ सदस्यसम्मलाइ समान रुपमा सेवा प्रदान गर्ने सहकारी संस्था सबैको भरोसाको आधार बनेको छ। श्रोत परिचालन साकोस ग्रामीण नेपालको विपन्न नागरिकहरुमा वित्तीय सेवा विस्तार गर्नेक्रममा अन्य २ सहकारीहरु समेत एकीकरण गरि जिल्लाभरमा एकीकरणको नमुना साकोसको रुपमा परिचित छ। संस्थाको विगतको उपलब्धिहरु सदस्यको विश्वासको रुपमा लिदै संस्थाले आगामी ४ वर्षको रणनीति तय गरेको छ । आगामी साधारण सभा मार्फत संस्थाको नवौ सञ्चालक समितिको चयनहुने तथा संस्थालाई दिगो, सुरक्षित र विश्वासयोग्य बनाई सदस्यको जिवनस्तरमा समृद्धि हासिल गराउन संस्था निरन्तर लागिरहने छ ।

**व्यवस्थापकको तर्फवाट : प्रतिवद्धता**

पछिल्ला केहि वर्षदेखी उत्पन्न विभिन्न खालका विश्वव्यापी महामारी, मध्यपुर्वमा सृजित द्वन्द, पेट्रोलियम पदार्थमा भएको अधिक मुल्यवृद्धि आदिको कारण देशको अर्थतन्त्रमा परेको दबाव र सहकारी क्षेत्रको आन्तरिक कारणले सृजित थप दबावहरुको बाबजुत पनि श्रोत परिचालन साकोस सदस्यहरुको विश्वासले आर्थिक वर्ष २०८२/०८३ लाई सफलतापुर्वक सम्पन्न गर्न सकेकोमा सम्पूर्ण सदस्यहरुका हार्दिक आभार व्यक्त गर्दछौ। संस्थाको वर्ष २०८३/०८४ देखि २०८६/०८७ सम्मको रणनीतिक योजनाको मार्गदर्शनलाई आत्मसाथ गर्दै श्रोत परिचालन साकोसको व्यवस्थापन सदस्यहरुको जीवनस्तरोन्ती गराउन सधै प्रतिवद्ध छौ। विश्वव्यावपी रुपमा भएको नविन प्रविधिहरुको विकास र त्यसले सदस्यहरुको जीवनशैलीमा पारेको प्रभावको मुल्याङ्कन गर्दै आजको नेपालको सहकारी अभियानमा सुहाउदो पछिल्लो पुस्ताको हाइब्रिड साकोसको अवधारण मार्फत सदस्यको जिवनस्तरोन्नती हुने र नेपालको सहकारी अभियानको लागि एक अनुकरणीय साकोस बन्नेमा श्रोत परिचालन साकोस परिवार विश्वस्त छ । परिवर्तित कानुनी तथा नियामकीय अनुपालनमा श्रोत परिचालन साकोस अग्रणी स्थानमा रहदै राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट ००१५ र कर्जा सुचना केन्द्र मार्फत ००३२ नम्वरको सदस्यता प्राप्त गरी सदस्यहरुको बचतको सुरक्षा र वित्तीय अनुशासन कायम गराई सदस्यको दिगो आर्थिक रुपान्तरण मार्फत उद्यमशिलता, रोजगारीको विकास र व्यवसायीक प्रर्वद्धनमा निरन्तर लागिरहनेछ ।

*For more information Please visit : www.shrotsaccos.org.np*

थप विवरणहरु :

कार्यक्षेत्र : नीलकण्ठ नगरपालिका, त्रिपुरासुन्दरी गा. पा., नेत्रावती डवजोङ गा. पा.,
ज्वालामुखी गा. पा., गल्छी गा. पा., गजुरी गा. पा., सिद्धलेक गा. पा. वडा नं. १ र २ मात्र ।

❁

गतिविधि

# कोशिस तेस्रो समूहको पाँचौं *WE CAN Workshop* सम्पन्न

२७ फागुन २०८२ । काठमाडौं । बागमती प्रोस्कूनको आयोजना तथा ललितपुर महानगरपालिका, आर्थिक विकास महाशाखाको साझेदारीमा सञ्चालित साकोस स्तरीकरण 'कोशिस' कार्यक्रम अन्तर्गत तेस्रो समूहको पाँचौं WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालय मिनभवन, काठमाडौंमा सम्पन्न भएको छ । संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता तथा ललितपुर महानगरपालिका सहकारी व्यवस्थापन महाशाखाका प्रमुख दयाराम खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा संघका सचिव ठाकुरप्रसाद बाँस्कोटाले उपस्थित अतिथि तथा सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

प्रमुख अतिथिको आशनबाट खत्रीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि बागमती प्रोस्कूनसँगको सहकार्य प्रभावकारी हुने विश्वास व्यक्त गर्दै कानुनी व्यवस्था, नियामकीय निर्देशन तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका प्रावधानहरूको पूर्ण पालना गर्न संस्थाहरूलाई निर्देशन गर्नु भएको थियो सो क्रममा उहाँले अज्ञानता वा प्रक्रियागत कमजोरीका कारण भएका त्रुटिहरूलाई समयमै सच्याउँदै सुशासनतर्फ अग्रसर हुनुपर्नेमा सचेत गराउनु भएको थियो ।

नियमित नविनतम सिकाइ अन्तर्गत "सहकारीमा आन्तरिक सुशासन (Internal Governance in Cooperative)" विषयमा संघका तालिम अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले अनुशिक्षण गराउनु भएको थियो ।




कार्यक्रमको दोश्रो चरणमा कार्यक्रममा आवद्ध सम्पूर्ण सहकारी संस्थाहरुले प्रोस्कूनले उपलब्ध गराएको प्रस्तुतीकरणको ढाँचामा सूचकमा आधारित प्रस्तुतीकरण गर्नु भएको थियो भने संस्थागत प्रस्तुतीकरणका आधारमा सुधार रणनीति तथा पृष्ठपोषण सहित विभागिय प्रमुख पुडासैनीले सहजीकरण गर्नु भएको थियो ।

प्रस्तुतीकरण पश्चात आगामी तीन महिनाको कार्ययोजनामा प्रतिवद्धता गर्दै आगामी जेठ २७ गते छैटौं WE CAN कार्यशाला संघको सदस्य सेवा कार्यालयमा आयोजना गर्ने निष्कर्षका साथ सम्पन्न भएको थियो ।

❁

कथा

# भौतारिएको जीवनदेखि सम्मानित नागरिकसम्म : सहकारीले लेखेको नयाँ अध्याय

सहकारीको वार्षिक साधारण सभामा उत्कृष्ट उद्दमी सदस्यको रुपमा सम्मानित हुँदै उनले भावुक भएर भनेः एक दिन म यस्तो अवस्थामा थिँएकी कसैले पनि मेरो कुरा सुन्न चाँहदैन थिए। तर सहकारीले मलाई सम्मान दियो, विश्वास दियो, अवसर दियो। यही विश्वासले मेरो जीवन फेरियो। आज म जहाँ छु, त्यसको आधार सहकारी शिक्षा, बचतको बानी र सही समयमा पाएको ऋण हो।




**सम्झना आचार्य**
**व्यवस्थापक**
**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**सुनकोशी गाउँपालिका ३, बोहोरेटार सिन्धुली**


एक जना छवि नाम गरेका व्यक्ति थिए। नेपालमा कुनै पनि काम नपाएपछि भौतारिँदै राजधानी तर्फ यात्रा गर्दै गर्दा बसमा सँगै सिटमा बस्ने व्यक्तिसँग परिचय गर्दै जाँदा ति मानिस विदेश पठाउने एजेन्ट रहेछन्। उसलाई पनि विदेश जाने बाध्यता थियो। त्यसैबेला सगै यात्रा गर्ने मानिसले राम्रो कम्पनी छ भन्दै सल्लाह दिए। त्यस बखत उसले यसो बिचार गर्छ। अँ र यही हो मौका र जा केटा विदेश र भन्ने सोचेर – दाजु र म विदेश जाने हो। मलाई पनि एउटा कोटा मिलाई दिनुस् भनेर अनुरोध गरे। त्यस पछि त्यो एजेन्टले ठीक छ म तिमीलाई एउटा कोटा राखी दिन्छु तर पैसा लगभग तीन लाख लाग्छ देश मलेशिया हो काम लेवरको घर भित्र वा बाहिर जहाँ पनि गर्नु पर्ने हुन्छ। के गर्छौ ? भनेर सोद्धा हुन्छ भनेर तयारी हुँदै गफगाफ गर्दै राजधानी पुगे छन। त्यहाँ पुगे पछि एक अर्कामा मोबाइल नम्बर साटासाट गर्दै अर्को पटक भेट्ने गरी छुट्टिन्छन।

अर्को दिन भए पछि छवि आफ्ना आफन्तसँग पैसा जम्मा गर्नका लागि कुराकानी गर्दै हिँड्छन्। कसैले पनि पैसा छ भन्दैनन्। बल्ल बल्ल विदेश जान ठीकठाक भएको विदेशी कोटा गुम्ने भन्ने चिन्ताले भौतारिँदै हिँडेको छवि एक्कासी बर्षौ देखि नभेटेको साथीसँग जम्का भेट हुन्छ। केही बेरको गफगाफ पछि चिनजान गर्दै जाँदा दुबै साथी कक्षा दशसम्म सँगै पढेर I.A. पढ्ने बेलामा छुट्टिएदेखि भेट नभएको र एक्कासी बसमा चिनजान गर्दै गर्दा परिचय भए पछि एक छिन छवि रुन्छन्। किनकी जीवनमा सबै भन्दा मिल्ने साथी थिए उनी। धर्मराजसँगै पढेर छुट्टिएर राजधानी गएर पढे पछि लोकसेवा पास गरेर राम्रो जागिरे भएछन्। तर छवि गरीव परीवारमा जन्मेको हुँदा पैसा अभावले गर्दा पढाइ छोडेर गाउँमै बस्न वाध्य भएकोले सँधै रकमको समस्या खड्किएको थियो जीन्दगीमा। आ-आफ्ना जीवनका कहानी साटासाट गरिसके पछि छवि विदेश जानका लागि पैसाको अभावले यसरी भौतारिएको कुरा थाहा भए पछि धर्मले ठीक छ साथी तिमीलाई विदेश जानबाट नरोकिन जति पैसा लाग्छ म सहयोग गर्छु तर तिमीले मलाई पछि फिर्ता चाँही गर्नु पर्छ है र भन्दै भावी पल्टियो। छविको खुशीको सीमा रहेन। उसका हर्षका आँशु थाम्न नसकेर बर्बर झर्न थाले। वास्तविकता यो थियो कि हजारौं आफन्तले नपत्याएर भौतारिदै हिँड्नु परेको अवस्थामा आफ्नो साथीले पैसा सहयोग गरेर विदेश जान पाउने भए भन्ने खुशी थियो छविमा।

त्यस पश्चातः करीब एक महिना भित्र उसको मलेसिया तर्फको यात्रा तय हुन्छ। उनी मलेशिया जान्छन्। त्यहाँ पुगे पछि उनलाई एजेन्टले भने बमोजिम काम पाएर केही महिना भने धेरै पैसा कमाई हुन्छ, पैसा कमाई भएको देखेर सब आफन्तहरु नजिकिन्छन्, फोन सम्पर्क बढ्छ। राम्रो कमाई आफन्तको हाईहाई भएका छविलाई एक्कासी कोभिड रोग लाग्छ। संसारभर यो रोगको प्रकोप फैलिन्छ र काममा वाधा हुन गई कमाई घट्दै जान्छ। एक दिन वाध्य भएर उ घर आउन कर लाग्छ र फर्कन्छ। नेपाल आए पछि सबै साथीहरु ओ हो र छवि त नेपाल आई सकेछ भन्दै साथीहरु पछ्याउन थाल्छन्। हामीलाई भोज खुवाउछस् होला नी ? भन्दै फुर्क्याउदै कहिले होटल त कहिले रिसोर्ट केही दिन उसले पनि फुर्किदै खाजा खुवाइ दिन्छन् र अलि अलि बचेको पैसा पनि सक्दै जान्छन्। छवि साथीभाइ रमाइलो गर्दा गर्दै कुलतमा फसिसकेको हुन्छ। आफुसँग पैसा सकिएको थाहा पाए पछि साथीहरु पनि टाढिदै जान्छन् साथिहरुले भेटघाट पनि कम हुनुका साथै घर परिवारबाट पनि अपहेलित हुन्छ। घरको काम केही माखो नमार्ने भए पछी सबैले घृणा गर्छन्। अब उ मातेर भौंतारिँदै हिँड्न सुरु गर्छ। हिजोसम्म सबको हाई-हाई भएको छविलाई यस्तो अवस्थामा देखेर सबले थुक्न थाल्छन्।

एक दिनको कुरा हो। हाम्रो सहकारी संस्थाबाट सदस्य शिक्षा लिएर त्यसै ठाउँमा कार्यक्रम गर्न गएका थियौ। सबैजना जम्मा

भएर परिचय गर्दै बसेका बेला छवि पनि मातेर छेउमा बरबराउँदै बसे । गर्मी समयको बेला ननुहाएका दुङदुङ गन्हाएका छविलाई त्यहाँका मानिसले बस्न नदिने भए , तर सहकारी संस्थाबाट जानु भएका सर म्यामले एक छेउमा हल्ला नगरी बस्नु भन्ने अनुरोध गर्नु भए पछि एक छेउमा भलाद्मी भएर बसे, दिन भर सुनिरहे । सहकारी शिक्षा राम्रोसँग सुनेर बसेका छवि बेला बेलामा बोल्न खोज्थे तर डराएर होला चुपचाप नै हुन्थे । कार्यक्रम सकियो उहाँलाई जिज्ञासा लागेछ ।

गाउँमा कसैले नपत्याउने छविलाई संस्थाबाट जानुभएका सर म्यामले सम्मान साथ दिन भर शिक्षा दिँदा चकित भएछन् । त्यहाँ पनि कुलतबाट हामीलाई हुने नोक्सानी तथा हामीले थोरै पैसा भए पनि बचत गरी राख्दा हुने फाइदाहरुको बारेमा र सहकारीले केही व्यवसाय गर्छु भन्ने व्यक्तिलाई ऋण सहयोग गर्दै आफ्नो जीवन स्तर उकास्न सहयोग गर्छ भन्ने कुरा असाध्यै मन परेर प्रश्न गर्न खोज्छन् तर गाउँका मान्छेले बोल्नै दिदैनन् । कार्यक्रम सकिए पछी हामीलाई पछ्याउदै म पनि कुनै व्यवसाय गर्न चाहन्छु, मलाई पनि ऋण लगानी गर्न सक्नु हुन्छ ? भन्दै सहकारी संस्थाका कर्मचारीको पछि लागे ।

अब उनलाई हामीले संस्थाको बारेमा सबै कुरा सुनायौं । जाँड रक्सी छाड्नु हुन्छ भने आउनुस् भोली नै संञ्चालक समितिको बैठक छ । सदस्य बन्नु भयो भने पाँच महिना पछि हामी तपाईलाई ऋण लगानी गर्न सक्छौ । त्यस पश्चात: तपाई आफूले चाहेको व्यवसाय गर्न पाउनु हुनेछ । यो कुरा सुने पछि छविले हुन्छ ल म भोली नै तपाईहरुको सहकारी कार्यालयमा आएर सदस्यता लिन्छु भनेर भोली पल्ट कार्यालय गएर सदस्य बने ।

आफूले दैनिक गर्ने अनावश्यक खर्चलाई बचत गर्न थाले । कसैले नपत्याएका छवि बचत गर्नैका लागि होटलमा भाडा माझ्न थाले र नियमित बचत गर्दै आज भोली भन्दाभन्दै पाँच महिना बितेछ । त्यस पछि सहकारीको कार्यालय गएर ऋण सम्बन्धी कुरा गर्दै आफैले गर्न लागेको बाखा पालन व्यवसायका लागि कुरा गरेर ऋण निकालेर भोली पल्टैबाट खसी, बाखा किनेर पाल्न सुरु गरे । केही समय पर्खनु परे पनि समयको पर्खाई पछि खसी बोका बेच्न थाले, आम्दानीको श्रोत खुले पछि उ झनै हौसिएर अरु व्यापार बढाउँदै जान लागे । आम्दानी मनग्गे भए पछि उनी खुशी हुँदै आफ्नो ऋण विस्तारै समयमा किस्ता बुझाउँदै आफ्नो घर खर्च टार्दै अगाडि बढिरहेका थिए । त्यो देखेर छर छिमेक, साथीभाई विस्तारै माया गर्दै नजिकिदै जान्छन् ।

संस्थाबाट बर्षमा ३ पटकसम्म ऋण लिएका छवि समयमै किस्ता बुझाउने र नियमति बचत गर्ने गर्न थाले पछि सहकारीको साधारण सभामा उनी सम्मानित भए । सबै सदस्य चकित परे । सबैले हेला गरेका छवि सबको हाईहाई हुदै बधाईका पात्र बने । उनले पनि बिचार गर्दै जान्छन्  "छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी" भन्ने उखान वास्तवमा आज मेरो जीवनमा मेल खाँदैछ भन्ने सम्झेर भोलि पल्टै सहकारी सस्थाको कार्यालय गएर वास्तवमै सहकारीले मेरो जीवन परिवर्तन गर्न खेलेको अविष्मरणीय भूमिका प्रति म आभारी छु । मेरा आफन्तसँग फर्काएर ल्याउन सफल बनाई दिने पनि सहकारी नै हो । मेरो आय श्रोत बृद्धि गराएर खर्च गर्न पुऱ्याउने तथा बचत गर्न सिकाउने पनि सहकारी नै हो भन्ने कुरा उनले गरेको सुनेर सहकारी कर्मचारी मित्रहरु पनि साह्रै हर्षित भई वास्तवमा हामीले त्यो दिन गरेको सहकारी शिक्षा कार्यक्रमले ठूलो काम गरेको महशुस गर्दै आगामी दिनहरु पनि हामीले सहकारी शिक्षा गाउँ-गाउँ, टोल-टोलसम्म पुऱ्याउनु पर्छ भन्ने दृढ संकल्प गऱ्यौं ।

छवीको जीवन परिवर्तन केवल एक व्यक्तिको सफलता थिएन, त्यो सहकारीको सही शिक्षा, सही मार्ग दर्शन र सही अवसरले मानिसको जीवन कति बदल्न सक्छ भन्ने जीवित उदाहरण थियो ।

त्यस दिन पछि छवी सहकारीको सक्रिय सदस्य मात्र रहेनन्, उनी स्वयं सहकारीको अभियान कर्ता बने । जहाँ-जहाँ सहकारी शिक्षा कार्यक्रम हुन्थ्यो, त्यहाँ आफ्नो जीवनको वास्तविक कथा सुनाउँदै युवाहरुलाई कुलतबाट टाढा रहन, नियमित बचत गर्न, सीप सिक्न र स्वदेशमै आत्म निर्भर बन्न प्रेरित गर्न थाले ।

उनी प्रायः भन्ने गर्थे – विदेशले मलाई पैसा कमाउन सिकायो, तर सहकारीले मलाई पैसा जोगाउन, लगानी गर्न र सम्मानका साथ बाँच्न सिकायो ।

समयसँगै उनले खसी बाखा व्यवसाय जिल्लाकै नमुना व्यवसायको रुपमा परिचित बने । केही बर्षमै उनले आफ्नै फर्म स्थापना गरे, अरु युवालाई रोजगारी दिए र आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिलाउन सफल भए । एक समय गाउँलेले बेवास्ता गर्ने छवीलाई आज सबैले सम्मानका साथ छवी दाई भनेर सम्बोधन गर्न थाले ।

सहकारीको वार्षिक साधारण सभामा उत्कृष्ट उद्यमी सदस्यको रुपमा सम्मानित हुँदै उनले भावुक भएर भने :– एक दिन म यस्तो अवस्थामा थिँएकी कसैले पनि मेरो कुरा सुन्न चाँहदैन थिए । तर सहकारीले मलाई सम्मान दियो, विश्वास दियो, अवसर दियो । यही विश्वासले मेरो जीवन फेरियो । आज म जहाँ छु, त्यसको आधार सहकारी शिक्षा, बचतको बानी र सही समयमा पाएको ऋण हो । कार्यक्रममा उपस्थित सबै सदस्यका आँखा रसाए । सहकारीका सञ्चालक, कर्मचारी र सदस्यहरुले एउटै निश्कर्ष निकाले ।

सहकारी केवल बचत र ऋणको कारोबार गर्ने संस्था होइन, यो त मानिसको जीवन परिवर्तन गर्ने विद्यालय हो ।

त्यस पछि संस्थाले प्रत्येक वर्ष अझ बढि गाउँमा सहकारी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, कुलतमा फसेका युवालाई उद्यमशीलतामा जोड्ने र आर्थिक रुपमा कमजोर परिवारलाई आत्मानिर्भर बनाउने अभियानलाई अझ प्रभावकारी बनाउने निर्णय गऱ्यो ।

❀

**स्तरीकरण प्रतिक**

७१ देखि ८० प्रतिशत

६० देखि ७० प्रतिशत

८१ प्रतिशत देखि माथि

सफलताको कथा

# सहकारीले खोलिदिएको समृद्धिको बाटो

"सहकारीले मलाई केवल ऋण मात्र दिएन, आत्मविश्वास, सीप र भविष्यप्रतिको भरोसा पनि दियो। आज मैले पाएको सफलता सहकारीको साथ, आफ्नै मेहनत र निरन्तर लगनशीलताको परिणाम हो।"



**नाम : यसोधा कार्की**
**ठेगाना :इन्द्रसरोवर-५, फाखेल, चौकीटोल**
**सदस्य नं. : ८१**
**सदस्यता मिति : २०६५/०३/१६ गते**

जिल्ला मकवानपुर साबिक फाखेल गा.बि.स.वडा न.८ हाल इन्द्रसरोवर गाउपालिका वडा न.५मा स्थायी बसोबास गर्न वर्ष ५१ को म यसोधा कार्की संस्थाको स.न.८१ मिति २०६५ असार १६ गते मितेरी साकोसको सदस्यता प्राप्त गरि कारोवार गर्दै आएको छु । १९ वर्षअघिदेखि नै समूहमा लागेर बचत गर्ने र ऋण कारोबारमा समेत सहभागी हुँदै आउने क्रममा आफू मात्र बचत र ऋण कारोबारमा संलग्न नभई अन्य धेरै दिदीबहिनीलाई पनि सदस्यता दिलाउन अनुरोध गर्दै सहकारी मार्फत पेशा व्यवसाय सञ्चालन गर्न र आत्मानिर्भर हुन प्रेरित समेत गरिरहेको छु । समुहमा बस्न अनुरोध गर्दै धेरै जनाको सहभागितामा समुह परिचालन हुँदा संस्था र आफू स्वयमलाई समेत सहयोग मिल्ने र कार्यक्रमहरु प्रभावकारी हुने गर्दछ ।

मितेरी साकोसको दक्षिणकाली बचत समुहमा आबद्ध भई कारोवार संचालन गर्नु अघि साहु महाजन र साथीभाईसँग सरसापटी लिएर घरायसी प्रयोजनकै लागि भनेर भैसी किनेको र खाएर बचेको केही बेच्ने पनि गर्दथे । यसो गर्दा जीविकोपार्जन त हुन्थ्यो तर तर साहूको ऋण तिर्ने पैसा जम्मा हुन सक्दैनथ्यो । जसो तसो ऋण तिर्ने पैसा जोहो गऱ्यो तर चर्को व्याज सहित फिर्ता गर्न बाध्य भइन्थ्यो । विक्रम संवत् २०६४/०६५ सालमा मितेरी युवा क्लबबाट श्री मितेरी बचत तथा ऋण सहाकारी संस्था स्थापना भयो र संस्थाको सदस्य बनि सस्तो ब्याजदरमा २०६५ सालमा जम्मा रु.२१०००। ऋण लिएर अर्को भैसी थपे र पशुपालन संगै कृषि खेतीमा पनि लगानी गरे बन्दा, काउली, अकबरे खुर्सानी, मुला आदि थोरै थोरै उत्पादन गर्दै बचत जम्मा गर्न थाले र भैंसी पालन संग संगै ४,५ वटा बाखा पालन पनि गर्न थाले त्यो पहिलेको कठिन समयमा मितेरी सहकारीले धेरै सहयोग गरे र हाल अहिले मितेरी सहकारी बाट नै ऋण लिई कृषि तथा पशुपालन गर्दै छोरा छोरी लाइ राम्रो शिक्षा हासिल गर्न २ तले पक्कि ढलान घर बनाउन सफल भएको छु । यदि त्यो बेलामा सहकारी न भइदेको भए आज मैले न छोरा छोरीलाइ राम्रो शिक्षा दिन सक्थे न दैनिकी धान्न नै, यो अवसरले अन्य अवसरको ढोका खोल्यो । अर्थात यसपछि अन्य समुदायका धेरै सेयर सदस्यसँग भेटघाट गर्ने, उनीहरूका कुरा सुन्ने, व्यावहारिक बन्ने उनीहरुले गरेका क्रियाकलाप हरुको विषयमा थाहा पाउन अवसर मिल्यो । यस्तो भेटघाट र छलफलबाट प्राप्त हुने ज्ञान र सिकाइ आफ्ना प्रगतिका लागि मात्र हैन, समुदायको प्रगतिका लागि पनि निकै फलदायी सावित भएका छन् ।

आर्थिक वृद्धिका लागि तरकारी खेती निशुल्क, पशु पालन व्यवसाय सञ्चालन आदि जस्ता विषयमा परामर्श दिइन्थ्यो सहकारीमार्फत । यस्ता काममा सक्रियपूर्वक लाग्न सके आफ्नो थैली बलियो हुने र कसैले हेप्न नसक्ने बताइन्थ्यो । अरूलाई बताउने तर आफू भने नगर्ने कुरा कत्ति पनि सुहाउँदैनथ्यो । त्यसैले आफैलाई पनि केही गर्नुपर्छ भन्ने हुटहुटी लागिरह्यो । यसबाट निकै सन्तुष्टि मिलेको छ र सबै दिदीबहिनीले यस्तै व्यवसाय/उद्यम गर्नुपर्छ भन्ने उदाहरणसमेत भएको मानिन्छ । सहकारीको डकुमेन्ट्री २०७९ मा पनि व्यवसायिक कृषि तथा पशुपालनको उदाहरणको रुपमा मेरो कथा समेटिएको थियो ।

आफूले सिकेका कुरा यसरी बताइदिने गरेको, कृषि तथा पशु पालनसम्बन्धी तालिम लिई व्यवसाय गर्न सफल भएको, स्थानीय स्तरमा निर्धक्कसाथ आफ्नो तर्कसहितको निर्णय गर्ने भूमिका बनाउन सकेको, वित्तीय व्यवस्थापनका विषयमा सचेत रहन सकेको, आफू मात्र नभई टोल/छिमेकका र सहकारीका दिदीबहिनीलाई समेत आर्थिक व्यवस्थापन कसरी गर्ने भन्नेबारे जानकारी गराउन सकेकोमा गर्भ महसुस गर्दछु साथै मलाई यो स्थानसम्म ल्याउन मद्धत गर्ने मितरी साकोस परिवारलाई समेत धन्यवाद दिन चाहन्छु ।

# हाम्रा पाठ्यक्रमहरू

**बागमती प्रोस्कूनको पाठ्यक्रममा आधारित तालिम कार्यक्रमहरू**

- **१५ सत्र** — सहकारीमा आन्तरिक अनुपालना निगरानी (ICMP) कार्यक्रम — ४ दिन
- **१२ सत्र** — युवाको लागि वित्तीय शिक्षा — ३ दिन
- **१२ सत्र** — गरिबी विरुद्धको वित्तीय शिक्षा — ३ दिन
- **१५ सत्र** — सबैको लागि वित्तीय शिक्षा — ४ दिन
- **१८ सत्र** — सहकारीमा ऋण व्यवस्थापन तालिम — ३ दिन
- **१२ सत्र** — साकोस व्यवस्थापक क्षमता विकास तालिम — ३ दिन
- **१२ सत्र** — रणनीतिक व्यवसायिक योजना निर्माण तालिम — ३ दिन
- **१२ सत्र** — संगठनात्मक विकास तालिम — ३ दिन
- **१२ सत्र** — गहन नेतृत्व विकास तालिम — ३ दिन
- **८ सत्र** — सहकारी सेवा संस्कार रूपान्तरण तालिम — २ दिन
- **४ सत्र** — बैठकदेखि निर्णयसम्म Meeting to Minute तालिम — १ दिन
- **निरन्तर** — CEO Clinic सक्षमता विकास कार्यक्रम — १२ दिन



# Bagmati PROSCUN A to Z Services

## एकै संघबाट सबै सेवामा बागमती प्रोस्कूनको प्रयास



Awards & honors program
पुरस्कार र सम्मान कार्यक्रम



Big Amalgamation campaign for sustainable cooperative network
दिगो सहकारी सञ्जालका लागि वृहत एकीकरण अभियान



CEO Clinic
प्रमुख कार्यकारी अधिकृत चिकित्सालय



DO "Fit and Proper Person Test"
योग्य र उपयुक्त व्यक्ति परीक्षण



Entrepreneurship Development Program (EDP)
उद्यमशीलता विकास कार्यक्रम



Financial Literacy Program
वित्तीय साक्षरता कार्यक्रम



Good Governance Promotion through the Federation
संघ मार्फत सुशासन प्रवर्द्धन



Human Resource Development Program
मानव श्रोत विकास कार्यक्रम



Internal Commercialization Program
आन्तरिक व्यवसायीकरण कार्यक्रम



Joint program with Regulatory body & Government
नियमक तथा सरकारसँगको संयुक्त कार्यक्रम



Knowledge development through the Library (e-library with audio visual)
पुस्तकालय मार्फत ज्ञान विकास (प्रविधीमा आधारित श्रव्यदृश्य सहित)



Lobbying & Advocacy with Regulator & Governments
नियामक र सरकार सँग बहस र पैरवी



Mentorship for Members
सदस्यका लागि मार्गदर्शन



Network cooperation and Collaboration
सञ्जाल सहकार्य र साझेदारी कार्यक्रम (संघसंस्था साझेदारी)



Occupational Skills Development Program
व्यवसायिक सीप विकास कार्यक्रम



PROSCUN Partnership Program
प्रोस्कून साझेदारी कार्यक्रम



Quality Assurance Program
गुणस्तर सुनिश्चिता कार्यक्रम



Rapid rescue from disasters
विपतीमा शीघ्र उद्धार कार्यक्रम



Social responsibility of Cooperatives
सहकारीमा सामाजिक उत्तरदायित्व



Training and Education
तालिम तथा शिक्षा कार्यक्रम



Unification Program
एकरूपता प्रणाली कार्यक्रम



Visit For Cooperative Worthy Education
योग्य सहकारी शिक्षाको लागि भ्रमण कार्यक्रम



Whole-life Security of Co-operative Member
सहकारी सदस्यको आजिवन जीवन सुरक्षा कार्यक्रम



(X)Genial culture development from cooperative
सहकारी मार्फत सत्कारपूर्ण संस्कृतिको विकास



Youth and women participation and leadership development
युवा तथा महिला सहभागिता र नेतृत्व विकास



Zero hour with PROSCUN
प्रोस्कूनसंग शुन्य समय


**केन्द्रीय कार्यालय:**

बनेपा-७, काभ्रेपलाञ्चोक
०११-६६५३६८
bagmatiproscun@gmail.com

**काठमाडौं सेवा कार्यालय:**

काठमाडौं-३१, मिनभवन
०१-५०११४६५
proscunbaneshwor@gmail.com